USAID
अमेरिकी जनताबाट

NDI
NATIONAL DEMOCRATIC INSTITUTE FOR INTERNATIONAL AFFAIRS

# राजनीतिक पार्टीको आन्तरिक सुधारको प्रश्न





# A QUESTION OF INTERNAL POLITICAL PARTY REFORM

# राजनीतिक पार्टीको आन्तरिक सुधारको प्रश्न

# Acknowledgements

The National Democratic Institute for International Affairs Nepal (NDI) is deeply indebted to a large number of key individuals without whose assistance and support this booklet would not have been possible. First of all, we are particularly grateful to all the Nepali and international writers who have given their valuable time in providing such insightful opinions in this publication. We would also like to thank Square Services for their translation support, JB Biswokarma for his role as the Nepali language copy-editor, Chandra Prajapati in his role as designer and Multi Graphics Press Pvt. Ltd. for publishing this volume.

Within the NDI family, we would like to thank the Director of Political Party Programs at NDI DC, Birgitta Ohlsson, for her continuous encouragement and support in helping to ensure that this initiative came to fruition. Within the NDI Nepal team, we would like to thank Senior Program Assistant Archana Subedi and former Senior Program Assistant Sudip Bikram Karki for their invaluable support in the administrative processes required in putting this edition together. We would also like to thank Intern Wricha Sharma Uprety for her proofreading assistance. Finally, we would like to thank NDI Nepal Senior Country Director Deborah Healy and Political Party Program Director Dan Redford for their overall guidance and support in ensuring this project got 'over the line'.

Shreya Paudel
Senior Program Officer and Booklet Editor
NDI Nepal
Kathmandu

November 2021



# धन्यवाद

नेशनल डेमोक्रेटिक इन्स्टिच्युट फर ईन्टरनेशनल अफेयर्स नेपाल (एनडीआई) धेरैजनालाई धन्यवाद दिन चाहन्छ किनभने उहाँहरूको सहयोगबिना यस पुस्तिकाको प्रकाशन गर्न सम्भव थिएन । सबैभन्दा पहिले, यो प्रकाशनका लागि आफ्नो अमूल्य समय दिएर महत्वपूर्ण विचारसहितको लेख प्रदान गरिदिनु हुने सबै नेपाल र विदेशका लेखकहरूप्रति हामी कृतज्ञ छौं । यसैगरी, हामी अनुवाद गर्ने स्क्वायर सर्भिसेस र नेपाली भाषा सम्पादन गरिदिनु भएकोमा जेबी विश्वकर्मालाई धन्यवाद दिन चाहन्छौं । त्यस्तै, यो पुस्तिकाको डिजाइन गरिदिनु हुने चन्द्र प्रजापति र छपाईका लागि मल्टी ग्राफिक्स प्रेस प्राइभेट लिमिटेडलाई धन्यवाद प्रदान गर्दछौं ।

यसैगरी, हामी निरन्तर प्रेरणा र सहयोगका लागि एनडीआई डिसीका राजनीतिक पार्टी कार्यक्रम निर्देशक बर्गिता ओहल्सनलाई धन्यवाद दिन चाहन्छौं । यो पुस्तिका प्रकाशनका क्रममा प्रशासनिक कार्यसम्पादनमा अमूल्य सहयोग पुऱ्याउनु हुने एनडीआई नेपालका वरिष्ठ कार्यक्रम सहयोगी अर्चना सुवेदी र पूर्व वरिष्ठ कार्यक्रम सहयोगी सुदिप बिक्रम कार्की धन्यवादका पात्र हुनुहुन्छ । त्यस्तै, प्रुफरिड गर्नमा सहयोग गरिदिनु भएकोमा इर्न्टन ऋचा शर्मा उप्रेतीलाई धन्यवाद दिन्छौं । अन्त्यमा, यो पुस्तिका प्रकाशनका लागि मार्गदर्शन र निरन्तर सहयोग प्रदान गर्नुहुने एनडीआई नेपालका वरिष्ठ आवाशीय निर्देशक डेब्राह हीलि र राजनीतिक पार्टी कार्यक्रम निर्देशक ड्यान रेड्फर्डलाई हामी हार्दिक धन्यवाद दिन चाहन्छौं ।

श्रेय पौडेल
वरिष्ठ कार्यक्रम अधिकृत तथा सम्पादक
एनडीआई नेपाल
काठमाण्डौ

नोभेम्बर २०२१

# Disclaimer

This publication is made possible by the support of the American people through the United States Agency for International Development (USAID) under Award No. AID-367-LA-17-00001. The contents of this publication are the sole responsibility of NDI and do not necessarily reflect the views of USAID or the United States Government.

NDI is a non-profit, nonpartisan, nongovernmental organization that has supported democratic institutions and practices in every region of the world for more than two decades. Since its founding in 1983, NDI and its local partners have worked to establish and strengthen political and civic organizations, safeguard elections and promote citizen participation, openness and accountability in government.

**Copyright:** National Democratic Institute for International Affairs 2021. All rights reserved. Portions of this work may be reproduced and or translated for non-commercial purposes provided NDI is acknowledged as the source of the material and is sent copies of any translation.

The opinions expressed here in are those of the author(s) and do not necessarily reflect the views of NDI.

**Address:**
National Democratic Institute for International Affairs (NDI)
Continental Center, 4th Floor, Uttar Dhoka Sadak, Gairidhara-2,
Kathmandu, Nepal
G.P.O. 8975, E.P.C 4129
Tel: (+977) (1) 4442079, Fax: (+977) (1) 4442079



# द्रष्टव्य

यस प्रकाशन अमेरीकी जनताको सहयोगबाट अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अवार्ड नम्बर एआइडी–३६७–LA–१७–०००01 अन्तर्गत सम्भव भएको हो । यस प्रकाशनभित्रका विषयवस्तु र सामग्री एनडिआईका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारलाई प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन।

नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट (एनडिआई) एक मुनाफा रहित गैर-सरकारी तथस्ट संस्था हो जसले विश्वभर रहेका लोकतान्त्रिक संस्था र अभ्यासहरूलाई बिगत दुई दशकभन्दा लामो समयदेखि सहयोग गर्दै आएको छ । सन् १९९३ मा एनडीआईको स्थापना भएदेखि नै एनडिआई र यसका स्थानीय साझेदारहरूले राजनीतिक र नागरिक संस्थाहरूको स्थापना र सबलीकरण गर्ने, चुनावी प्रक्रियाको संरक्षण गर्ने र सरकारमा नागरिक सहभागिता, खुल्लापन र जवाफदेहिता बढाउने काम गर्दै आइरहेका छन् ।

**प्रतिलिपि अधिकारः** सबै अधिकारहरू नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट फर ईन्टरनेशनल अफेयर्स २०२१ मा सुरक्षित रहेका छन् । यस प्रकाशनका केही अंशहरू पुनः उत्पादन गर्न वा गैर–नाफामुलक उद्देश्यका लागि अनुवाद गर्न सकिनेछ तर यसका लागि एनडिआईलाई स्रोतका रूपमा उल्लेख गरी कुनै अनुवाद गरिएमा त्यसको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

यहाँ व्यक्त गरिएका विचारहरू लेखकका निजी हुन् र तिनले एनडिआईको विचार प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन ।

**ठेगाना :**
नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट फर ईन्टरनेशनल अफेयर्स (एनडिआई)
कन्टिनेन्टल सेन्टर, चौथो तल्ला, उत्तरढोका सडक, गैरीधारा–२,
काठमाण्डौ, नेपाल
जि.पि.ओ. ८९७५, इ.पि.सि. ४१२९
सम्पर्क नम्बरः (+९७७) (१) ४४४२०७९, फ्याासः (+९७७) (१) ४४४२०७९

# Foreword

Namaste.

I am pleased to share with you 'A Question of Internal Political Party Reform,' a booklet exploring the sometimes contentious issue of internal political party reform, which is the latest in a series of publications from the National Democratic Institute (NDI) Nepal. This booklet is an initiative of the USAID funded Niti Sambad ('Policy Dialogue') project. Niti Sambad contributes to USAID/Nepal's goal of helping to advance a more democratic and resilient Nepal by helping to support all democratic institutions and by further strengthening political, social, and economic inclusion.

Through this and other publications, NDI Nepal aims to help make policy analysis more publicly accessible, thereby cementing linkages between citizens and elected representatives. The overarching aim is to examine how policies made in government and political parties directly affect citizens and, in regard to this publication, to provide a platform for Nepali and international political party practitioners to put forward original as well as thought-provoking essays on internal party reform.

The 13 articles contained in this publication aim to provide valuable insights on how the issue of internal party reform is being treated and addressed. In particular, the booklet covers issues including reform in electoral systems within political parties; raising issues of women and marginalized communities in parties; training and education processes in parties; and experiences of international practitioners relevant to Nepal.

The introduction of a federal constitution requires political parties to anchor their own structures in a more democratic, open, and pluralistic manner, allowing more party members at the provincial and local level to exercise a higher degree of decision-making authority in their parties. However, the institutional practices of political parties in Nepal remain largely centralized



# प्रस्तावना

नमस्ते ।

राजनीतिक पार्टीको आन्तरिक सुधारको सवाल कहिलेकाँही विवादास्पद मुद्दा बन्ने गरेको छ । यसै सन्दर्भमा बृहत राजनीतिक बहसका लागि नेशनल डेमोक्रेटिक इन्स्टिच्युट (एनडीआई), नेपालबाट 'राजनीतिक पार्टीको आन्तरिक सुधारको प्रश्न' विषयक एउटा नयाँ पुस्तिका प्रकाशन गरी यहाँहरूसमक्ष ल्याउन पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ । यो पुस्तिका युएसएआईडीको आर्थिक सहयोगमा सञ्चालित नीति संवाद परियाजनाको एउटा प्रकाशन हो । सबै किसिमका प्रजातान्त्रिक संस्थालाई सहयोग उपलब्ध गराएर राजनीतिक, सामाजिक र आर्थिक समावेशीकरणलाई थप सुदृढ बनाउँदै लोकतान्त्रिक नेपाल निर्माणमा सहयोग पुऱ्याउने युएसएआईडी नेपालको लक्ष्य प्राप्तिका लागि नीति संवादले योगदान पुऱ्याउँछ ।

एनडीआई नेपालले यो र यस्तै अन्य प्रकाशनमार्फत सार्वजनिक नीतिसम्बन्धी विश्लेषण गर्ने र ती विश्लेषणलाई सार्वजनिक पहुँचसम्म पुऱ्याएर नागरिक र निर्वाचित प्रतिनिधिबीचको सम्बन्ध थप बलियो बनाउने लक्ष्य लिएको छ । यो प्रकाशनको मुख्य उद्देश्य सरकार र राजनीतिक दलले बनाएका नीतिले कसरी नागरिकलाई प्रत्यक्षरूपमा असर पार्छ भन्ने कुराको मूल्याङ्कन गर्नु पनि हो । यसैगरी पार्टीको आन्तरिक सुधारबारे नेपाल र अन्य देशका राजनीतिक अभ्यासकर्ताका मौलिक र विचारपरक लेखलाई एउटै संग्रहमा संग्रहित गरी पाठकमाझ पुऱ्याउनु पनि यो प्रकाशनको उद्देश्य हो ।

यस पुस्तिकामा समेटिएका तेह्रओटा लेखहरू समावेश गरिएका छन् । ती लेखमा आन्तरिक पार्टी सुधारको मुद्दालाई कसरी लिने गरिएको छ र सम्बोधन गरिएको छ भन्ने विषयमा गम्भीर विचार सम्प्रेषण भएका छन् । विशेषगरी यस पुस्तिकामा राजनीतिक दलभित्रको निर्वाचन प्रणालीमा आवश्यक सुधारका साथै ती पार्टीमा महिला र सीमान्तकृत समुदायका उठाउनु पर्ने सरोकार, पार्टीका प्रशिक्षण प्रक्रियाका साथै नेपाललाई सान्दर्भिक हुन सक्ने अन्तर्राष्ट्रिय राजनीतिक अभ्यासकर्ताको अनुभव समेटिएको छ ।

नेपालमा संघीय संविधान लागु भए पश्चात राजनीतिक पार्टीहरूले आफ्ना संरचनालाई अरू लोकतान्त्रिक, खुला र बहुलवादी ढङ्गले सञ्चालन गर्न

with many of the key decisions still being taken by a fairly small cadre of senior leaders.

Instead of being viewed as a 'threat,' the introduction of further internal reform measures within political parties should be seen as a real opportunity for political parties. Simply put, increasing the opportunities for women, youth, people from different marginalized communities, individuals with disabilities, and the LGBTQI+ community to participate in internal democratic forums will enable political parties to produce more inclusive and citizen centric policy making, also serving to widen the party's electoral base. In this respect, the introduction of internal party reform initiatives should be seen as a 'win-win.'

During the course of the Niti Sambad project, NDI has frequently received requests from political party representatives for guidance on this important subject, underscoring the appetite among the public and political practitioners to discuss political party reform. In this respect, we hope this publication makes a timely and important contribution to the enduring debate about the ongoing internal development of political parties in Nepal.

I hope you will enjoy reading this publication.

**Manpreet Singh Anand**
**Regional Director**
**Asia-Pacific**
**National Democratic Institute for International Affairs**

**November 2021**



आवश्यक छ । यसो हुँदा, प्रदेश र स्थानीयस्तरका पार्टी सदस्यहरूले पार्टीभित्र उच्च तहका निर्णय गर्ने अधिकार प्राप्त गर्छन् । यद्यपि, नेपालमा राजनीतिक दलहरूको संस्थागत अभ्यास भने धेरै हदसम्म केन्द्रीकृत छ र पार्टीको मुख्य निर्णय अझै पनि सानो समूहका वरिष्ठ नेताहरूले गर्छन् ।

राजनीतिक दलमा गरिने आन्तरिक सुधारको प्रयासलाई 'खतरा'को रूपमा हेर्नुको सट्टा यसलाई एउटा वास्तविक अवसरको रूपमा हेरिनुपर्छ । राजनीतिक पार्टीले आफ्ना लोकतान्त्रिक मञ्चमा महिला, युवा, विभिन्न सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्ति र यौनिक तथा लैङ्गिक अल्पसंख्यक (एलजीबीटीक्यूआई प्लस)को सहभागिताको अवसर बढाउँदा समावेशी र नागरिक केन्द्रित नीति-निर्माण हुने सम्भावना बढ्छ । त्यसैले पार्टीको आन्तरिक सुधारको पहललाई सबै पक्षको जीतको रूपमा हेरिनु आवश्यक छ ।

नीति संवाद परियोजना सञ्चालनका क्रममा एनडीआईलाई राजनीतिक दलका प्रतिनिधिले पार्टीको आन्तरिक सुधार विषयमा छलफल गराउन सहयोग गरिदिन निरन्तर आग्रह गर्नुभएको थियो । ती आग्रहहरूसंगै, यस विषय पक्कै पनि थप छलफलका लागि महत्वपूर्ण रहेछ भन्ने हाम्रो बुझाइ रह्यो । यस सन्दर्भमा प्रकाशित यो पुस्तिकाले नेपालमा राजनीतिक दलको आन्तरिक विकासबारे चलिरहेको बहसमा समय सान्दर्भिक र महत्वपूर्ण योगदान गर्नेछ भन्ने हामीले आशा गरेका छौं ।

यस पुस्तिका पढेर तपाईं खुशी हुनु हुनेछ भन्ने अपेक्षा गरेको छु ।

मनप्रीत सिंह आनन्द
क्षेत्रीय निर्देशक
एशिया-प्रशान्त
नेशनल डेमोक्रेटिक इन्स्टिच्युट फर ईन्टरनेशनल अफेयर्स

नोभेम्बर २०२१

# Introduction

**"Anything that keeps a politician humble is healthy for democracy."**

– Irish proverb

Political parties are key actors in a dynamic democratic environment. They are expected to fight elections, develop policies, communicate with voters, raise funds, manage public expectations and implement a legislative agenda. This is a challenging list of expectations for any institution. To survive and also thrive, parties must be responsive to opportunities for growth otherwise the changes that are a natural part of their surroundings will see them left behind.

Internal party democracy is characterized by transparent, accountable and inclusive rules, organization and processes. When applied, these ideals can bring real benefits to political parties. Parties that are focused on transparency, accountability and inclusion tend to be better run and can source and access more resources. Open and inclusive structures allow parties to run competitive campaigns, attract a broad base of staff and volunteers and expand support for the party, ultimately leading to electoral success.

A political party with an internal democratic culture will be able to involve members in a variety of activities and decision-making. Members who have a grasp of a party's platform, rules and processes are invaluable advocates for candidates and policies, as well as internal resources as activists, trainers, organizers and donors. Parties that engage their members tend to be better connected to voters and, therefore, more aware of public concerns. This connection provides the best possible research any party could have in knowing about voter priorities.

Political parties also have a key role to play in the seamless democratic transition of power between different parties after each set of elections. However, to promote democracy in their country, parties must be able to



# परिचय

**"राजनीतिकर्मीलाई बिनम्र बनाउने कुनै पनि कुरा लोकतन्त्रका लागि फलदायी हुन्छ ।"**

- आइरिश उखान

राजनीतिक दलहरू गतिशील लोकतान्त्रिक वातावरणको मुख्य पात्रहरू हुन् । मूलतः राजनीतिक दलबाट निर्वाचनमा प्रतिस्पर्धा गर्ने, नीति-निर्माण गर्ने, मतदातासँग संवाद गर्ने, कोष सङ्कलन गर्ने, सार्वजनिक अपेक्षाको व्यवस्थापन गर्ने र विधायकी व्यवस्थाको कार्यान्वयन गर्ने काम अपेक्षा गरिन्छ । यो कुनै पनि संगठनका लागि चुनौतीपूर्ण काम पनि हो । राजनीतिक दलहरू आफ्नो अस्तित्व कायम राख्न र उपलब्ध अवसरमार्फत सफलता हात पार्न सदैव सकारात्मक रहनुपर्छ । यदि त्यसो गर्न नसकेमा अपेक्षित परिवर्तनको बहाबले ती दललाई स्वभाविक रूपमा पछाडि पारिदिन्छ ।

पार्टीमा अभ्यास हुने पारदर्शिता, जवाफदेहीताका साथै समावेशी नीति-नियम, संगठन र सांगठनिक प्रक्रियाले पार्टीको आन्तरिक लोकतन्त्रको चित्रण गर्दछ । यी नीति-नियमको कार्यान्वयन भएको खण्डमा राजनीतिक पार्टीले वास्तविक फाइदा लिन सक्छन् । पारदर्शीता, जवाफदेहीता र समावेशीतालाई आत्मसात गर्ने राजनीतिक पार्टीहरू सामान्यतया प्रभावकारी रूपमा सञ्चालित हुन्छन् । यस्ता पार्टीले विभिन्न स्रोतमाथि पहुँच स्थापित गर्ने अपेक्षा गर्न सकिन्छ । खुला र समावेशी संरचनाले पार्टीहरूलाई प्रतिस्पर्धात्मक अभियान सञ्चालन गर्न, विभिन्न तहका कर्मचारी एवं स्वयम्सेवकलाई पार्टीप्रति आकर्षित गर्न, पार्टीको पक्षमा सथर्मन बिस्तार गर्न र अन्ततः निर्वाचन सफलता हासिल गर्न पनि सहयोग गर्दछ ।

आन्तरिकरूपमा लोकतान्त्रिक संस्कृति भएको राजनीतिक पार्टीले सदस्यलाई विभिन्न गतिविधिका साथै निर्णय प्रक्रियामा सहभागी गराउँछ । पार्टीको नीति, कार्यक्रम, नियम र प्रक्रियाबारे जानकार सदस्यहरू पार्टीको नीति र उमेद्वारका प्रभावकारी प्रबर्तक हुन् भने उनीहरू कार्यकर्ता, प्रशिक्षक, संगठनकर्ता र दाता आदि भूमिका निर्वाह गर्ने पार्टीको आन्तरिक स्रोत पनि हुन् । आफ्ना सदस्यलाई पार्टीको काममा क्रियाशील राख्ने पार्टीको मतदातासँग पनि राम्रो सम्बन्ध स्थापित हुन्छ भन्ने विश्वास गरिन्छ । त्यस्ता पार्टीहरू सार्वजनिक सरोकारको विषयबारे पनि बढी सचेत हुन्छन् । यस्ता

practice democracy themselves. After all, if parties cannot practice democratic values in their internal structures, how can they do so when they enter government? That is why parties have a responsibility to practice democratic principles within their institutions.

This publication raises some key issues from a Nepali and international perspective. In particular, some of the topics raised include how internal party reforms can act as 'safety nets' to prevent political parties from sliding into undemocratic practices; how attracting youth into political parties is important for parties to be electorally successful; how shifting party resources from the center to the local level will help to further strengthen a more active membership base; how the principle of internal party democracy can be revived for the benefit of all party members; and how the introduction of various internal party reform mechanisms will help to increase the participation and representation of women, youth and different marginalized communities.

While we do not claim this publication is a diktat to the political parties in Nepal or a panacea to increase internal party democracy, we do hope the articles will ignite conversations on how the political parties in Nepal can inwardly reflect on their structures to help broaden their electoral appeal.

**Deborah Healy**
**Senior Country Director**
**NDI Nepal**

**November 2021**



सम्बन्धलाई कुनै पनि पार्टीले मतदाताका प्राथमिकताबारे बुझ्ने एउटा उत्तम अनुसन्धानका रूपमा पनि लिन सकिन्छ ।

निर्वाचन सम्पन्न भइसकेपछिको अवस्थामा विभिन्न राजनीतिक दलबीच निर्वाधरूपमा शक्तिको हस्तान्तरण गरिनुपर्छ । यसका लागि राजनीतिक दलले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । देशमा लोकतन्त्र प्रबर्द्धन गर्न मूलतः पार्टीहरूले आफैं लोकतान्त्रिक अभ्यास गर्न सक्नु पर्छ । यदि पार्टीहरूले आन्तरिक संरचनामा लोकतान्त्रिक अभ्यास गर्न सकेनन् भने सरकारमा पुग्दा पनि ती पार्टीहरूले लोकतन्त्रको प्रबर्द्धन गर्न सक्दैनन् । त्यसकारण आन्तरिक संरचनाभित्र लोकतान्त्रिक सिद्धान्तको अभ्यास गर्नु राजनीतिक पार्टीहरूको जिम्मेवारी हो ।

यस प्रकाशनले नेपाली र अन्तराष्ट्रिय दृष्टिकोणबाट केही महत्वपूर्ण सवाल उठाएको छ । पुस्तिकामा समावेश लेखहरूले उठान गरेका केही विषयहरू यस प्रकार छन्: पार्टीहरूलाई अलोकतान्त्रिक हुनबाट बचाउन आन्तरिक सुधारको आवश्यकता; निर्वाचनमा सफलताका लागि युवालाई पार्टीमा आकर्षित गर्नुको महत्व; पार्टीको स्रोत-साधन केन्द्रिय तहबाट स्थानीय तहलाई हस्तान्तरण गर्दा कार्यकर्ताहरूमा सक्रियता बढ्ने तथ्य; सबै पार्टी कार्यकर्तालाई सबलीकरण गर्न आन्तरिक लोकतन्त्रको भूमिका; र, आन्तरिक लोकतन्त्रका विविध पक्षहरू लागू गर्नाले महिला, युवा र विभिन्न सीमान्तकृत समुदायको प्रतिनिधित्व र सहभागिता बढ्ने अवस्था ।

यस प्रकाशनले नेपालका राजनीतिक दलहरूलाई निर्देशित गर्छ वा आन्तरिक पार्टीको लोकतन्त्र अभिबृद्धि गर्ने काम गर्छ भनेर हामी दाबी गर्दैनौं । बरू यी लेखहरूमार्फत नेपालका राजनीतिक पार्टीहरूले आफ्ना आन्तरिक संरचनालाई व्यवस्थित गर्दै, मतदातामाझ आफ्नो आकर्षणलाई वृद्धि गर्ने विषयको छलफललाई सहयोग हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

डेब्राह हीलि
वरिष्ठ आवाशीय निर्देशक
एनडिआई नेपाल

नोभेम्बर २०२१

# List of Contributors

**Birgitta Ohlsson (Sweden)**
Birgitta currently serves as the National Democratic Institute's Director of Political Party programs. She entered political life in 1999 when she was elected president of Liberal Youth of Sweden. From 2002 to 2018, she was elected as a member of the Swedish Parliament, serving in numerous leadership roles, including in the Committee on Foreign Affairs and as spokesperson. From 2010 to 2014, she was the Swedish Minister for European Affairs and Democracy Issues.

**Arta Dade (Albania)**
Arta is an Albanian parliamentarian who has served five mandates since 1997. During her political career, she has served as Minister of Foreign Affairs, the first woman to be appointed in this role, as well as Minister of Culture. She is currently the chairperson of the parliament's Foreign Affairs Committee.

**Anupa Shrestha (Nepal)**
Anupa is a Central Committee Member of the Bibeksheel Sajha Party. She holds a Master's degree in Mass Communications and Journalism.

**Binu Subedi (Nepal)**
Binu has been a political journalist since 2006, working for various print, radio and television outlets. She is currently the editor of the online news portal Nepalkhabar.com.

**Corien Jonker (The Netherlands)**
Corien is a former member of the Dutch Parliament and has been a member of the parliamentary assemblies of the Council of Europe and OSCE. In more recent times, she has led numerous OSCE/ODIHR Election Observation Missions.

**Dolma Tamang (Nepal)**
Dolma is a Central Committee Member of the Nepal Women's Association of Nepali Congress (NC). She is a member of NC's Central Policy, Research and Training Academy and serves as coordinator on its government and NGO committee.



# लेखकहरू

**बर्गिता ओहल्सन (स्वीडेन)**
बर्गिता नेशनल डेमोक्रेटिक इन्स्टिच्यूटको राजनीतिक पार्टी कार्यक्रमको निर्देशकको रूपमा कार्यरत हुनुहुन्छ । सन् १९९९ मा स्वीडेनको लीबरल युथको अध्यक्षमा निर्वाचित भएपछि उहाँको राजनीति आरम्भ भएको थियो । सन् २००२ देखि २०१८ सम्म उहाँ स्वीडेनको संसद सदस्य निर्वाचित हुनुभयो र विभिन्न नेतृत्वदायी भूमिकामा क्रियाशील रहँदै पार्टीको प्रवक्ता र परराष्ट्र समितिमा रहेर काम गर्नुभयो । उहाँ सन् २०१० देखि २०१४ सम्म युरोपेली मामिला र लोकतान्त्रिक सवालका लागि स्वीडीस मन्त्री हुनुहुन्थ्यो ।

**आर्ता डाडे (अल्बानिया)**
आर्ता सन् १९९७ देखि पाँच कार्यकालसम्म अल्बेनिया संसदको सदस्य हुनुभयो । आफ्नो राजनीतिक जीवनमा उहाँले अल्बानियाको पहिलो महिला परराष्ट्र मन्त्री तथा संस्कृति मन्त्री भएर जिम्मेवारी सम्हाल्नु भयो । हाल उहाँ संसदको वैदेशिक सम्बन्ध समितिका अध्यक्षको भूमिकामा रहनुभएको छ।

**अनुपा श्रेष्ठ (नेपाल)**
अनुपा विवेकशील साझा पार्टीको केन्द्रीय समितिको सदस्य हुनुहुन्छ । उहाँले आमसञ्चार र पत्रकारितामा स्नातकोत्तर गर्नुभएको छ ।

**बिनु सुवेदी (नेपाल)**
बिनु सन् २००६ बाट राजनीतिक पत्रकारको भूमिकामा त्रियाशील हुनुहुन्छ । पत्रकारिताकै क्रममा उहाँ विभिन्न प्रकाशन, रेडियो र टेलिभिजन च्यानलमा पनि आबद्ध हुँदै आउनु भएको छ । अहिले उहाँ अनलाइन समाचार पोर्टल 'नेपालखबरडटकम'को सम्पादक हुनुहुन्छ ।

**कोरिन यन्कर, (नेदरल्याण्ड्स)**
कोरिन डच संसदको पूर्वसदस्य हुनुहुन्छ । उहाँले युरोपेली परिषद् र ओएससीईको संसदीयसभा सदस्यको भूमिका पनि निर्वाह गर्नुभएको छ । पछिल्लो समय उहाँले थुप्रै ओएससीई/ओडिआईएचआर निर्वाचन पर्यवेक्षण मिसनहरूको नेतृत्व गर्नुभएको छ ।

**डोल्मा तामाङ (नेपाल)**
डोल्मा नेपाली कांग्रेससम्बद्ध नेपाल महिला संघको केन्द्रिय सदस्य हुनुहुन्छ । उहाँ नेपाली कांग्रेसको केन्द्रिय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको सदस्यका साथै सरकारी तथा गैरसरकारी संस्थासम्बन्धी समितिको संयोजक पनि हुनुहुन्छ ।

**Johan Hamels (Belgium)**
Johan is a founder member of the Green Party in Belgium, serving in various executive roles, including Secretary General. He has served as NDI's Country Director in Bangladesh and parliamentary program director in Croatia as well as being a regular consultant on other NDI programs across the world.

**Kalpana Dhamala (Nepal)**
Kalpana is a central committee member of the CPN (Maoist-Center) and Head of its Health Department. She was previously federal Minister of Science and Technology.

**Rita Sah (Nepal)**
Rita is an opinion writer who regularly conducts research regarding Madhesi and womens rights. She is also an executive member of Beyond Beijing Committee and a member of the Inter-Generational Feminist Forum.

**Robert Evans (UK)**
Robert was elected as a member of the European Parliament from 1994 to 2009 and was Chair of the European Parliamentary Labor Party. During his career, he has been the Chief of two international election observation mission in Pakistan and Cambodia respectively. Since 2013, he has been a county councilor in Surrey, England.

**Roman Jakič (Slovenia)**
Roman was elected to parliament for four mandates between 1990 and 2013, serving as Chair of the Foreign Affairs Committee. He has also served as a member of the European Parliament from 2000 to 2004. His last government role was as Minister of Defense from 2011 to 2013.

**Sandra Houston (Canada)**
Sandra is Executive Director of the New Democratic Party (NDP) Opposition Caucus in the Province of Alberta, Canada. Previous to this, she has served as the Deputy Chief of Staff for the Premiers' Office in the Government of British Columbia and Executive Director for the NDP in Nova Scotia. In addition, she previously was Senior Country Director for NDI in Pakistan.

**Sumitra BC (Nepal)**
Sumitra is a member of the National Assembly of Nepal and also National Council member of the CPN (Unified Marxist-Leninist). She is also the Secretary of All Nepal Women's Association's central committee.



**योहान हामल्स (बेल्जियम)**
योहान बेल्जियमको ग्रीन पार्टीको संस्थापक सदस्य हुनुहुन्छ । यही क्रममा उहाँले पार्टीको महासचिवजस्तो कार्यकारी जिम्मेवारी सम्हाली सक्नुभएको छ । उहाँले बंगलादेशमा एनडिआईको आवाशीय निर्देशक, क्रोएशियामा संसदीय कार्यक्रम निर्देशकको भूमिका पनि निर्वाह गर्नुभएको छ । साथै, उहाँ एनडिआईको संसारभरीका कार्यक्रमहरूमा नियमित विशेषज्ञका रूपमा कार्यरत हुनुहुन्छ ।

**कल्पना धमला (नेपाल)**
कल्पना नेकपा (माओवादी-केन्द्र) को केन्द्रिय समिति सदस्यका साथै पार्टीको स्वास्थ्य विभाग प्रमुख हुनुहुन्छ । उहाँले संघीय सरकारमा विज्ञान तथा प्रविधि मन्त्रीको रूपमा समेत काम गरिसक्नु भएको छ ।

**रीता साह (नेपाल)**
रीता पत्रपत्रिकामा लेखहरू लेख्नुहुन्छ । उहाँले मधेसी, महिला र सिमान्तीकृत समुदायका अधिकारको विषयमा थुप्रै अध्ययन र अनुसन्धान गर्नुभएको छ । उहाँ बियोन्ड बेजिङ कमिटीको कार्यकारी सदस्य र अन्तरपुस्ता नारीवादी मञ्चको सदस्य पनि हुनुहुन्छ ।

**रोबर्ट एभन्स (संयुक्त अधिराज्य)**
रोबर्ट सन् १९९४ देखि २००९ सम्म युरोपेली संसदमा निर्वाचित हुनुभएको थियो । उहाँ युरोपेली संसदमा लेबर पार्टीको संसदीय दलको प्रमुख पनि हुनुहुन्थ्यो । पाकिस्तान र क्याम्बोडियाको निर्वाचन पर्यवेक्षणका क्रममा उहाँले अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण मिसनको प्रमुखको जिम्मेवारी सम्हाल्नु भएको थियो । सन् २०१३ यता उहाँ इङ्गल्याण्डको सरेमा काउन्टी काउन्सिलरको भूमिकामा हुनुहुन्छ ।

**रोमन याकिच (स्लोभेनीया)**
रोमन सन् १९९० देखि २०१३ सम्म संसदमा चार कार्यकाल निर्वाचित हुनुभएको थियो । यसैगरी उहाँले संसदमा वैदेशिक मामिला समितिको अध्यक्षको जिम्मेवारीमा रहेर काम गर्नुभयो । यसका साथै सन् २००० देखि २००४ सम्म उहाँले युरोपेली संसदको सदस्यको भूमिकामा रहेर सेवा गर्नुभयो । सन् २०११ देखि २०१३ सम्म उहाँ रक्षामन्त्रीको जिम्मेवारीमा हुनुहुन्थ्यो ।

**सान्ड्रा ह्युस्टन, (क्यानाडा)**
सान्ड्रा क्यानाडाको अल्बर्टा प्रदेशको न्यू डेमोक्रेटिक पार्टी (एनडिपी) ककशको कार्यकारी निर्देशक हुनुहुन्छ, जुन प्रतिपक्षीको भूमिकामा छ । यसभन्दा अघि, उहाँ ब्रिटिश कोलम्बिया सरकारको प्रिमियर्स कार्यालयको कर्मचारीका उप-प्रमुखको जिम्मेवारीमा हुनुहुन्थ्यो । उहाँले नोभा स्कटियामा एनडिपीको कार्यकारी निर्देशकको जिम्मेवारी सम्हाल्न भएको छ भने पाकिस्तानमा एनडिआईको वरिष्ठ आवाशीय निर्देशक हुनुहुन्थ्यो ।

**सुमित्रा बिसी (नेपाल)**
सुमित्रा राष्ट्रियसभा सदस्य र नेकपा (एमाले)को राष्ट्रिय परिषद् सदस्य हुनुहुन्छ । उहाँ अखिल नेपाल महिला संघको केन्द्रिय समितिको सचिव पनि हुनुहुन्छ ।

# Contents


Be a Junkiri - not an Animated Dream 22
■ Birgitta Ohlsson

Safeguards for Internal Party Democracy 36
■ Arta Dade

Youth Leadership in Political Parties 46
■ Anupa Shrestha

Internal Democracy in Political Parties 58
■ Binu Subedi

Internal Party Reform: The Importance of Gender Equality 70
■ Corien Jonker

Democracy and Governance within Political Parties 84
■ Dolma Tamang

End the Resource Monopoly of National Parties:
Investing in Local Politicians 94
■ Johan Hamels

The Condition of Internal Party Democracy in Nepal 106
■ Kalpana Dhamala

Empowering Marginalized Women in Nepali Political Parties 118
■ Rita Sah

How 'One Member, One Vote' Changed Party
Selections in Britain 132
■ Robert Evans

Internal Party Democracy in Southeastern Europe: A Case Study 148
■ Roman Jakič

Changing the Face of Regional Politics in Canada 164
■ Sandra Houston

Nepali Women's Movement: Struggles and Challenges 180
■ Sumitra B.C.


# विषयवस्तु


सिर्जित सपना होइन, जुनकिरी बनौं २३
■ बर्गिता ओहल्सन

दलको आन्तरिक लोकतन्त्र रक्षा ३७
■ आर्ता डाडे

राजनीतिक दलमा युवा नेतृत्व ४७
■ अनुपा श्रेष्ठ

राजनीतिक दलहरूभित्र आन्तरिक लोकतन्त्र ५९
■ बिनु सुवेदी

पार्टीमा आन्तरिक सुधार : लैङ्गिक समानताको महत्व ७१
■ कोरिन यन्कर

राजनीतिक दलभित्र लोकतन्त्र र शासन प्रणाली ८५
■ डोल्मा तामाङ

केन्द्रिय पार्टीको स्रोतसाधनमाथिको एकाधिकार रोक्नुहोस् -
स्थानीय राजनीतिकर्मीमा लगानी गर्नुहोस् ९५
■ योहान हामल्स

नेपालमा राजनीतिक दलभित्र लोकतन्त्रको अवस्था १०७
■ कल्पना धमला

नेपाली राजनीतिक दलमा सिमान्तकृत महिलाको सशक्तिकरण ११९
■ रीता साह

बेलायतमा 'एक सदस्य, एक मत'ले उमेद्वार छनौट
प्रक्रियामा ल्याएको परिवर्तन १३३
■ रोबर्ट एभन्स

दक्षिणपूर्वी युरोपमा आन्तरिक पार्टी लोकतन्त्र : एक अध्ययन १४९
■ रोमन याकिच

क्यानडामा क्षेत्रीय राजनीतिको परिवर्तित अनुहार १६५
■ सान्ड्रा ह्युस्टन

नेपाली महिला आन्दोलन : संघर्ष र चुनौती १८१
■ सुमित्रा बीसी



# Be a Junkiri - not an Animated Dream

■ Birgitta Ohlsson

*“If you can dream it, you can do it”*

# सिर्जित सपना होइन, जुनकिरी बनौं

■ बर्गिता ओहल्सन

*“यदि तपाईं सपना देख्न सक्नुहुन्छ भने पूरा गर्न सक्नुहुन्छ”*

Walt Disney's words and his famous ‘world of imagination’ has captured children’s imagination worldwide for almost a century. However, how can you really dream of it, when you've not seen it? Through decades, the world of Disney mirrored a world for just a few. Since the films ‘Snow White and the Seven Dwarfs’ came out in the late 1930s, there have been less than 20 animated features in which the main character was from another race. Of those, most of them have come from the past 25 years in films like ‘Pocahontas’, ‘Mulan’, ‘Moana’, ‘Jasmine’ and ‘Tiana’. Over the many decades of Walt Disney animation studios, there have been a few non-white main characters in its more than 60 movies with women often tending to be portrayed as princesses in urgent need of being saved by princes.

So, what has animated Disney movies to do with the world of international politics or politics in Nepal in particular? In short, and as in movies, a lack of diversity, lack of young people and lack of women is both a global phenomenon as well as a political problem. ‘See it, dream it’- then act, and not the opposite way around. Therefore, in this essay, I will primarily aim to focus on young politicians and young women in particular.

Once upon a time, I was one of them. When I turned 24, back in 1999, I was elected as the President of Liberal Youth of Sweden. I was the sixth female president of that organization and the first woman was already elected as President in 1945. We had a successful strategy, in Swedish identified as ‘samla, skola, slussa’, which means in English ‘to gather, educate and introduce young people to the political party that the youth organization was connected to’.

The political youth wing organizations in Scandinavia - with quite a lot of independence, acting as an ideological ‘watchdog’ and often with a fierce attitude criticizing the leadership of their respective parties - have been very successful in getting young people elected to parliament. Indeed, you can hardly find a government minister or even prime minister among the Nordic countries who does not have a background in the political youth wing organizations. And just maybe, they are also the reason behind the fact that countries like Norway, Sweden and Denmark are among the top ten countries with youth representation as currently 10 to 13 percent of parliamentarians in their countries are younger than 30 years old. And let us remember that the



वाल्ट डिज्नीको लोकप्रिय शब्दावली ‘परिकल्पनाको विश्व’ले करीब एक शताब्दी यता विश्वव्यापीरूपमा बालबालिकालाई आकर्षित गरेको छ । यद्यपि, देख्दै नदेखेको कुराको सपना तपाईंले वास्तवमै कसरी देख्न सक्नुहुन्छ ? दशकौं यता, डिज्नीको संसार केहीका लागि भने आम विश्वको प्रतिविम्ब साबित भएको छ । सन् १९३० को दशकको उत्तरार्धमा ‘स्नो ह्वाइट र सेभेन ड्वाफर्स’ सार्वजनिक भएपछि २० ओटा भन्दा थोरै अश्वेत मुख्य पात्र भएका कार्टुन चलचित्र निर्माण भएका छन् । त्यस्ता चलचित्रमध्ये पनि ‘पोकाहान्टास’, ‘मूलान’, ‘मोआना’, ‘जास्मीन’ र ‘टियाना’का जस्ता चलचित्र बिगतका २५ वर्षमा सार्वजनिक भएका हुन् । वाल्ट डिज्नी एनीमेसन स्टुडियो सुरु भएको धेरै दशकभित्र बनेका ६० भन्दा बढी चलचित्रमा केहीमा मात्रै अश्वेतलाई प्रमुख पात्रका रूपमा समावेश गरिएको छ । ती चलचित्रमा महिलालाई प्रायः राजकुमारले तत्काल बचाउनु पर्ने राजकुमारीका रूपमा चित्रण गरिएको थियो ।

यसै सन्दर्भमा, डिज्नी चलचित्रहरूको अन्तर्राष्ट्रिय राजनीति वा नेपाली राजनीतिसँग त्यस्तो के सम्बन्ध छ भन्ने प्रश्न उठ्न सक्छ । संक्षेपमा भन्दा चलचित्रमा देखिएजस्तै, विविधताको अभाव, युवाहरूको न्यून उपस्थिति र महिलाको कमजोर प्रतिनिधित्व विश्वव्यापी घटनाक्रम र राजनीतिक समस्या, दुवै हो । त्यसकारण यो लेखमा म प्राथमिकरूपमा युवा राजनीतिज्ञ र विशेष गरी महिला युवामा केन्द्रित भएको छु ।

कुनै समय म राजनीतिमा सक्रिय महिला युवा मध्येकै एकजना थिएँ । सन् १९९९ मा जब म २४ वर्षको भएँ, त्यतिबेला स्वीडेनको लीबरल युवा संगठनको अध्यक्षमा निर्वाचित भएको थिएँ । सन् १९४५ मा स्थापना भएको उक्त संगठनमा म छैंठौं महिला अध्यक्ष बनेको थिएँ । हामीसँग सफल रणनीति थियो, जसलाई स्वीडिस भाषामा ‘साम्ला, स्कोला, स्लूस्सा’ भनिन्छ । अंग्रेजी भाषामा यसको अर्थ ‘युवा संगठनमा आबद्ध युवालाई राजनीतिक दलमा संगठित गर्ने, शिक्षित तुल्याउने र राजनीतिक पार्टीमा परिचित गराउने’ भन्ने हुन्छ ।

स्कन्डिनेभियाका राजनीतिक युवा संगठन अधीक स्वतन्त्र हुन्छन् र यिनीहरूलाई सिद्धान्तको ‘पहरेदारी’ गर्ने संगठनको रूपमा लिइन्छ । उक्त संगठनहरू प्रायजसोः दलको नेतृत्वको कडा आलोचकका रूपमा उभिन्छन् र युवालाई विजयी गराएर अधीक मात्रामा संसदमा पुऱ्याउन सफल पनि भएका छन् । राजनीतिक युवा संगठनको पष्ठभूमि नभएका युवालाई प्रधानमन्त्री वा मन्त्रीको भूमिकामा नोर्डिक देशहरूमा देख्न मुश्किल पर्छ । त्यसैकारण सायद नर्वे, स्वीडेन र डेनमार्कजस्ता देश युवा प्रतिनिधित्वका सवालमा विश्वमै अब्बल छन् । यी देशहरू युवा प्रतिनिधित्वको सवालमा उत्कृष्ट मानिने विश्वका दश देशमध्ये हुन्, जहाँ हाल १० देखि १३ प्रतिशत सांसदहरू ३० वर्षभन्दा मुनिका छन् । अहिले

international average of parliamentarians younger than 30 is currently just 2.6 percent!

Even if 'one size does not fit all', it seems to be highly efficient as well as effective to organize young people in a 'school of democracy'. In fact, many young people in Scandinavia start their political activism at Junior High School. Although most of them never continue with a career in politics, they learn about democracy, values and society through this journey and some of them stay in the world of politics. For example, when I was 27 years old, I was elected for the first time to the Swedish parliament. By the age of 34, and highly pregnant I might add, I was appointed as Minister of European Affairs and Democracy. And before leaving the Government, I had even delivered one more daughter! Finally, by the time I had turned only 43, I had left parliament and started a new life outside of formal party politics. Yet, in most other countries, my political career – while being a woman, mother with small children and still quite young - would not even have seen the light of the day - if at all!

What a contrast to my own family history in the space of just two generations. My grandmother - called Betty - was born in 1912. She went to school for less than two years in total. As living in the countryside of northern Sweden was difficult, she was required to be a full-time worker at the local farm before she had even turned 10 years of age. In total, she went on to have eight grandchildren all of whom have studied at university. The same journey that many people all around the world now have the opportunity to enjoy every single day.

So, here are some 'Hard facts' from the world of global politics:

Following elections in 2020, the global proportion of women in parliament reached a record 25.5 percent, according to the IPU's latest Women in Parliament report. Yet, while progress has been steadily improving over the recent years, it is still embarrassingly slow. At the current rate of progress, it will take another 50 years before we will reach gender parity in parliaments worldwide.

And the situation is even worse in the higher ranks of political life. For instance, only 10 countries have a female Head of State, and just 13 countries



अन्तर्राष्ट्रियरूपमा ३० वर्षभन्दा कम उमेरका सांसदहरूको प्रतिनिधित्व औसत २.६ प्रतिशत छ ।

एउटै चाबीले सबै ताला खोल्दैन भने झैं युवालाई संगठित गर्ने एउटै अभ्यास उपयुक्त नहुन सक्छ । यद्यपि, यस्तो अभ्यासका लागि 'लोकतन्त्रको विद्यालय' निकै प्रभावकारी साबित भएको छ । वास्तवमा स्कान्डेनेभियाका धेरै युवाले माध्यमिक विद्यालय स्तरबाटै राजनीतिक सक्रियता सुरु गरेका हुन्छन् । यीमध्ये धेरै युवा राजनीतिक क्षेत्रमै संलग्न पनि हुँदैनन् । तर, उनीहरूले विद्यालयस्तरबाटै लोकतान्त्रिक मूल्य र समाजबारे अध्ययन गर्छन् । उनीहरूमध्ये केही चाहिँ राजनीतिक क्षेत्रमै संलग्न हुन्छन् । उदाहरणका लागि म २७ वर्षको उमेरमै पहिलो पटक स्वीडिस संसदमा निर्वाचित भएँ । ३४ वर्षको उमेरमा मैले युरोपेली मामिला र लोकतन्त्र मन्त्रीको जिम्मेवारी प्राप्त गरेँ, त्यतिबेला म गर्भवती पनि थिएँ । सरकार छाड्नु पूर्व मैले अर्को एउटा छोरीलाई जन्म दिइसकेको थिएँ ! ४३ वर्षको हुँदा मैले संसद परित्याग गरी राजनीतिभन्दा बाहिरको जीवन आरम्भ गरिसकेको थिएँ । तथापि, अन्य देशको हकमा भने स-साना बालबच्चाको आमा र महिला भएका कारण मेरो राजनीतिक संलग्नता सार्थक हुने थिएन ।

मेरै परिवारको बिगतको चर्चा गर्दा दुई पुस्ताबीच ठूलो अन्तर देखा परेको थियो । मेरी हजुरआमा, बेट्टी सन् १९१२ मा जन्मिएकी थिइन् । उनी दुई वर्षभन्दा पनि कम समय मात्रै विद्यालय गइन् । उत्तरी स्वीडेनको गाउँमा बसोबास गर्न कठिन थियो, त्यसकारण १० वर्ष नपुग्दै मेरी हजुरआमा पूर्णरूपमा खेतबारीका काममा संलग्न हुनु परेको थियो । उनको जम्मा आठजना नाती-नातिनी थिए । तर, ती सबैले विश्वविद्यालय तहको शिक्षा हासिल गरे । यस्तै प्रकृतिको यात्रा दैनिक जीवनमा विश्वभरका धेरैले अनुभूत गर्दै आइरहेका छन् ।

यहाँ विश्व राजनीतिको केही महत्वपूर्ण तथ्य समावेश गरिएको छ :

आईपीयुको 'विमेन इन पार्लियामेन्ट' रिपोर्ट अनुसार सन् २०२० को निर्वाचनपछि विश्वव्यापीरूपमा संसदमा महिला उपस्थितिको अनुपात अहिलेसम्मकै उच्च अर्थात २५.५ प्रतिशत पुग्यो । बिगत केही वर्षदेखि महिला प्रतिनिधित्वमा थोरै प्रगति भइरहेको छ तर यो क्रम अत्यन्तै सुस्त गतिमा छ । महिला प्रतिनिधित्वको यो दरलाई आधार मान्ने हो भने विश्वभरि संसदमा महिलाको समान प्रतिनिधित्व पुग्न अर्को ५० वर्ष लाग्नेछ ।

राजनीतिको उच्च तहमा हेर्ने हो भने महिला प्रतिनिधित्वको अवस्था झनै कमजोर छ । विश्वभरका करीब १० देशमा मात्रै महिला राष्ट्र-प्रमुख छन् भने १३ देशका

have a woman as Head of Government. According to UN Women, it will take another 130 years for women to be equal to men in the highest positions of state. Therefore, the message to us all seems to be quite clear - political parties need to speed up the pace!

A mere 21 percent of government ministers are women in the world today who tend to be appointed to lead ministries traditionally associated with women such as the family, children, youth and elderly, social affairs, and gender equality affairs.

The global situation regarding young people in politics is also poor. With 50 percent of the world's population under 30, only 2.6 percent of the total number of MPs globally are younger than 30, which highlights the huge deficit in the political representation of young people worldwide. In fact, around 25 percent of the world's parliaments have no MPs under the age of 30 at all.

So, what about the situation in Nepal? According to the latest IPU report (published in March, 2021), Nepal is the only country in the region that has exceeded 30 percent women in parliament. And even if Nepal is overall sustaining a strong track record on women in parliament over the past decade, there is still room for improvement, especially regarding getting young people elected and represented in parliament.

**Nepal House of Representatives:**
0 percent MPs under 30;
5 percent MPs under 40 (86 percent women);
16 percent MPs under 45 (56 percent women).

**Nepal National Assembly:**
0 percent under 30;
1.72 percent under 40;
12 percent under 45 (29 percent women).

It is important to note that many steps have already been taken in Nepal. Back in 2015, Nepal was recognized for the impact of its amended constitution on youth participation and representation commitments. From this, came the establishment of a National Youth Council and a National



सरकार प्रमुख महिला छन् । युएन्‌विमेनका अनुसार उच्च राजनीतिक पदमा पुरुष समान महिलाको प्रतिनिधित्व पुग्नलाई अझै १ सय ३० वर्ष लाग्नेछ । यसले हामी सबैलाई एउटा प्रष्ट सन्देश दिएको छ – राजनीतिमा महिलाको समान प्रतिनिधित्व स्थापित गर्न दलहरूले थप गति बढाउन आवश्यक छ ।

यसरी मन्त्री बनेका महिलालाई पनि प्रायजसो : परम्परागतरूपमा महिलासम्बन्धी मन्त्रालयकै नेतृत्व दिने गरिएको छ । महिलाले प्राप्त गर्ने अधिकांश मन्त्रालय परिवार, बालबालिका, युवा र वृद्ध, सामाजिक मामिला, महिला र लैङ्गिक समानतासँग सम्बन्धित छन् ।

राजनीतिमा युवाको अवस्था विश्वव्यापी रूपमै कमजोर छ । विश्व जनसंख्याको ५० प्रतिशत जनसंख्या त ३० वर्षभन्दा कम उमेरका मानिसको छ । तर विश्वव्यापीरूपमा कूल सांसद संख्याको २.६ प्रतिशत मात्रै ३० वर्षभन्दा कम उमेरका छन् । यसले विश्वभरिनै राजनीतिक तहमा युवाको प्रतिनिधित्व न्यून रहेको स्पष्ट हुन्छ । वास्तवमा विश्वका करीब २५ प्रतिशत संसदमा ३० वर्ष मुनिका सांसद छैनन् ।

नेपालको अवस्था कस्तो छ त ? आइपीयू प्रतिवेदनअनुसार (सन् २०२१ मार्चमा प्रकाशन भएको) अनुसार नेपालमा ३० प्रतिशतभन्दा बढी महिला सांसद हुने यो क्षेत्रको एउटा मात्रै देश हो । केही दशक यता नेपालले संसदमा महिलाको सशक्त प्रतिनिधित्व कायम राखे पनि विशेषगरी युवालाई निर्वाचित गराएर संसदमा प्रतिनिधित्व गराउने सम्बन्धमा सुधार गर्ने प्रशस्त स्थान र सम्भावना छ ।

**नेपालको संघीय प्रतिनिधिसभा :**
३० वर्ष मुनिका सांसद ० प्रतिशत ।
४० वर्षभन्दा कम उमेरका सांसद ५ प्रतिशत (८६ प्रतिशत महिला) ।
४५ वर्षभन्दा कम उमेरका सांसद १६ प्रतिशत (५६ प्रतिशत महिला) ।

**नेपालको राष्ट्रियसभा :**
३० वर्षभन्दा कम सांसद ० प्रतिशत ।
४० वर्षभन्दा कम उमेरका सांसद १.७२ प्रतिशत ।
४५ वर्षभन्दा कम सांसदको संख्या १२ प्रतिशत (२९ प्रतिशत महिला) ।

राजनीतिमा युवा प्रतिनिधित्वका लागि नेपालमा धेरै प्रयास भएका छन् । सन् २०१५ मा नेपालले युवा प्रतिनिधित्व र सहभागिताका लागि गरेको प्रतिबद्धता कार्यान्वयनका लागि संविधान संशोधन गरेको थियो । यसैका आधारमा राष्ट्रिय युवा परिषद्‌को गठन गरिएको थियो भने राष्ट्रिय युवा नीति पनि निर्माण गरिएको थियो ।

Youth Policy. All these initiatives constituted crucial steps on the continued journey and peaceful transition to democracy. 'Bridging the divide' between young people and political parties inside and outside of the party certainly requires new strategies - both to recognize young people's legitimate concerns about formal institutions and the different ways they want to engage and for political parties to meet young people where they are.

So, let us start with the party's 'culture' as this will beat 'strategy' every single time. It does not matter how many progressive strategies a political party has if the political culture inside the organization is basically rotten. Many parties develop internal cultures that discourage engagement by new activists and members and/or other historically underrepresented communities, such as women and youth, by relying on outdated procedures, practices and personalized networks that everyone needs to follow. Sometimes, this is reflected in masculine gender norms that may create an often toxic environment, which will simply dismiss new ideas and innovations.

Not only is meaningful inclusion an essential element of democratic processes, representation and political integrity, but also increased diversity contributes to healthy, more successful parties. Additionally, women's political leadership delivers progress in policy areas that are vital for economic growth and improved quality of life – opportunities that are left behind when political parties do not prioritize and do not listen to women.

However, the meaningful and equal political representation of women in general, and young women and men in particular, is not only about how many women or younger candidates' parties put forward at election time. The most transformative commitment to ensure equality must go beyond just the selection of candidates. It requires gender equality within internal party structures too, including 'where' and 'how' a party makes decisions, how gender-sensitive policy proposals are developed and implemented and the allocation of resources.

A political party's nomination committee is an important feature in this process. This body should include a cross-section of the party (for example, women's and youth wing representatives), which are independent from party leadership pressures and given enough space and influence to recommend



लोकतन्त्रकतर्फको निरन्तर यात्रा र शान्तिपूर्ण रूपान्तरणमा यस्ता प्रयास महत्वपूर्ण साबित भएका थिए ।

दलभित्र र बाहिरका युवा र राजनीतिक दलबीचको 'दूरी कम गर्न' केही नयाँ प्रणालीहरू सुनिश्चित गरिनुपर्छ । यसका लागि युवाको वैधानिक सरोकार र सहभागी हुने वातावरण निर्माण गरिनुपर्छ । यसैगरी युवाको चाहनाअनुरूप उनीहरूसँग राजनीतिक दलले भेटघाट गर्ने र सम्पर्क बढाउने कुरालाई बोध गरी ती आवश्यकताका आधारमा नयाँ रणनीतिको निर्माण गर्नुपर्ने हुन्छ ।

यसका लागि दलको संस्कृतिबाट विषय आरम्भ गरौं किनभने संस्कृतिले सँधै रणनीतिलाई प्रभावित पार्छ । संस्कृति नै खराब छ भने कुनै पनि राजनीतिक दल, संगठन र कम्पनीले जति नै प्रगतिशील रणनीति निर्माण गरे पनि प्रगति हात पार्न सक्दैनन् । धेरैजसो राजनीतिक दलमा नयाँ कार्यकर्ता र सदस्य वा ऐतिहासिकरूपमा न्यून प्रतिनिधित्व भएका महिला र युवाजस्ता समूहको संलग्नतालाई निरूत्साहन गर्ने खालको आन्तरिक संस्कृतिको विकास भएका छन् । यही क्रममा सबैले अनुसरण गर्नै पर्ने गरी पुराना प्रक्रिया, अभ्यास र व्यक्तिगत सञ्जालमा निर्भरता कायम राखिएको छ । यस्तो खालको संस्कृति पुरुषप्रधान लैङ्गिक मान्यताले नयाँ विचार र सिर्जनालाई नजरअन्दाज गर्ने र दुषित् वातावरण निर्माण गर्ने अवस्थामा प्रतिविम्बित हुने गरेको छ ।

लोकतान्त्रिक प्रक्रियामा प्रतिनिधित्व र अर्थपूर्ण समावेशीकरण राजनीतिक निष्ठाको आधार हो । यसले स्वस्थ र सफल दलको निर्माणमा योगदान पुऱ्याउँछ । यसबाहेक महिला राजनीतिक नेतृत्वले नीतिगत क्षेत्रमा गर्ने प्रगतिले आर्थिक उन्नति र जीवनस्तर सुधारका लागि महत्वपूर्ण भमिका खेल्छ । राजनीतिक दलले महिलाको आवाज नसुन्दा र प्राथमिकतामा राख्न नसक्दा यस्ता अवसरहरू गुमाउन सक्छन् ।

तथापि, आमरूपमा महिला र विशेष गरी युवाको सार्थक र समान राजनीतिक प्रतिनिधित्व भनेको निर्वाचनको समयमा कतिजना महिला वा युवालाई उम्मेद्वारी दिइन्छ भन्ने प्रश्नमा मात्रै सीमित रहँदैन । मूलतः रूपान्तरणका लागि आवश्यक सशक्त प्रतिबद्धता उम्मेद्वारको चयनभन्दा गहन हुन्छ । यस अर्थमा "दलले कहाँ र कसरी निर्णय लिन्छन् ?" र "लैङ्गिक संवेदनशील नीतिगत प्रस्तावका साथै स्रोतको विनियोजन र कार्यान्वयन कसरी गर्छन् ?" भन्ने सवाल दलको आन्तरिक संरचनामा लैङ्गिक समानताको आवश्यकतासँग जोडिन्छ ।

दलको उमेद्वार मनोनयन समितिमा यो प्रक्रियाले महत्वपूर्ण अर्थ राख्छ । समितिमा पार्टीको सबै पक्ष (उदाहरणका लागि महिला र युवा संगठनको प्रतिनिधि) संलग्न गराउनु पर्छ । ती प्रतिनिधि दलको नेतृत्वको दबाबबाट मुक्त हुन्छन् र कुनै पदमा

candidates for office. Such bodies should also be appropriately resourced financially and in human capacity.

Yet, even if political parties are responsible for the change in terms of being more inclusive, open and diverse, you can never neglect the societal reforms on human rights and attitudes that need to happen. In other words, girls should be in school and not get 'married off' as brides. In Nepal, 41 percent of women aged 20 to 24 are married before they turn 18 years of age. Indeed, Nepal has the third highest child marriage prevalence in the whole of South Asia.

Yet, everything starts in school and Nepal has definitely made significant and impressive progress in expanding learning opportunities for children. Since 1990, primary school enrollment rates have increased by one-third - from 64 to 96 percent today, actually with near gender parity as well. Of course, the earthquake in 2015 has had a negative impact on this development.

It is also important to highlight the role of education and importance of 'role models' to look up to as some 44 percent of the teachers at primary schools in Nepal are women. And teachers in every society and culture are seen as the eternal symbol of making every child blossom, reach their full potential, learn from mistakes and develop their own independent character and personality. As written by the Nepali writer Parijat (real name was Bishnu Kumari Waiba) in her internationally respected book 'Shirishko Phool' ('Blue Mimosa'): "It (the flower) buds for itself, flowers for itself and falls as if accepting that it has to die, whether it fights with the bee or not. Why should it fall being wounded by a bee? It falls for itself. It falls by its own will."

Moreover, a few years ago, I read about a feminist library in Kathmandu initiated by an organization called 'Voice of Women Media'. The organization's manager Anita Karmacharya in one interview explained why they called the initiative junkiri (in English 'Firefly'). "A firefly is self-sufficient; it illuminates and the light works as a guide for others. If nothing else, the light is sufficient for its survival and identity".

## Conclusion

Therefore, with half the country's population in Nepal under the age of 25, the political landscape desperately needs to change. If a political party cannot



उम्मेद्वार सिफारिस गर्न पर्याप्त आधार र प्रभाव प्राप्त गरेका हुन्छन् । त्यस्ता समितिलाई आवश्यक आर्थिक र मानव क्षमताको दृष्टिबाट सुसज्जित गरिनु पर्दछ ।

राजनीतिक दलहरू थप समावेशी, खुला र विविधतायुक्त र परिवर्तनका लागि जिम्मेवार भएको अवस्थामा मानवअधिकार अनुकूल सामाजिक सुधार र हासिल गर्नुपर्ने उपलब्धीलाई उपेक्षा गर्न सकिन्न । किशोरीलाई सानै उमेरमा 'विवाह नगराई' विद्यालयमा भर्ना गरिदिनु पर्छ । नेपालमा २० देखि २४ वर्षका ४१ प्रतिशत महिलाको १८ वर्ष नपुग्दै विवाह हुन्छ । नेपाल दक्षिण एशियामा बाल विवाह उच्च हुनेमध्ये तेस्रो स्थानमा रहेको छ ।

यद्यपि, सबै कुरा विद्यालयबाट आरम्भ हुन्छ । नेपालले बालबालिकालाई सिक्ने अवसर प्रदान गर्न भने महत्वपूर्ण र प्रभावकारी भूमिका खेलेको छ । सन् १९९० पछि प्राथमिक शिक्षामा भर्नादर बढेर ६४ प्रतिशतबाट बढेर ९६ प्रतिशत पुगेको छ । यसैगरी वि.सं. २०७२ सालको भूकम्पले यसमा निश्चितरूपमा नकारात्मक प्रभाव पाऱ्यो ।

शिक्षा र प्रेरणादायी व्यक्तिको भूमिकामा जोड दिनु महत्वपूर्ण हुन्छ, जबकि नेपालमा प्राथमिक विद्यालयका ४४ प्रतिशत शिक्षक महिला छन् । कुनै पनि समाज र संस्कृतिमा प्रत्येक बालबालिका हुर्कने बढ्ने, पूर्ण सम्भावना प्राप्त गर्ने, गल्तीबाट सिक्ने, अझ प्रखररूपमा आफ्नै चरित्र, व्यक्तित्व र इच्छा विकास गर्ने क्रममा शिक्षकको निर्विवाद भूमिका रहन्छ भन्ने स्वीकार गरिन्छ । नेपाली साहित्यकार पारिजात (वास्तविक नाम विष्णु कुमारी वाइबा)ले अन्तर्राष्ट्रियरूपमा ख्याती प्राप्त पुस्तक 'शिरीषको फूल'मा लेखे जस्तै : "यो (फूल) आफैं कोपिला बन्छ, फूल आफैं फक्रन्छ र झर्छ, मर्छु भन्ने स्वीकार गरेर, मौरीसँग झगडा गरेर वा नगरिकन । मौरीबाट घाइते भएर किन झर्छ र ऊ ? यो आफ्नै लागि खस्छ । आफ्नै इच्छामा खस्छ ।"

केही वर्ष पहिले भ्वाइस अफ वुमन मिडिया नामक संस्थाले काठमाडौंमा नारीवादी पुस्तकालय सञ्चालन गरेको समाचार मैले पढैं । संस्थाका व्यवस्थापक अनिता कर्माचार्यले यो प्रयासलाई किन जुनकिरी भनियो भन्ने कुरा अन्तरर्वार्तामा स्पष्ट गरेकी छन् । "जुनकिरी आत्मनिर्भर हुन्छ, यो बल्छ र यसको प्रकाशले अरूलाई बाटो देखाउँछ । अरु केही नभए पनि यो प्रकाश उसको जीवन र पहिचानका लागि पर्याप्त हुन्छ ।"

## निष्कर्ष

नेपालको आधा जनसंख्या २५ वर्षभन्दा कम उमेरको भएकोले नेपालमा राजनीतिक परिवर्तन अत्यन्तै आवश्यक छ । आमरूपमा युवा जनसंख्या र विशेष गरेर युवा महिलालाई आकर्षण गर्न नसक्ने हो भने राजनीतिक दलको भविष्य रहन्न । आशा, सशक्तिकरण र उत्प्रेरणा जगाउने गरी प्रत्येक राजनीतिक दलले त्यस किसिमले

attract young people in general and young women in particular, they will likely have no future. Every political party should aim to be that ‘junkiri’ symbolizing hope, empowerment and inspiration. However, being the interesting party that glows in the darkness of night, requires more than just dreams. Instead, it requires real young women and men that have meaningful power, positions and platforms to show to others that they can do it.

So, my basic message to political parties in Nepal would be: “Be that junkiri - not an animated dream”.

## References


- https://english.onlinekhabar.com/junkiri-library-that-aims-at-illuminating-the-world-for-nepali-women.html
- https://www.usaid.gov/nepal/fact-sheets/education-program
- https://www.ipu.org/youth2021
- https://www.ipu.org/youth2021-PR
- https://tradingeconomics.com/nepal/literacy-rate-youth-female-percent-of-females-ages-15-24-wb-data.html
- https://nepal.unfpa.org/en/node/15217
- https://www.ipu.org/women-in-parliament-2020




‘जुनकिरी’ बन्ने लक्ष्य राख्नु पर्दछ । यद्यपि, रातको समयमा उज्यालो छर्ने आकर्षक दल बन्न, सपना मात्र पर्याप्त हुँदैनन् । बरु, युवाले ‘गर्न सक्छन्’ भन्ने आधार व्यवहारमा रूपान्तरित गर्न महिला र युवालाई शक्ति, पद र मञ्च उपलब्ध गराउन आवश्यक छ ।

त्यसकारण राजनीतिक दललाई मेरो आधारभूत सन्देश यस प्रकार छ : ‘सिर्जित सपना होइन, जुनकिरी बन्नुहोस् ।’

## सन्दर्भ सामाग्री


- https://english.onlinekhabar.com/junkiri-library-that-aims-at-illuminating-the-world-for-nepali-women.html
- https://www.usaid.gov/nepal/fact-sheets/education-program
- https://www.ipu.org/youth2021
- https://www.ipu.org/youth2021-PR
- https://tradingeconomics.com/nepal/literacy-rate-youth-female-percent-of-females-ages-15-24-wb-data.html
- https://nepal.unfpa.org/en/node/15217
- https://www.ipu.org/women-in-parliament-2020



# Safeguards for Internal Party Democracy

■ Arta Dade

# दलको आन्तरिक लोकतन्त्र रक्षा

■ आर्ता डाडे

Political parties are created to gather citizens who share the same political interests, draft and elaborate public policy and democratically compete for public office. Political parties also need to keep pace with current societal developments, bearing in mind the principle that ‘today is much more important than yesterday but less important than tomorrow’. Therefore, political parties must continue to make continuous efforts in order not to lose either the sense of novelty nor the positive political experiences of the past. For this purpose, parties need to organize their internal structures on the basis of the political program and party statute, which, of course, cannot be an aim in of itself. Indeed, both documents need to keep organically evolving to reflect internal reforms in the function of building greater internal democracy within a party. These documents also need to create safety instruments to protect the party from authoritarian leadership tendencies, which could otherwise serve to suffocate freedom of speech and democratic competition within the party, especially in countries with a more limited democratic culture.

In fact, such phenomena have been observed even in countries with well established democracies and long traditions in democracy, especially noting the rise of political populism in recent times. That is why democracy can never be taken for granted. Therefore, those who lead political parties need to work hard to protect this vital democratic tenet - and this must start within the political parties themselves. Indeed, it is said that the more internally democratic political parties are, the more democratic a society will become. In other words, the way parties conduct themselves internally will help to determine the way in which they will govern. That is why internal reforms within a party are a ‘must’ so that parties can keep pace with societal developments, updating their policies to respond to public expectations.

Political parties mobilize their members when in opposition while explaining their program, and they take decisions on implementing their programs when they gain office. Ideally, the discussion should start from the base to the highest structures, the decisions made either through a general vote or in the party congress with delegates elected by a general vote. Parties should also make efforts to establish ‘political space’ for qualified professionals with new ideas as well as youth who can be internally promoted. Yet, this should not be done simply on the basis of the personal will of the party leader. Instead, it should be achieved through an open and transparent process by respecting



राजनीतिक दलको स्थापना उस्तै राजनीतिक विचारधारा भएका जनतालाई एक ठाउँमा समेटेर सोहीअनुरूपका नीति-निर्माण गर्नका लागि गठन भएको हुन्छ । राजनीतिक दलहरू सामाजिक विकासको गतिअनुरूप क्रियाशील हुन आवश्यक छ । यस क्रममा दलहरूले 'वर्तमान बिगतभन्दा धेरै महत्वपूर्ण तर भविष्यभन्दा थोरै महत्वपूर्ण हुन्छ’ भन्ने सिद्धान्तलाई ध्यानमा राख्नुपर्छ । यसकारण राजनीतिक दलले नवीन विचार र बिगतका सकारात्मक अनुभव दुवैलाई गुमाउनु हुँदैन र राजनीतिक रूपान्तरणका लागि निरन्तर प्रयास जारी राख्नुपर्छ । यसका लागि, मूलतः राजनीतिक कार्यक्रम र पार्टीको विधानका आधारमा पार्टी सञ्चालन गर्नुपर्छ, यद्यपि यो मात्रै पार्टीको उद्देश्य नहुन सक्छ । यी दस्तावेजले समग्रमा दलभित्रको आन्तरिक लोकतन्त्रको निर्माण र सवलीकरणको सवाललाई समेट्नुपर्छ र वस्तुगत आवश्यकताका आधारमा निरन्तर सुधार गरिरहनु पर्छ । विशेषगरी सीमित लोकतान्त्रिक संस्कृति र कमजोर लोकतान्त्रिक संस्था भएका देशमा दलभित्र अभिव्यक्ति स्वतन्त्रता र लोकतान्त्रिक प्रतिस्पर्धालाई निषेध गर्ने गरेको पाइन्छ । यस्तो अधिनायकवादी प्रवृत्तिको नेतृत्वबाट दललाई सुरक्षित राख्न पनि आधारभूत दस्तावेजमा ती कुरा व्यवस्थित गर्नुपर्छ ।

सस्तो राजनीतिक लोकप्रियताको वृद्धिसँगै भर्खरै लोकतन्त्र विकसित हुँदै गरेका र लामो लोकतान्त्रिक परम्परा भएका देशमा समेत यस्ता समस्या देखिएका छन् । त्यसैले लोकतन्त्रलाई हल्का रूपमा लिन मिल्दैन । यसकारण राजनीतिक दलमा नेतृत्व वर्गले आधारभूत लोकतान्त्रिक मूल्यको संरक्षण गर्न आवश्यक छ । यस अभियान राजनीतिक पार्टी आफैंबाट सुरू हुनुपर्छ । राजनीतिक दल जति बढी आन्तरिक रूपमा लोकतान्त्रिक हुन्छन्, समाज पनि त्यति नै मात्रामा लोकतान्त्रिक हुन्छ भन्ने आधारभूत दाबी रहँदै आएको छ । यस अर्थमा, जसरी राजनीतिक दलले आन्तरिक लोकतन्त्रको अभ्यास गर्छन्, ती दल निर्वाचित भएपछि उनीहरूले सञ्चालन गर्ने शासन व्यवस्थामा पनि त्यसैको प्रतिबिम्ब देखाउँछन् भन्ने सहजै बुझ्न सकिन्छ । त्यसैले राजनीतिक दलले सार्वजनिक अपेक्षालाई सम्बोधन गर्न पार्टीको नीति अद्यावधिक गर्दै सामाजिक विकासक्रम अनुकूल बनाउन आवश्यक हुन्छ । यसका लागि आन्तरिक दलगत सुधार एउटा अनिवार्य शर्त हो ।

राजनीतिक दलहरूले विपक्षमा हुँदा पार्टी कार्यकर्ताहरूलाई आफ्ना कार्यक्रम बुझाउँदै संगठित गर्छन् भने, सरकारमा पुगेपछि ती कार्यक्रम लागु गर्न विभिन्न निर्णय लिन्छन् । यस्तो छलफल पार्टीको तल्लो तहबाट सुरू भएर माथिल्लो निकाय हुँदै राष्ट्रिय सम्मेलन वा महाधिवेशनबाट पार्टीको सदस्यका भोटको आधारमा निर्णय लिइन्छ । नयाँ विचार राख्ने योग्य र प्रभावशाली र व्यवसायिक व्यक्तिलाई पार्टीमा उपयुक्त स्थान दिनुपर्छ । यसका साथै राजनीतिक दलमा गुणात्मक र संख्यात्मक दुवै किसिमको वृद्धि हुने गरी युवालाई समेट्ने लक्ष्य अवलम्बन गर्नुपर्छ । तथापि, यो प्रयास नेतृत्वको चाहनाका आधारमा मात्रै अघि बढ्नु हुँदैन । बरू, खुल्ला

existing statutory norms or by introducing new norms, where party members willingly support the party program through sharing the same values. That is why party statutes and programs should be attractive especially to women and youth who have been hesitant to enter politics until now because of patriarchal attitudes, corruption, and nepotism, amongst other things.

Indeed, globally, the introduction of specialized expert commissions to contribute to the development of the party's program has been one of the key elements in the internal reform of many parties. Such commissions can be attached to the party's steering committee and also offer expertise to the parliamentary group too. Certainly, internal reforms are key to ensuring that parties can achieve its aims by developing organizational reforms relating to political party and campaign finance to avoid internal party corruption.

One of the key party reforms in the Socialist Party of Albania in recent times has been the introduction of changes in the way a party leader is elected. In fact, the implementation of this principle in electing local, regional and national party representatives has proven to be effective. However, the leap from election of the party chair by simply the central or steering committee to the election by the general vote of ordinary party members took a long time to evolve involving sometimes lengthy discussions, especially in the higher echelons of the party. Certainly, introducing this principle has helped to ensure that decision-making is brought closer to ordinary party members who now feel, at least relatively speaking, that their views count in terms of policy decision making and election of candidates for party and public office.

However, in order for this mechanism to have a lasting impact, it requires the appropriate logistics to be put in place (such as the membership list of the party and other relevant mechanisms to monitor and administer the election process) to create equal opportunities for all, as well as ways to address complaints when they are received. That being said, this method of electing the party chair can also create an overly strong party leader. So, that is why parties should introduce statutory norms so that any leader is held fully accountable by internal party forums as, after all, members require strong parties, not strong leaders!



र पारदर्शी प्रक्रियाबाट पार्टीको विधानमा उल्लेखित मान्यताकै आधारमा पार्टी सदस्यले पार्टी कार्यक्रमको स्वतःस्फूर्त समर्थन गर्ने वातावरण बनाइनुपर्छ । त्यसैले पार्टीका दस्तावेज र कार्यक्रमले महिला र युवालाई आकर्षित गर्ने प्रकृतिको हुनुपर्छ । यद्यपि, पितृसत्तात्मक सौँच, व्यापक भ्रष्टाचार, अनुचित प्रतिस्पर्धा, नातावादजस्ता विविध गलत प्रवृत्तिका कारण उनीहरू राजनीतिमा संलग्न हुन रूचाउँदैनन् ।

विश्वमा धेरै देशका अनुभवले पार्टी कार्यक्रमको विकासका लागि विशेषज्ञ समितिको अभ्यास पार्टीको आन्तरिक दलगत सुधारका लागि प्रभावकारी साबित भएको देखाएको छ । यस्ता समितिलाई दलको निर्देशक समितिमा संलग्न गराउन सकिन्छ, जसले दलको संसदीय समूहलाई समेत विशेषज्ञ सुझाब उपलब्ध गराउन सक्छ । आन्तरिक भ्रष्टाचार अन्त्य गर्न र साङ्गठनिक सुधारका साथै दलको आन्तरिक पार्टी सुधारको एउटा प्रमुख आधार हो । त्यस्तै, आन्तरिक भ्रष्टाचार अन्त्य गर्न र साङ्गठनिक सुधारका लागि दलको आन्तरिक सुधार एउटा प्रमुख आधार हो ।

अल्बेनियाको सोसलिस्ट पार्टीमा भएको एउटा प्रमुख राजनीतिक सुधार भनेको दलको नेता निर्वाचित गर्ने प्रक्रियामा गरिएको परिवर्तन थियो । यस परिवर्तनले स्थानीय तथा पार्टीको केन्द्रिय तहसम्म निर्वाचनलाई प्रभावकारी बनायो । यद्यपि, पार्टीको केन्द्रिय तहबाट निर्वाचित हुने प्रक्रियाबाट पार्टी सदस्यबाट निर्वाचित हुने प्रक्रियासम्म पुग्नका लागि निकै लामो समय लाग्यो । यो प्रक्रियामा विशेषगरी केन्द्रिय नेताहरूले गहन छलफल गरे । निश्चय नै यस्तो नयाँ निर्वाचन पद्धतीले निर्णय प्रक्रियामा सामान्य पार्टी कार्यकर्तालाई समेत समावेश गरायो । यसलाई कार्यकर्ताले आफ्ना विचारलाई पार्टीको निर्णय प्रक्रिया र आन्तरिक निर्वाचनमा अभ्यास गर्न पाउने महत्वपूर्ण व्यवस्थाका रूपमा लिए । यद्यपि, निर्वाचनले पार्टीको आवश्यकतालाई सम्बोधन गर्ने उपयुक्त विधि सुनिश्चित गर्न आवश्यक हुन्छ (उदाहरणका लागि दलका सदस्यको सूची र निर्वाचन प्रक्रिया अनुगमन र व्यवस्थापन गर्ने उपयुक्त संयन्त्र निर्माण गर्नुपर्छ) । यसरी पार्टीको अध्यक्ष निर्वाचित गर्ने पद्धतिले नेतृत्वलाई धेरै शक्तिशाली बनाउन सक्छ । त्यसकारण दलले नेतालाई जवाफदेही बनाउने वैधानिक विधिको समेत अवलम्बन गर्नु पर्ने हुन्छ किनभने पार्टी सदस्यलाई सशक्त नेता भन्दा सशक्त पार्टीको आवश्यकता पर्दछ ।

आम निर्वाचनमा विजयी हुँदासम्म पार्टीको नेतृत्व छनौटका लागि चुनाव नगर्ने दलहरू पनि छन् । दलको अध्यक्ष पदका लागि कोही प्रतिस्पर्धी नै नराखी एकै व्यक्ति वर्षौंसम्म पार्टीको नेता रहेको पनि देखिन्छ । यस्तो अवस्थाले पार्टीको आन्तरिक लोकतन्त्रलाई कमजोर तुल्याउँछ भने उक्त पार्टी सरकारमा गएको खण्डमा यस्तो निरङ्कुश प्रवृत्ति सरकारमा पनि देखिन सक्छ । त्यसकारण हरेक पार्टीले

As we know, there are political parties that do not hold elections for the leader as long as the party wins general elections. However, by getting rid of any electoral competition for the post of party leader, the same person may continue to lead the party without ever being re-elected for long periods of time. Such a scenario will only serve to weaken internal democracy within the party, creating the ground for authoritarian tendencies in public office should that party enter government. That is why it is important to every party to have properly laid out rules and regulations, agreed by the wider party structures, as to how and how often internal party elections should be held.

Indeed, such an authoritarian approach from a party leader can also discourage others from pursuing a possible career within the party and can deny legitimate opportunities for those persons who aspire to run for leader even if they think they possess the required capacities to do so. In this case, the party may need to introduce internal reforms to limit the mandates of party leaders. Certainly, parties should do what they can to protect themselves from such practices that may weaken the pluralistic values that democratic political parties should stand for. It is here where the party statutes need to safeguard the considerable degree of internal democracy achieved through reforms in past decades. In particular, the party needs to take care not to overlook harmful practices such as the suffocation of freedom of speech, lack of equal competition, and especially a disregard for gender equality and social inclusion.

Moving on, when a party wins elections and creates both the government and political majority inside parliament, it has to adapt itself for the new role avoiding the risk of behaving like a 'state party'. Here, it needs to be made clear where the borderlines are between the 'party' and the 'state'. In defective democracies, with low figures of economic development and where individuals depend largely on the state, it is quite common for party members and supporters to consider it an opportunity or even a right to receive employment when the party enters public office, especially when the public sector of the economy is almost always the only or certainly the predominant source of work. Even in these circumstances, every party has to exercise its role and this should not be disregarded by the government, especially as parties have an important and valuable role to play in scrutinizing government policy. It plays a sort of informal opposition within the party in the form of safeguarding the implementation of social and economic policies detailed



आफ्ना विधि-प्रक्रियालाई कार्यकर्ता तहबाटै पारित गराएर आन्तरिक चुनावको समय र प्रक्रिया तोक्नुपर्छ ।

नेतृत्वको यस्तो व्यवहारले दलभित्र केही उपलब्धी हासिल गर्ने सम्भावना देखेका पार्टीका कार्यकर्तालाई निरूत्साहित तुल्याउन सक्छ । क्षमता छ भन्ने विश्वासका बाबजुद नेता बन्ने आकांक्षा राख्ने त्यस्ता व्यक्तिहरू वैधानिक अवसरबाट बञ्चित हुन सक्छन् । त्यसैले पार्टीभित्र लोकतान्त्रिक मान्यता लागू गर्दै दलका नेताको अधिकार पनि सीमित गरिनुपर्छ । निश्चितरूपमा प्रतिगमन निम्त्याउने र लोकतान्त्रिक दल प्रतिबद्ध रहेका बहुलवादी मूल्य कमजोर तुल्याउने अभ्यासबाट पार्टीलाई सुरक्षित राख्न निरन्तर प्रयास गरिरहनु पर्छ । बिगतमा राजनीतिक दलले गरेका सुधारका विभिन्न प्रयत्नबाट प्राप्त एउटा तहको आन्तरिक लोकतन्त्रलाई पनि दलको विधानमै सुरक्षित गर्नुपर्छ । विशेषगरी अभिव्यक्ति स्वतन्त्रतामाथिको अवरोध, समान प्रतिस्पर्धाको अभाव र लैङ्गिक समानता एवं सामाजिक समावेशीकरणप्रतिको उपेक्षाजस्ता प्रतिकूल अभ्यास निराकरण गर्न दलले आवश्यक कदम चाल्नु पर्दछ ।

कुनै राजनीतिक दलले जब निर्वाचनमा सफलता हासिल गर्छ र संसदमा बहुमत प्राप्त गर्दै सरकार निर्माण गर्छ, त्यसपछि पार्टीलाई नयाँ भूमिका उपलब्ध हुन्छ । यस्तो अवस्थामा पार्टी पूर्णरूपमा 'सत्ता पक्षीय दल'को भूमिकामा परिवर्तित हुने जोखिममा हुन्छ । यस्तो खतराबाट पार्टी जोगिनु पर्छ । 'दल' र 'सत्ता'को सीमाबारे प्रष्ट हुनुपर्छ । आर्थिक विकास आँकडा न्यून रहेको कमजोर लोकतन्त्रमा मानिस मूलतः राज्यमा निर्भर रहन्छन् । दलले सार्वजनिक जिम्मेवारी हासिल गरेको अवस्थामा भने पार्टीका सदस्य तथा समर्थकहरूले रोजगारी प्राप्त गर्ने अवसर देख्नु स्वभाविक हुन्छ । विशेषगरी सार्वजनिक क्षेत्र रोजगारीको मुख्य स्रोत रहेको अवस्थामा उनीहरूले तिनै क्षेत्रमा रोजगारीको अपेक्षा गरेका हुन्छन् । यस्तो अवस्थामा पार्टीको सरकारले ती अपेक्षालाई सम्बोधन गर्न निरन्तररूपमा प्रभावकारी भूमिका निर्वाह गरिरहनु पर्छ वा पार्टीको भूमिकालाई कमजोर बनाउनु हुँदैन । सरकारको नीतिगत छलफलको सन्दर्भमा दलको प्रमुख भूमिका रहन्छ । सरकारको तर्फबाट सामाजिक-आर्थिक नीति-निर्माण गर्ने र कार्यान्वयनको सुनिश्चितता गर्न दलले सरकारकै एक किसिमको अनौपचारिक प्रतिपक्षीको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । शासन सञ्चालन गर्नु सबै पार्टी सदस्यको साझा जिम्मेवारी हो भन्ने कुरा राजनीतिक दलले सदस्यलाई जानकारी गराउनु पर्छ र सोहीअनुरूप उनीहरूलाई प्रतिबद्ध पनि बनाउनुपर्छ । यस्तो अभ्यास वैधानिक मान्यता र प्रचलित अभ्यासका आधारमा संसदीय समूहबाट गर्नुपर्छ । सांसदले काम गर्दा पार्टीको विधान र संसदीय नियमलाई पालना गर्नपर्छ भने र पार्टी सदस्य पनि आम मतदातासँग पनि निरन्तर सम्पर्कमा रहनुपर्छ । यसका साथै मतदाताले पनि सरकारको सहयोगी हुने र नीति-निर्माण गर्ने र कार्यान्वयनको निरन्तर अनुगमन गर्नुपर्छ ।

in government policy at election time. The party needs to keep members motivated and aware that governing is a shared responsibility among all members and not just the domain of a senior political elite. In the main, this can usually be best realized through statutory norms and established practices, through the parliamentary group, which functions on the basis of rules stemming from party statutes, and MPs who have to be in contact with the members as well as voters to exercise their role as government supporters and monitors of government policy.

In this context, the statutes of the party need to be reformed to normalize the role of the party, especially when the party is in government so as to avoid situations where government leaders appear to forget about the party, resulting in the party shrinking to low levels of public support due to creating disillusionment among members, which can often lead to subsequent electoral defeat. In addition, to further promote more women and youth to the leading positions, many political parties have introduced quotas for womens and youth positions. In addition, the electoral law in many countries guarantees that women have real chances for better parliamentary representation.

However, it is important to note that it has taken over two decades for Albania to pass from six to seven percent of women in the parliament to 38 percent in the last general elections on April 25, 2021 and 50% representation of women in municipal assemblies in the June 30, 2019 municipal elections. This was achieved by introducing and implementing mandatory rules in party statutes.

## Conclusion

Therefore, it is important for political parties to retain their inner cohesion or discipline without trying to strangle the rich diversity of ideas and capacities stemming from intellectual integrity and respect for democratic pluralism. When a party is in government for long periods, it risks being turned into a party with no ideology affiliation and/or it may lose it's identity primarily by engaging on the basis of patronage, clientelism and/or the advancement of personal business interests. Therefore, it is for these reasons that internal party reforms become irreplaceable 'safety nets' to protect political parties from sliding backwards into practices that serve to corrode the democratic spirit within the party so hard fought over in past years.



त्यसकारण दल सत्तासीन हुँदा नेताले दललाई बेवास्ता गर्ने नकारात्मक अभ्यासबाट पार्टी सदस्य र समर्थकलाई जोगाउनुपर्छ । पार्टीप्रति उनीहरूको मोहभङ्ग भएर निर्वाचन असफल हुने अवस्था आउनसक्छ, त्यसबाट जोगिनुपर्छ । पार्टी असाधारणरूपमा कमजोर हुने अवस्था आउन सक्छ, यस्तो अवस्थाबाट पार्टीलाई बचाउन पार्टी सत्तासीन हुँदा पनि पार्टीको जिम्मेवारी र भूमिकालाई विधानले निर्देशित गरेअनुसार नै सञ्चालन गर्नुपर्छ । यसका लागि संरचनागतरूपमै दलमा महिला र युवाको भूमिको सकेसम्म प्रबर्द्धन गरिनुपर्छ । पार्टीले महिला र युवालाई आरक्षणको व्यवस्था गरी निर्वाचनमा पनि छुट्टै सूची तयार पारेर सोहीअनुरूप उनीहरू निर्वाचित हुने वातावरण तयार पार्नुपर्छ । यसका अतिरिक्त निर्वाचन कानुनले नै महिलाको सहभागिमूलक प्रतिनिधित्व बढाउने कुराको सुनिश्चित गर्दछ ।

अल्बानियालाई संसदमा महिला सहभागिता ६/७ प्रतिशत थियो । सन् २०२१ अप्रिल २५ मा सम्पन्न आम निर्वाचनमा यो संख्या बढेर ३८ प्रतिशत पुग्यो । यसरी महिलाको सहभागीता यो अवस्थामा पुग्न करीब २० वर्ष लाग्यो । सन् २०१९ जुन ३० मा सम्पन्न नगरपालिकाको निर्वाचनबाट गठित नगर परिषद्मा भने महिलाको सहभागिता ५० प्रतिशत पुगेको छ । राजनीतिक दलको विधानमै महिला प्रतिनिधित्व सम्बन्धी बाध्यकारी व्यवस्था भएका कारण मात्रै यस्तो परिणाम हासिल गर्न सम्भव भएको हो । यसका लागि पार्टीले भूगोल र मतदान केन्द्रको आधारमा पार्टीको संगठन सुधारका साथै अन्य काम पनि गरेको थियो ।

## निष्कर्ष

विचारको विविधता र सामाजिक-राजनीतिक संवेदनशीलतालाई आघात नपुग्ने गरी, आन्तरिक दलगत अनुशासनलाई समेत सन्तुलनमा राख्दै पार्टीको आन्तरिक एकता कायम राख्नुपर्छ । यसबाट पार्टीमा राजनीतिक मूल्य-मान्यताको बृद्धि हुन्छ । यसैगरी बौद्धिक निष्ठाका कारण प्राप्त स्वतन्त्र क्षमता र लोकतान्त्रिक बहुलताप्रतिको सम्मानजस्ता कुराले दलको विकासमा टेवा पुर्‍याउँछ । यसका साथै लामो समय पार्टी सत्तासीन हुँदा उनीहरू विचारबिहीन हुने जोखिम पनि रहन्छ । यसका साथै पार्टीको संरक्षण र व्यक्तिगत व्यवासायिक स्वार्थ बढ्यो भने पार्टीले आफ्नो आधारभूत पहिचान समेत गुमाउन सक्छ । त्यसकारण यस्ता कुराबाट जोगिन सरकारमा रहँदा वा दल सञ्चालन गर्दा लोकतान्त्रिक भावनाको अवमूल्यन हुने प्रतिगामी अभ्यासबाट राजनीतिक दललाई बचाउनुपर्छ । यसका लागि दलको आन्तरिक सुधार अद्वितीय र मूल्यावान 'सुरक्षा कवज' साबित हुने निश्चित छ ।



# Youth Leadership in Political Parties

■ Anupa Shrestha

# राजनीतिक दलमा युवा नेतृत्व

■ अनुपा श्रेष्ठ

The age of youth is an energetic stage in life that retains the potential to transform not only individuals but society as well. If we look at the world's developed and successful nations, we can witness youth's important role in all realms of life. Nepali youth too are no less competent in the areas of business, arts, and sciences, etc. However, in the realm of politics, the presence of youth has been poor in terms of their quantity and quality. On the one hand, political parties are not openly accepting of young people, and on the other, there is a lack of youth who can intervene in the structural building of political parties. If parties were to be more accessible for youth, then many more able young leaders will be able to rise up the political ranks, and, displace many of the incompetent leaders that are currently there. Yet, it seems that the established youth groups within each political party and today's senior party leaders are not ready to take the risk.

In Nepal, it is not easy for young people to find political leadership roles. In society, language such as 'young people cannot lead, they lack necessary experiences, they are rovers' has been established since time immemorial. Moreover, by declaring that youth do not have the capacities, even competent youth are denied their chances in the political sphere. Contrast this to Finland, for example, where 34-year-old Sanna Marin is Prime Minister, the world's youngest premier. The Finnish people obviously do not think she is incompetent! In the speeches about youth politics in Nepal, although established leaders cite the example of Marin, they are clearly not ready to give youth any real power within their political parties.

However, young people in any country are that group who are responsible for sketching out the pathway for nation's sustainable future. Yet, until youth and women politicians reach political leadership positions, the possibility for designing a sustainable template will remain a distant dream. For positive change to happen, the organizational structure of political parties needs to be more representative of young people.

Without doubt, the need of the present is to motivate greater youth involvement in politics and to provide them with political leadership opportunities. After all, youth power is the 'agent for change' in any country. Young people are also considered the population's most active and progressive group. So, if they are considered as a primary resource and vehicle



युवा अवस्था जीवनको त्यो उर्जावान अवस्था हो, जुन अवस्थाको सही उपयोगले व्यक्तिको मात्र होइन, समाज र राष्ट्रको कायापटल गर्ने सक्ने क्षमता राख्दछ । संसारका विकसित र सफल मुलुकलाई हेर्ने हो भने ती मुलुकका हरेक क्षेत्रमा युवाको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । व्यापार, उद्यम, कला, विज्ञान र अनुसन्धान क्षेत्रमा नेपाली युवा पनि कम छैनन् । तर, नेपालको राजनीतिक वृत्तमा भने युवाको उपस्थिति र उनीहरूको गुणस्तरको दृष्टिकोणबाट असाध्यै निराशापूर्ण छ । एकातिर राजनीतिक दल खुला छैनन् भने अर्कोतिर दलीय संरचना निर्माणका लागि हस्तक्षेप गर्न सक्ने युवाको पनि कमी छ । राजनीतिक दल खुला हुँदा योग्य युवा उदाउने, नेतृत्वमा पुग्ने र अक्षमहरूलाई बिस्थापित गर्ने बाटो खुल्छ । तर, आजको शीर्ष नेतृत्व यो जोखिम लिन तयार छैन । यति मात्र होइन, पार्टीमा स्थापित युवा समूह पनि यसका लागि तयार भएको देखिँदैन ।

नेपालमा युवाले सहजै राजनीतिक नेतृत्व पाउँदैनन् । नेपाली समाजमा 'युवाहरू नेतृत्व गर्न सक्दैनन्, अनुभवको हुँदैन, अल्लारे हुन्छन्' भन्ने भाष्य लामो समयदेखि स्थापित छ । अझ युवाले भविष्यको परिकल्पना गर्ने क्षमता राख्दैनन् भन्दै राजनीतिमा सक्षम युवालाई पनि नेतृत्वदायी भूमिका दिन हिच्किचाइन्छ । तर, फिनल्यान्डकी ३४ वर्षीया सना मरिन विश्वकै सबैभन्दा कम उमेरकी प्रधानमन्त्री हुन् । फिनल्याण्डका जनताले उनलाई अपरिपक्त नेतृत्व मानेनन् त ! नेपालका राजनीतिक युवा नेतृत्वबारे भाषण गर्दा सना मरिनको उदाहरण दिने गरिन्छ । तर, त्यस्ता युवालाई राजनीतिक पार्टीको सत्ता र सरकारमा सहभागी भने कहिल्यै गरिन्न । अर्थात युवा र महिलालाई राजनीतिक नेतृत्वमा पुऱ्याउने विषयमा छलफल र विमर्श समेत हुँदैन ।

यद्यपि, युवा दिर्घकालीनरूपमा देशको भविष्यको खाका कोर्ने समूह हो । तर, नेपालका युवा र महिला राजनीतिक नेतृत्वमा नपुग्दासम्म देशको दिर्घकालीन भविष्यको खाका बन्ने सम्भावना कम रहन्छ । यसका लागि राज्यसत्ताको नेतृत्व गर्ने राजनीतिक दलको संगठनात्मक संरचनामा युवाको सशक्त प्रतिनिधित्व हुनुपर्छ ।

युवालाई राजनीतिमा संलग्न हुन अभिप्रेरित गरी नेतृत्वदायी भूमिकामा काम गर्न दिनु आजको समयको माग हो । वास्तवमा युवा शक्ति कुनै पनि देशको राजनीतिक आर्थिक र सामाजिक परिवर्तनको संवाहक हो । यो समूह जनसंख्याको सर्वाधिक सक्रिय, उर्जावान र गतिशील समूहमा पर्दछ । युवा राष्ट्रिय विकासका प्रमुख मानव स्रोतसाधन भएकोले युवाको हरेक क्षेत्रमा सक्रिय संलग्नता नभइ देशको विकास असम्भव छ ।

त्यसैले राजनीतिमा सक्षम युवा पुस्ताले नेतृत्व लिन जरूरी छ । तर, युवा नेतृत्वमा पुग्नुअघि हाम्रा सामु केही महत्वपूर्ण प्रश्न खडा हुन्छन् : नेपाली राजनीतिमा युवाको

of national development, it is impossible to fully develop a country without their full and active involvement. Therefore, it is necessary for young people to take political leadership roles. Yet, to eventually reach this space, some important questions need to be asked: How is the involvement of youth in politics? What positions and spaces have youth been given within political parties to date? How open and serious are political parties to see youth as political leaders? Are parties simply using young people purely for political selfishness? These are the types of questions that need to be discussed before we can talk seriously about Nepali youth reaching senior political leadership positions.

In Nepal, the mainstream political parties have been involving youth in their sister organizations and student unions since their adolescence years. The parties have a history of involving youth in area closures, strikes, protests, sit-ins, acts of vandalism, and movements at the direct behest of the party leaders. In these cases, one could say the educational future of the youth has, therefore, been severely compromised merely for political gain of the powerful - a sad truth that has been exposed in front of all of us.

While student unions should be kept far away from politics, most political parties are not ready to acknowledge that a place of knowledge should be kept at a distance from politics. By claiming that any sort of change cannot happen without the involvement of student politics, they have been playing with students' futures. Many youth have had their book and pens taken away and have been made to work for their parties, bidding farewell to their futures, just so that party leaders could grab hold of political power. Even when a young person gets politically involved, they have to wait in a long line to take on any role of serious political responsibility. Certainly, a person under 40 years of age has little or no chance of becoming a leader in Nepal at present.

A review of Nepali political history will also show that the role of youth has been incomparable in the mass movements of 1951, 1990, and 2006. During the democratic movements, many youth have become either physically disabled or mentally ill, while others have even sacrificed their lives as a contribution to strengthening democracy. Here, we see problems in party structures and political traditions. We can see that parties are not really interested in developing a cadre of smart young leaders but just in growing the number of youths who will be prepared to 'rubber stamp' their decisions.



संलग्नता कस्तो छ ? युवालाई राजनीतिक दलले पार्टीमा के कस्तो स्थान दिएका छन् ? नेपाली राजनीतिक दलहरू युवा नेतृत्वको लागि कति खुल्ला छन् ? कतै राजनीतिक दलले युवा र महिलालाई राजनीतिक स्वार्थको लागि मात्र प्रयोग त गरिरहेका छैनन् ? राजनीतिक पार्टीमा युवाको नेतृत्वदायी भूमिकामा पहुँच बनाउन यी विषयमा छलफल गर्नु आवश्यक हुन्छ ।

नेपालमा प्रमुख, पुराना र स्थापित राजनीति दलहरूले युवालाई किशोर अवस्थादेखि नै पार्टीको भात्तृसंगठन जस्तै : विद्यार्थी संगठनमा आबद्ध गरेको देखिन्छ । विद्यार्थीलाई नेतृत्व तहको एउटा इशारामा बन्द, हडताल, विरोध, धर्ना, तोडफोड जस्ता आन्दोलनमा समावेश गर्दै आएको इतिहास छ । उनीहरूको शैक्षिक भविष्यको परवाह नै नगरी केबल राजनीतिक स्वार्थको लागि प्रयोग गरिएको दु:खद् सत्य हामी समक्ष छर्लङ्ग छ ।

विद्यार्थी संगठनलाई राजनीतिबाट टाढा राख्नु आवश्यक छ । तर, अधिकांश पार्टीले ज्ञान लिने दिने ठाउँलाई राजनीतिबाट टाढा राख्नु पर्दछ भन्ने सत्य मान्न बिल्कुलै तयार छैनन । विद्यार्थी आन्दोलनबिना कुनै पनि परिवर्तन सम्भव छैन भन्दै विद्यार्थीको भविष्यमाथि खेलबाड गर्ने क्रम निरन्तर छ । हजारौं किशोर किशोरीको हातबाट क्रान्तिको नाममा कलम र किताब खोसेर हतियार समाउन लागाइयो । उनीहरूले आफ्नो भविष्यको तिलाञ्जली दिए, सोही आन्दोलनको बलबाट सत्तामा पुगे । तर, 'खोल तऱ्यो लौरो बिर्स्यो' भनेझैं दर्दनाक अवस्थामा युवा पुस्ता छन् । यस्तो जीवित इतिहासलाई हामीले मुकदर्शक भएर टुलुटुलु हेरिरहेका छौं । युवा अवस्थादेखि राजनीतिमा संलग्न भए पनि अहिलेको राजनीतिक परिपाटीमा नेतृत्व तहको जिम्मेवारी सम्हाल्न सक्षम हुँदाहुँदै एक सक्षम युवाले लामो लाइनमा प्रतीक्षा गर्नु पर्ने हुन्छ । त्यसरी लाईनमा उभिएका ४० वर्ष मुनिका राजनीतिज्ञले नेतृत्व गर्ने अवसर पाउने सम्भावना अत्यन्तै न्यून हुन्छ ।

नेपालको राजनितिक इतिहासलाई फर्केर हेर्दा वि.सं. २००७, वि.सं. २०४६ र वि.सं. २०६२/६३ का जनआन्दोलनमा युवाको भूमिका अतुलनीय रहेको सर्वविदितै छ । आन्दोलनका क्रममा धेरै युवाको अङ्‌गभङ्‌ग भएको थियो । कति युवा मानसिकरूपमा बिछिप्त भएका छन् भने कतिले आफ्नो ज्यानको आहुति दिएर आजको लोकतन्त्र स्थापित गर्न योगदान दिएको तथ्यको कसैसामु लुकेको छैन । युवा नेतृत्वका सन्दर्भमा अधिकांश पार्टीगत संरचनामा र राजनीतिक संस्कारमा नै समस्या देखिन्छ । पार्टीमा युवा नेता जन्माउने भन्दा पनि आफूले गरेको निर्णयमा सहीछाप लगाइदिने चाकरी गर्ने जमात बनाउन बढी रूचि राखेको देखिन्छ । राजनीतिमा युवा अवस्थामा पदमा पुगेर योगदान गर्ने संरचना नै हामीले विकास गर्न सकेका छैनौँ । युवा भएर नेतृत्व तहमा अघि बढ्न कि त शीर्ष नेतृत्वको सन्तान हुनुपर्ने वा धेरै

A structure whereby youth can be in a political position through which they can contribute to society has never been created. So, for a young person to move ahead in politics, they have to invest a significant amount of means of influence to move forward. Due to this, often devoted youth often become disinterested in politics.

So, we have safely established that Nepali political parties' structures are certainly not youth-friendly. If they do not pay attention to issues such as conducting political debates among youth, talking to them openly about politics, creating an environment where party leaders who do wrong deeds are criticized openly, then not only will we stray away from making youth interested in politics, we will also see the few young people already involved disappear also from the political scene. After all, it is hard to attract able youth who say 'I hate politics', or 'politics is a dirty game'.

If we ask a young secondary education examination graduate as to which sector they want to contribute to, or what they want to become in the future, they reply with the professions of 'doctor', 'engineer', 'pilot', 'businessperson', but rarely 'political leader'. Even a teacher or a guardian cannot encourage students to become actively involved in politics. Moreover, due to long-term political instability, many young people have decided to leave Nepal. There is a common view that people who get into politics are those who are not successful in other sectors of society. There is also the belief in society at large that educated people should settle down within other professions. Such an opinion is very sad.

Is it not the case that a person with aspirations to lead a whole nation needs to be properly qualified and competent? Nepal's transformation will not happen without the involvement of able and competent people. And if we delve deeper, the truth is that Nepal's political leaders in various positions are often not respected even by the members of their own party. It seems that the frontline leaders of today are afraid that competent youth will take their positions away from them. Surely, it is necessary for experienced leaders to be freed from this kind of anxiety.

Therefore, things need to change and some important steps need to be taken by the political parties for youth participation:



स्रोत-साधन खर्च गर्न सक्नु पर्ने अवस्था छ । यो परिपाटीले गर्दा निष्ठावान् युवा राजनीतिमा आकर्षित छैनन् ।

हामी सजिलोसँग दाबी गर्न सक्छौं : हाम्रा पार्टीहरूको दलीय संरचना युवामैत्री छैन । युवाका बीचमा राजनीतिक बहस गराउने, राजनीतिक बिकृतिबारे युवाका बीचमा खुलेर छलफल गर्ने, आफ्नो पार्टीका नेताका गलत कामकाबारे खुलेर आलोचना गर्ने परीपटी बनाउनेजस्ता विषयमा ध्यान दिएको छैन । त्यसैले यस्तो सवालमा ध्यान नदिने हो भने राजनीतिमा युवालाई आकर्षित गर्ने त कुरा छाडौं राजनीतिमा भएका सक्षम युवासमेत पलायन हुन बेर लाग्दैन । 'आइ हेट पोलिटिक्स', 'पोलिटिक्स इज अ दर्टी गेम' भन्ने सक्षम युवा जमातलाई राजनीतिमा आकर्षित गर्न निकै गाह्रो हुँदै गइरहेको छ ।

कुनै एकजना एसईई सकेको किशोरी वा किशोरलाई तिमी कुन क्षेत्रमा रहेर देशलाई योगदान दिन चाहन्छौ, के बन्छौ भनेर सोध्यौं भने डाक्टर, इन्जिनियर, पाइलट, बिजनेस पर्सन (व्यापारी) बन्छु भन्छन्, तर नेता बन्छु व्यक्ति भन्ने भेटिंदैनन् । कुनै एक शिक्षक, एक अभिभवकले समेत विद्यार्थीलाई नेता बन्न प्रेरित गर्दैनन्, यो निकै ठूलो समस्या हो । लामो समयदेखि राजनीतिक अस्थिरताले धेरै युवा नेपालमा केही हुँदैन भन्दै विदेश पालयन भइरहेका छन् । अन्य क्षेत्रमा केही गर्न नसक्ने र कमजोर व्यक्तिले राजनीति गर्छन् भन्ने आमधारणा बनेको छ । पढेलेखेका, शिक्षित व्यक्ति राजनीतिमा लाग्नु हुँदैन बरु विभिन्न पेशामा संलग्न हुनुपर्छ भन्ने समाजको मान्यता अझै पनि छ । राजनीतिमा युवालाई निरूत्साहित गर्ने यस्ता धारणा एकदम दुखःद छन् ।

के देश चलाउने, समाजको नेतृत्व गर्ने, नीति-निर्माण गर्ने व्यक्ति पक्कै पनि शिक्षित, सक्षम र अब्बल हुनुपर्दैन त ? योग्य र सक्षम व्यक्ति राजनीतिमा नहोमिएसम्म देशको रूपान्तरण सम्भव देखिँदैन । पार्टीका विभिन्न तहका नेता आफ्नै सदस्यकै नजरमा सम्मानित नभएको कटु सत्यका बीचमा नेपाली राजनीति चलिरहेको छ । यहाँ अग्रपंक्तिका नेता नै सक्षम युवा आएर स्थान ओगट्ने हुन् कि भन्ने चिन्ता पालेर बसेका छन् । यो डर र त्रासबाट पाका नेताहरू मुक्त हुन जरूरी छ ।

यस्तो राजनीतिक माहौलमा राजनीतिक पार्टीमा युवा सहभागिता बृद्धि गर्न र नेतृत्वका निर्माणका लागि पार्टीले तत्काल केही महत्वपूर्ण कदम उठाउनु पर्ने देखिन्छ । ती सवालबारे तल चर्चा गरिएको छ :

१. पार्टी नयाँ ढङ्गले निर्माण एवं विकासमा युवा सदस्यको भूमिका र सम्भाव्यताको विकास र बिस्तार गर्ने,

1. Develop the role of youth members in the rebuilding of political parties;
2. Use their creative potential in a right manner and establish them as a key power blocks within the party;
3. Guarantee the youth members' fundamental rights and involve them in all levels of policy making, decision making and implementation, while also developing the leadership potential through gender sensitivity based meaningful participation;
4. Strengthen the role of youth from the prioritized and special prioritized groups through affirmative action and establish them in party leadership roles;
5. To guarantee a minimum of 40% youth in the party's institutional bodies and slates of election candidates.

It is necessary for young people currently involved in politics to contemplate certain key issues. They need to be above the group and subgroup-based favoritism politics that exists at present. They need to continue to refine themselves in order to deliver on their responsibilities once in post. Additionally, we need to welcome established leaders who believe in youth leadership and warmly accept their help and support. Youth leaders should not be ungenerous in learning from the experiences and challenges of older leaders.

Most of all, young people need to keep alive the 'flame of hope', namely that political transformation is possible in our lifetime. Our country, which is rich in culture, nature, ethnic diversity, proper deference and demeanor, today, has become extremely weak in terms of its economics and prosperity. The main reasons for this are extreme corruption and the inability of the political class to be youth-friendly. If we compare world politics and Nepal politics, the development of developed countries can be attributed to youth. Let us not forget that Alexander the Great had become the Greek king when he was 20 years of age in the year 336 BC.

When we remember this history and compare it with our own situation in Nepal, we see that the Constitution itself discourages youth from getting involved in politics. Let us not forget that the constitution has declared that one has to be at least 45 years of age to become president. To become a member of the national assembly, one has to be at least 35 years of age. In



२. युवामा भएको सिर्जनशीलताको सही प्रयोग गरी पार्टीको आधारभूत शक्तिको रूपमा स्थापित गर्दै उनीहरूमा रहेका क्षमता उजागर गर्ने,
३. युवा सदस्यका आधारभूत अधिकार सुनिश्चित गर्दै उनीहरूलाई नीति-निर्माण, निर्णय एवं कार्यान्वयन गर्ने सबै तहमा सहभागी गराउनुका साथै लैङ्गिक संवेदनशीलतामा आधारित अर्थपूर्ण सहभागिताका माध्यमबाट नेतृत्व क्षमता विकास गर्ने,
४. प्राथमिकता तथा विशेष प्राथमिकताको समूहका युवालाई सकारात्मक विभेदका माध्यमबाट सशक्तिकरण गरी पार्टीको विभिन्न तहमा नेतृत्वदायी भूमिकामा स्थापित गर्ने,
५. पार्टीको आन्तरिक निर्वाचन होस् वा राष्ट्रिय निर्वाचन, कम्तीमा ४० प्रतिशत युवा उमेद्वारको सुनिश्चितता गर्ने ।

राजनीतिमा संलग्न सक्षम युवाले पनि केही महत्वपूर्ण कुरामा चिन्तन गर्न जरूरी छ । गुट र उप-गुटको राजनीतिभन्दा माथि उठेर अघि बढ्ने हिम्मत गर्न सक्नुपर्छ । आफू पदमा पुग्दा राम्रो काम गर्नको लागि आफूलाई निखार्ने क्रमलाई निरन्तरता दिनुपर्छ । यसका साथै युवा नेतृत्वमाथि विश्वास गर्ने पाका नेताको साथ र सहयोगको लागि सँधै स्वागत गर्ने क्षमताको विकास गर्नुपर्छ । पुराना नेताको भोगाइ र अनुभवबाट सिक्न कन्जुस्याइँ गर्नु हुँदैन । परिवर्तन सम्भव छ र नेपालको रूपान्तरण आफ्नै पालोमा हुन्छ भन्ने सकारात्मक सोचलाई मर्न दिनु हुँदैन ।

संस्कृति, प्रकृति, जातीय विविधता, उच्च मन र असल संस्कारमा धनी देश नेपाल अहिले आर्थिकरूपले जर्जर अवस्थामा पुगेको छ । यस्तो अवस्थामा समृद्धि प्राप्ति निकै गाह्रो छ । यसका मुख्य कारणमध्ये चरम भष्ट्राचार भएको छ । यसको एउटा कारण राजनीतिक प्रणाली युवामैत्री हुन नसक्नु पनि हो ।

विश्व राजनीति र नेपालको राजनितिलाई तुलना गर्दा विश्वका अरु देश विकास हुनुको कारण नै युवा जनशक्ति हो । अलेक्जेन्डर द ग्रेट वा विश्व विजेता सिकन्दर ईशापूर्व ३३६ मा मेसेडोनियामा जन्मेर २० वर्षमा नै ग्रीकका राजा भएको इतिहासलाई पनि बिर्सनु हुँदैन ।

हामीले यो इतिहासलाई स्मरण गरिरहँदा नेपालको संविधानले नै युवालाई राजनीतिमा निरूत्साहित गरेको देखिन्छ । हाम्रो संविधानले राष्ट्रपति हुनको लागि कम्तिमा ४५ वर्षको उमेर तोकेको छ । राष्ट्रियसभामा प्रतिनिधित्वको लागि नेपाली नागरिक ३५ वर्षभन्दा कम हुनु हुँदैन भनिएको छ । २५ वर्ष नपुगेका व्यक्तिले प्रतिनिधिसभाका उम्मेदवार हुन पाउँदैन । यति मात्र होइन, २१ वर्ष भएका व्यक्तिले मात्र स्थानीय तहममा वडा अध्यक्ष हुने मिल्ने प्रावधान राखिएको छ ।

the case of the House of Representatives, the minimum age is 25 years. Not only this, one has to be at least 21 years old to hold office as a president at the ward level. Even though a person who is 18 years of age chooses their representative through their vote, the same person does not have the right to even become a president of their ward. So, I ask a simple question: Is this really political freedom? Therefore, despite all the songs the political class may sing about 'youth power', can we seriously talk about youth leadership if our constitution itself is unsympathetic to youth? I think not!

१८ वर्ष माथिका व्यक्तिलाई आफ्नो मतदान गरेर जनप्रतिनिधि चुन्ने अधिकार पाएपछि सोही उमेरको व्यक्तिले स्थानीय तहमा वडा अध्यक्ष हुन पाउने अधिकार समेत राख्दैन । यो कस्तो राजनीतिक स्वतन्त्रता हो ? युवा शक्ति, उर्जा अनि सिर्जनशीलताको जति गुणगान गाए पनि हाम्रो संविधानै युवाविरोधी छ । यसो भएपछि युवाको नेतृत्वको बहस कति सार्थक हुन सक्छ ? मलाई अझै यस्तो अर्थपूर्ण बहस हुन्छ जस्तो लाग्दैन ।



# Internal Democracy in Political Parties

■ Binu Subedi

# राजनीतिक दलहरुभित्र आन्तरिक लोकतन्त्र

■ बिनु सुवेदी

The Constitution of Nepal has accepted the concept of proportional inclusion. For the same reason, the Political Parties Registration Act also introduced a provision of inclusion in the registration of political parties. The political parties that were registered with the Electoral Commission of Nepal (ECN) before the 2017 elections also included the provision of proportional inclusion in their respective party manifestos. In addition, each of their internal party constitutions also made provisions for inclusion too. Therefore, at present, women have 41 percent representation in the local level, 34.4 percent in provincial assemblies, 33.5 percent in the House of Representatives and 37.4 percent in the National Assembly.[1] Therefore, due to the binding provisions of the Constitution and the Political Parties Act, democratic institutions are becoming more inclusive. However, actual inclusion within the structures of political parties remain weak. Let me explain.

First, clause 15 (4) of the Political Parties Act, 2017 provides for the representation in the committees of all parties on the basis of proportionality and inclusivity. Therefore, it follows that if this system is to be followed, all political party structures should be inclusive. However, when the then CPN-MC and CPN-UML merged into the NCP, the principle of proportional inclusion was not practiced. Owing to this, the new party addressed the ECN, citing the special circumstances for unification with a solemn commitment to gradually make the party more inclusive in the future. Just for the record, the NCP's 45-member standing committee included two women, eight Adivasi Janajatis, four Madhesis and one Dalit. Similarly, only 16 percent women were represented in the party's central committee, which is contrary to both the Nepal Constitution and Political Parties Act.

However, after the Supreme Court reversed the merger between the CPN-UML and CPN-MC on March 7, 2021 a 19-member standing committee of the CPN-UML was formed. The committee had four Adivasi Janajatis, two Madhesis and one Dalit, while women were not represented at all. Similarly, in the 15-member standing committee of the newly formed CPN-Unified Socialist, there is only one woman and one Adivasi Janajati member, with no representation from the Dalit community.

Within the CPN-MC, Pampha Bhusal is the only woman on its 16-member standing committee, which has returned to its old previous structure after

नेपालको संविधान २०७२ ले समानुपातिक समावेशीको अवधारणालाई संवैधानिकरूपमा स्वीकार गरेको छ । यसैगरी राजनीतिक दल दर्तासम्बन्धी ऐनले पनि राजनीतिक दल दर्ता गर्दा समावेशीकरणलाई ध्यान दिनुपर्ने व्यवस्था गरेको छ । वि.सं. २०७४ को संघीय, प्रदेश र स्थानीय तहको निर्वाचनअघि निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलहरूले आफ्ना घोषणापत्रमा समानुपातिक समावेशीकरणलाई समेटे । राजनीतिक दलहरूको विधानमा पनि समावेशी व्यवस्था हुने व्यवस्था गरे । यसैको परिणामस्वरूप अहिले स्थानीय तहमा ४१ प्रतिशत, प्रदेशसभामा ३४.४० प्रतिशत, संघीय प्रतिनिधिसभामा ३३.५ प्रतिशत र राष्ट्रियसभामा ३७.३७ प्रतिशत महिलाको प्रतिनिधित्व हुन सम्भव भएको हो ।[१] संविधान र राजनीतिक दलसम्बन्धी ऐनको बाध्यकारी प्रावधान भएका कारण जनप्रतिनिधिमुलक निकायहरू समावेशी हुँदै गएका छन् । यद्यपि, राजनीतिक दलहरूको आन्तरिक संरचनामा समावेशीकरणको अवस्था भने अत्यन्तै कमजोर छ । म यसलाई थप प्रस्ट्याउन चाहन्छु ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १५(४) मा दलका सबै तहका समितिमा समानुपातिक र समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गराउनुपर्ने व्यवस्था गरिएको छ । यो व्यवस्थालाई पालना गर्ने हो भने सबै राजनीतिक दलको सबै संरचना समावेशी हुनुपर्ने हो । तर, तत्कालीन नेकपा (माओवादी-केन्द्र) र नेकपा (एमाले)बीच पार्टी एकीकरण हुँदा समानुपातिक समावेशी सिद्धान्तको अभ्यास गरिएन । एकीकरणबाट बनेको नेकपा (नेकपा)ले विशेष परिस्थितिका कारण समावेशी बनाउन नसकिएको र बिस्तारै समावेशी बनाउँदै जाने जवाफ निर्वाचन आयोगलाई दिएको थियो । तत्कालीन नेकपाले गठन गरेको ४५ सदस्यीय स्थायी कमिटीमा दुईजना महिला समावेश थिए भने आठजना आदिवासी जनजाति, चारजना मधेसी र एकजना दलितको प्रतिनिधित्व गराइएको थियो । यसैगरी केन्द्रीय समितिमा १६ प्रतिशत मात्रै महिलाको प्रतिनिधित्व रहेको थियो, जुन संविधान र राजनीतिक दलसम्बन्धी ऐनले व्यवस्था गरेको व्यवस्था विपरित हो ।

नेकपा (एमाले) र नेकपा (माओवादी-केन्द्र)बीच भएको एकीकरण ०७७ फागुन २१ गते सर्वोच्च अदालतले उल्टाएपछि नेकपा (एमाले)का प्रधानमन्त्री ओली पक्षको १९ सदस्यीय स्थायी समिति गठन गर्‍यो । उक्त समितिमा आदिवासी जनजाति चारजना, मधेसी दुईजना र दलित एकजनाको प्रतिनिधित्व थियो भने महिलाको प्रतिनिधित्व नै थिएन । त्यसैगरी भर्खरै बनेको नेकपा (एकीकृत समाजवादी)को १५ सदस्यीय स्थायी समितिमा एकजना मात्रै महिला सदस्यको प्रतिनिधित्व थियो भने एकजना आदिवासी जनजातिको प्रतिनिधित्व थियो, तर दलित भने समावेश गरिएको छैन ।

नेकपा विभाजनपछि पुरानै संरचनामा फर्किएको नेकपा (माओवादी-केन्द्र)को १६ सदस्यीय स्थायी समितिमा पनि पम्फा भुसाल एकजना मात्रै महिलाको प्रतिनिधित्व

the split. Apart from four Adivasi Janajatis and one Madhesi, there is no representation of Dalits or other marginalized communities.

In total, the NC's 117-member central committee has 17 women, including one office bearer. The NC has amended its constitution to ensure one-third women's participation in every structure of the party at the upcoming 14th General Convention in November, 2021. In this case, the 168-member central committee will have at least 56 women members.

Therefore, looking at the practice so far, it seems that all of the parties have violated the provisions of their own constitutions and the Political Party Act regarding proportional inclusion. In this context, no surprise then that, on April 28, 2021, the ECN had drawn the attention of all parties to include at least 33 percent women in all of its party structures.

However, this is not to say that there have not been some efforts to raise the banner of internal party democracy. For example, in the standing committee meeting of the then NCP, held in December 2019, women, Madhesi and Dalit standing committee members demanded that the party increase the participation of their respective communities. Moreover, the then NCP standing committee members Ashtalakshmi Shakya and Pampha Bhusal demanded the participation of women in the party secretariat and inclusion of additional women members in the committee. They went even as far as to go to the residence of party chairperson Pushpa Kamal Dahal to persuade him to increase the participation of women. Although the agenda of inclusion was strongly raised in a senior party meeting shortly thereafter, the party's line was that that the organizational structure should not be changed at that moment as the party was in a transitional phase. Therefore, women political leaders have complained that senior leaders were making irresponsible arguments when the issue of women's political inclusion was raised.

Until the split of the NCP, most decisions were taken by the party secretariat with neither Dalits, Madhesis nor women present in any of those meetings. Women in cabinet meetings also rarely had the opportunity to speak. Therefore, it is fair to say that senior party leaders representing only a certain class and community were neither inclusive nor democratic in terms of their



छ । माओवादीमा आदिवासी जनजाति चारजना र मधेसी एकजना बाहेक दलित र अन्य सिमान्तीकृत समुदायको प्रतिनिधित्व स्थायी समितिमा छैन ।

नेपाली कांग्रेसको १ सय १७ सदस्यीय केन्द्रीय समितिमा एक पदाधिकारीसहित १७ जना महिला छन् । १४ औं महाधिवेशनदेखि कांग्रेसले पार्टीको प्रत्येक संरचनामा एकतिहाइ महिला सहभागिता सुनिश्चित हुने गरी विधान संसोधन गरेको छ । यसो हुँदा १ सय ६८ सदस्यीय केन्द्रीय समितिमा कम्तिमा ५६ जना महिला सदस्य हुनेछन् । अहिलेसम्मको अभ्यास हेर्दा दलहरूले समानुपातिक समावेशीकरणका सम्बन्धमा आफ्नै विधान र दलसम्बन्धी ऐनको प्रावधानसमेत उल्लंघन गरेका छन् । त्यसैले २०७८ बैशाख १५ गते निर्वाचन आयोगले सबै दललाई आफ्ना समितिमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता गराउन ध्यानाकर्षण गराएको थियो ।

तर, यसो भन्दै गर्दा, पार्टीको आन्तरिक लोकतन्त्रका लागि कुनै प्रयास नै नभएका भने होइनन् । उदाहरणका लागि वि.सं. २०७६ मंसिरमा तत्कालीन नेकपा (नेकपा)को स्थायी कमिटी बैठक चलिरहेको बेलामा, महिला, मधेसी र दलित स्थायी समिति सदस्यहरूले आ-आफ्नो समुदायको सहभागिता बढाउन माग गरे । विशेषगरी, तत्कालीन नेकपाका स्थायी समिति सदस्यहरू अष्टलक्ष्मी शाक्य र पम्फा भुसालले पार्टी सचिवालयमा महिलाको सहभागिता हुनुपर्ने र स्थायी समितिमा महिला सदस्य थप गर्नुपर्ने माग राखे । उनीहरू पार्टी अध्यक्ष पुष्पकमल दाहालको निवासमा डेलिगेसन नै गएका थिए । पार्टीको बैठकमा यो एजेण्डा जोडदाररूपमा उठ्यो । तर पार्टी संक्रमणकालीन अवस्थामै रहेकाले सांगठिनक संरचना परिवर्तन गर्न नपर्ने धारणा पार्टीको मुख्यधारले राख्यो । महिला नेतृत्वले पार्टीमा महिला समावेशीताको कुरा उठाउँदा शीर्ष नेताहरूले नै गैरजिम्मेवार तर्क गर्ने गरेको महिला नेताहरूको गुनासो छ ।

नेकपाको विभाजन नहुँदासम्म धेरैजसो निर्णय सचिवालय बैठकले नै गर्थ्यो । ती बैठकमा न दलित, मधेसी न त महिला नै थिए । मन्त्रीपरिषद् बैठकमा भएका महिलाले पनि बोल्ने र आफ्ना कुरा राख्ने मौका बिरलै पाएका छन् । एउटा निश्चित वर्ग र समुदायको मात्रै प्रतिनिधित्व गर्ने शीर्ष नेताहरू बसेर गर्ने पार्टी बैठकमा भएका निर्णय न समावेशी भए न त लोकतान्त्रिक नै । पार्टी एकीकरण सर्वोच्चले उल्टाइ दिएपछि पुरानै अवस्थामा फर्किएका दलका आन्तरिक बैठक पनि झन्-झन् अलोकतान्त्रिक हुँदै गयो । एमालेको एउटा खेमाको सबै निर्णय गर्ने जिम्मा अध्यक्ष ओलीलाई दिइयो भने माओवादी-केन्द्रले पनि पार्टीको निर्णय गर्ने अधिकार अध्यक्ष दाहाललाई दियो । यसरी पार्टीको निर्णय गर्ने जिम्मा एकजना नेतालाई दिनु आफैंमा लोकतान्त्रिक निर्णय प्रक्रियाविरोधी काम हो । यस्तो परिपाटीको असर पार्टीको केन्द्रदेखि तल्ला समितिमा समेत प्रतिबिम्बित हुन पुग्यो । सत्तामा भएका

dealings within the party. However, after the NCP formally split, the internal meetings of the parties returned to their old ways, namely they became more undemocratic. Chairperson Oli was given the duty of making all the decisions for one faction of the UML, while the Maoist-Center also gave the right to make decisions to Chairperson Dahal. Surely submitting the responsibility for party decision making to only a single leader in this way goes against the democratic norms and processes of any country that considers itself as democratic. The effect of such a practice was reflected in the center as well as in the party's lower committees. The decisions of the ruling party leader affected functioning of other state bodies as well. Such a single-handed and non-inclusive decision-making process and exercise of power has indicated that Nepal's political parties wish only to further strengthen their already centralized mindset.

In some cases, political leaders have tried to practice inclusion only to instead strengthen its party faction and achieve its political goals, which is in contradiction to the essence of what an inclusive modern democracy is supposed to be about. Such practices do not lead to a vibrant party democracy. The limited number of leaders from different marginalized communities and genders, who have assumed power due to affirmative action are becoming mere supporters of the main party leader without being able to put forward the issues directly concerning their community. Being unable to speak up for those who elect them also means that they are effectively mobilizing against the demands of concerned communities.

The political parties that have been fighting for democracy have only served to weaken the democratic tenets within their own structures. They have only linked democracy with periodic elections and citizens suffrage. Instead, politics is being run on the basis of the concept of 'money is politics'. It considers money as the decisive force of the party, while the concerns of the citizens, especially different marginalized communities and genders are considered as secondary. Party funders, contractors, brokers and so called ‘middlemen’ are becoming the decisive force now. This situation can serve to destroy both the country’s democracy and the level of internal democracy within each party. In such a situation, political parties are increasingly likely to abandon such principles as inclusion, justice and equality raised by women and marginalized communities.



दलका नेताको एकलौटी निर्णयले राज्यका अन्य निकायसमेत प्रभावित हुन पुगे । यस्तो एकल र असमावेशी निर्णय प्रक्रिया र शक्ति अभ्यासले नेपालका राजनीतिक दलको नेतृत्व केन्द्रीकृत मानसिकता लाई नै बलियो बनाउन चाहन्छन् भन्ने संकेत गरेको छ ।

कतिपय अवस्थामा राजनीतिक नेतृत्वले आफ्नो समूह बलियो बनाउने र राजनीतिक अभिष्ट पुरा गर्नका लागि मात्रै समावेशीताको अभ्यास गर्न खोजेको समेत देखिन्छ, जुन समावेशी लोकतन्त्रको मर्म विपरित छ । यस्तो अभ्यासले पार्टीमा जीवन्त लोकतन्त्र रहँदैन भने समावेशीकरणका कारण नेतृत्वमा पुगेका राजनीतिज्ञले पनि नेताको सर्मथक भने भइदिने बाहेक आफ्नो समुदायको सवाल सशक्तरूपमा राख्न सकिरहेका छैनन् । जुन समुदायबाट प्रतिनिधित्व गरेको हो सोही समुदायको हितमा बोल्न नसक्ने अवस्था बन्नु सम्बन्धित समुदायका माग र आन्दोलनको विरूद्ध परिचालित हुनु पनि हो ।

लोकतन्त्रकै लागि लडेर आएका दलहरूले आन्तरिक लोकतन्त्रलाई कमजोर पारेका छन् । उनीहरूले लोकतन्त्रलाई आवधिक निर्वाचन र नागरिकको मताधिकारसँग मात्रै जोडेर हेर्ने गरेका छन् । अर्कोतिर 'मनी इज पोलिटिक्स' भन्ने अवधारणाका आधारमा राजनीति सञ्चालित हुने अवस्था बन्दै गइरहेको छ । यसले पुँजीलाई नै पार्टीको निर्णायक शक्ति मान्छ भने सिमान्तकृत समुदाय तथा लिङ्गका सवाल गौण बन्न पुग्छन् । चन्दादाता, ठेकेदार, दलाल र बिचौलिया पार्टीको निर्णायक शक्ति बन्दै गइरहेको छ । यसले मूलतः लोकतन्त्र र पार्टीको आन्तरिक लोकतन्त्र दुवैलाई समाप्त पारिदिन सक्छ । यस्तो अवस्थामा राजनीतिक दलहरूले महिला र सिमान्तीकृत समुदायले उठाएका समावेशीता, न्याय र समानता जस्ता मद्दालाई नै छाड्ने सम्भावना बढ्दै गइरहेको छ ।

नेपालको संविधानले पनि सबै निर्वाचन आयोगमा दर्ता हुने दलहरू लोकतान्त्रिक हुनुपर्छ भनेको छ । तर संसदमा सहभागी हुने दलको निर्णय प्रक्रियानै लोकतान्त्रिक छैनन् । अझ कतिसम्म भने पार्टीका कतिपय निर्णय त ती पार्टीका सदस्यहरूले कार्यान्वयन प्रक्रियामा गइसकेपछि मात्रै थाहा पाउँछन् । हरेक पार्टीका विधानमा बहुमतको निर्णयलाई राजनीतिक पार्टीको आधिकारिक निर्णय मान्ने र यसैगरी असमझदारीका विषय मतदानबाट टुङ्गो लगाइने व्यवस्था छ । तर, नेपालका ठूला राजनीतिक दल न त पार्टीमा बैठक डाकेर निर्णय गर्छन् नत फरक मतहरू नै सुन्ने गर्छन् । तर, संसदमा हुने मतदानको अभ्यास पार्टीको निर्णय प्रक्रियामा किन हुँदैन भनेर लोकतान्त्रिक दलका सदस्यले प्रश्न समेत उठाउन सक्ने अवस्था छैन ।

दलहरूको राजनीतिक भविष्य दीगो र टिकाउ छैन । यदि दलहरूले पार्टी सदस्य र समर्थकका कुरा सुन्ने र त्यहाँबाट निस्किएका निष्कर्षका आधारमा नै निर्णय गर्ने

Although the Constitution states that all political parties registered with the ECN must be democratic, the decision-making process of the parties participating in parliament are not. In fact, some of the decisions taken by a party will be known to the members of that party only during the implementation stage. There is a provision in the constitution of each party that states that the decision of the majority is considered as the official decision of the party. Similarly, the debated issues within the parties will be resolved through established voting mechnisms. Yet, the major political parties do not make decisions by convening meetings of the party nor do they listen to different views. As such, ordinary party members are unable to question why the practice of voting in parliament is not replicated in the party's decision-making processes.

The future of political parties is not sustainable. If parties listen to their members and supporters and base their decisions on this, they will be strengthened in all respects. A decision made with the participation of all the members having the right to vote ends the situation of them leaving the party or having to leave the party forum to express their dissatisfaction. For that, parties should hold regular meetings and listen to all opinions as mentioned in their manifestoes and constitution. In addition, party driven committees need to be robust and strong from an inclusive angle.

However, when looking at more recent political developments, there is a strong tendency for political parties not to provide opportunities to those who oppose the leadership. Therefore, the ability to listen and accept criticism is key. For that, every party should implement the committee system, which is the basic principle of democracy. Implementing this system means the leader will function according to the party's constitution. Just as Nepal's constitution is binding for all citizens, the party constitution must be pivotal to maintain the rule of law within each party. In addition, a key responsibility of every parties is to nullify the power structures that are propped up by unchecked money. The party cadres find it hard to have access to their leaders whereas businessmen, having their own vested interests, are often seen to be in close contact with senior leaders. This situation often serves to further destroy the internal democratic system of a party.

A further problem is that inclusive participation is being taken as a 'stepping stone' to achieve personal gain. Those who took on responsibilities within the



हो भने त्यसले पार्टीलाई आवरण र आन्तरिक दुवै रूपमा बलियो बनाउँछ । फरक मत नै सही सबैको सहभागितामा गरिएको निर्णयले पार्टी छोडेर अन्त लाग्ने वा बिमती राख्न पार्टीका मञ्च वा फोरमबाट बाहिर जानुपर्ने अवस्थाको अन्त्य गर्छ । त्यसका लागि दलहरूले आफ्ना पार्टीका घोषणापत्र र विधानमा उल्लेख गरेझै नियमित बैठक राख्ने र सबैका कुरा सुन्ने गर्नुपर्छ । यसका साथै पार्टीका समिति समावेशीका कोणबाट बलियो हुन जरूरी छ ।

यद्यपि, पछिल्ला राजनीतिक विकासक्रम हेर्दा जसले नेतृत्वको विरोध गर्छ उसलाई क्षमतावान भएता पनि अवसर नदिने प्रवृत्ति नेपाली राजनीतिमा हाबी छ । त्यसैले आलोचनालाई सुन्ने र स्वीकार गर्ने क्षमताको नेतृत्व दलहरूमा हुनुपर्छ । त्यसका लागि हर पार्टीले लोकतन्त्रको आधारभूत सिद्धान्तका रूपमा रहेको समिति प्रणालीलाई कार्यान्वयन गर्नुपर्छ । पार्टी समिति प्रणाली कार्यान्वयन गर्ने भनेको पार्टीको विधानले नेतालाई सञ्चालित गर्नु हो । जनता र मुलुकका लागि संविधान भनेजस्तै पार्टी र कार्यकर्तालका लागि विधान कानुनी राजको मुलमन्त्र हुन जरूरी छ । अपारदर्शी पैसाले तय गरेका जिम्मेवारी र शक्तिलाई निस्तेज पार्नु दलहरूको अहिलेको मुख्य दायित्व पनि हो । किनभने पार्टी कार्यकर्ताले कैयौं समयदेखि भेट्न नपाइरहेका बेला स्वार्थ समूहका व्यापारिक व्यक्तिसँग नेताहरूको उठबस भइरहेको हुन्छ । यसले पार्टीको आन्तरिक लोकतान्त्रिक पद्धति नै ध्वस्त पारिदिन्छ ।

अहिलेको अर्को समस्या भनेको समावेशीमुलक सहभागितालाई व्यक्तिगत अवसरवादको सिँढी बनाउनु पनि हो । सुरुमा समावेशी नीतिसहित पार्टीको जिम्मेवारीमा प्रवेश गरेका व्यक्तिहरूले लोकतन्त्रको यो सुन्दर प्रणालीलाई निजी अवसरवादको भऱ्याङ बनाइरहेका छन् र यसरी माथि चढ्न भऱ्याङ बनाइएकाहरूलाई विवेकको बन्धक बनाइएको छ । यसले लोकतन्त्रलाई झन्-झन कमजोर बनाउँदै लैजान्छ । लोकतन्त्र बलियो र पार्टी पद्धतिलाई दीगो बनाउन हरेक राजनीतिक दलले खराब निर्णय र सोचमा प्रश्न र असहमति राख्ने दस्तालाई जबर्जस्त स्थापित गर्नुपर्छ । यस्तो समूह पार्टीहरूमा बढ्दै जाँदा लोकतन्त्र झन सुन्दर र सुदृढ हुने हो ।

हुन त अहिले यो लेख तयार पार्दा सबै दलको पुरानो पुस्ता नै पार्टीको नेतृत्वमा छ । दलहरूले अब नगरी नहुने अर्को निर्णय भनेको पार्टी नेतृत्वमा पुस्तान्तरण पनि हो । आन्दोलनको चौथो पुस्ता थेगिसकेका अधिकांश दलको मुल नेतृत्व ६५ वर्ष माथिको छ । अब नेतृत्वमा आउनुपर्ने नेताहरू भर्खरै केन्द्रीय कमिटी सदस्य बन्दैछन्, कतिले त्यही अवसर पनि पाएका छैनन् ।

त्यसैले परिवर्तित सन्दर्भलाई बुझ्न सक्ने चेतनासहितका युवाले पार्टी हाक्ने र त्यसलाई सहभागिता र निर्णयका हिसाबले समावेशी बनाउन थालियो भने

party with a focus on inclusion are now converting this feature of democracy into a ladder for attaining personal glory, at the expense of their conscience. This further weakens democracy. In order to strengthen democracy and sustain the party system, every party should establish a prominent squad that questions policy decisions. As such groups grow in parties, democracy will become more invigorated and sustainable.

As we speak, the older generation of political leaders remain at the head of the main parties. Therefore, another decision that the parties must make now is to carry out a generational transfer in the leadership of the party. Let us not foeget that the leaders of the main parties are all over 65 years of age having already participated in four generations of political movements within their respective parties. Leaders who should have come to the leadership are only now becoming members of the central committee, and some have not even reached that stage.

Therefore, if the youth with the consciousness to understand the changed context, begin to drive the party, and make it inclusive in regards of participation and decision making, then the internal democracy will flourish. This will also reduce the grievances of the general public regarding the role of political parties. The parties must now really start thinking about handing over the leadership. It is time.

---

## Endnotes

1 According to the data from the E CN, Madhesi, Dalit and persons with disabilities have 16 percent, 2 percent and 4 percent representation at the local level respectively. There are 18 percent, 6 percent and 3 members in the Provincial Assembly, 17 percent, 7 percent and 2 members in the House of Representatives and 8 percent, 12 percent and 4 members in the National Assembly respectively.



आन्तरिक लोकतन्त्र यसै मौलाउँछ, दलहरूको भूमिकालाई लिएर जनस्तरमा हुने गुनासोको पनि हल हुँदै जान्छ । त्यसैले दलहरूले अब नेतृत्व हस्तान्तरणको कुरा सोच्नै पर्ने भएको छ । अब समय भइसकेको छ ।

---

## पाद टिप्पणी

१ निर्वाचन आयोगले सार्वजनिक गरेको तथ्याङ्कअनुसार मधेसी, दलित र अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व स्थानीय तहमा क्रमशः १६ प्रतिशत, २ प्रतिशत र ४ जना, रहेको छ । प्रदेशसभामा क्रमशः १८ प्रतिशत, ६ प्रतिशत र ३ जना, प्रतिनिधि सभामा क्रमशः १७ प्रतिशत, ७ प्रतिशत र २ जना तथा राष्ट्रिय सभामा क्रमशः ८ प्रतिशत, १२ प्रतिशत र ४ जना रहेको छ ।



# Internal Party Reform: The Importance of Gender Equality

■ Corien Jonker

# पार्टीको आन्तरिक सुधार : लैङ्गिक समानताको महत्व

■ कोरिन यन्कर

## Introduction

In James Shirley's well-known poem 'Death the Leveler', the 17th-century poet says "There is no armor against Fate; Death lays his icy hand on kings; Scepter and Crown Must tumble down. And in the dust be equal made. With the poor crooked scythe and spade". Indeed, we are all equal and so it should be. Even though there are differing opinions about this, it is a fact that men and women are equal. It is this equality that should define and safeguard relations in the world. It is based on the same principle that makes us equal in death. In this context, this essay is an opinion piece on internal political party reforms with the aim of emphasizing the message of gender equality in Nepali political parties.

## A Nepali Dream

A country's constitution is the highest law of the land, the primus inter pares upon which all other legislation is or should be based upon and be inferior to. If it is true that the will of the people is crystallized in law, then it is equally true that the imperatives of a country's constitution reflect the will of the people. Thus, the Constitution is the base for everything in the country and it determines every relationship possible in the sphere of human existence of that country.

As is often the case in the history of nations, the Federal Republic of Nepal also came into being after a civil war. More often than not, a civil war causes nations to think long and hard about their past as well as the future they want to create for citizens. Nepal chose to follow the road of democracy and with it all freedoms and responsibilities that come with living in a parliamentary democracy. Although the democratic revolution was successful by 2006, the new Constitution was only adopted in late 2015 with the first set of national elections (since the end of the civil war and the abolishment of the monarchy) taking place in late 2017. With that, came the time to develop and approve the Constitution to make the dream a reality - also in regard to gender equality.

## Gender Equality

The Office for Democratic Institutions and Human Rights (ODIHR) promotes gender equality in states participating in the Organization for Security and Co-operation in Europe (OSCE), as per the OSCE 2004 Gender



## परिचय

सत्रौं शताब्दीका कवि जेम्स शर्लीले लोकप्रिय कविता 'द डेथ लेभेलर'मा भनेका छन्, "भाग्यविरूद्ध कुनै रक्षाकवज छैन, मृत्युले राजामाथि आफ्नो चिसो हातमा राख्छ, मुकुट र राजदण्ड खस्नै पर्छ । अनि, धूलोमा सबै समान हुन्छन् । बाङ्गिएको दाँदे र कोदालोसँगै ।" निश्चितरूपमा हामी सबै समान छौं र हुनैपर्छ । यसबारे फरक मत रहे पनि पुरूष र महिला समान हुन्छन् भन्ने आफैंमा तथ्य हो । यसै समानताको आधारमा सम्बन्धहरूको परिभाषा र संरक्षण गरिनु पर्दछ । यही सिद्धान्तलाई आधार मान्ने हो भने मृत्युमा हामी सबै समान साबित हुन्छौं । त्यसैले यो लेख नेपाली राजनीतिक दलभित्र लैङ्गिक समानताको मुद्दालाई महत्वका साथ उठाउन राजनीतिक दलको आन्तरिक रूपान्तरणका सवालमा केन्द्रित रहेको छ ।

## नेपाली सपना

संविधान देशको सबैभन्दा मुख्य कानुन हो । संविधानकै आधारमा सबै कानुन निर्माण हुन्छन् वा यसरी बन्ने कानुन संविधान अनुकूल हुने गर्दछ । त्यसैले देशको संविधानमा जनचाहना प्रतिबिम्बित हुनुपर्छ भने कानुन र जनताका चाहना एकअर्कामा एकाकार हुनुपर्दछ । देशको समग्र व्यवस्थाको आधार संविधान नै हो, त्यसकारण देशका जनताको अस्तित्व र सम्बन्धलाई पनि संविधानले निर्धारण गरिरहेको हुन्छ ।

संसारका धेरै देशको इतिहास जस्तै नेपाल पनि हिंसात्मक द्वन्द्वबाट संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरित भएको हो । हिंसात्मक द्वन्द्वको अवस्थाले नागरिक हितका लागि बिगत र भविष्यबारे गम्भीर रूपमा सोच्न राज्यलाई बाध्य पार्छ । यसै क्रममा नेपालले लोकतन्त्रको मार्गमा हिंडेसँगै संसदीय लोकतन्त्रमा उपलब्ध स्वतन्त्रता र दायित्व पनि अनुसरण गर्ने प्रतिबद्धता गरेको छ । वि.सं. २०६२/६३ मा दोस्रो जनआन्दोलन सफल भएपछि संविधानसभामार्फत् वि.सं. २०७२ मा नयाँ संविधान जारी भयो । हिंसात्मक द्वन्द्वको अन्त्य र राजसंस्था उन्मुलन भएपछि वि.सं. २०७४ मा स्थानीय, प्रदेश र संघीय संसदको निर्वाचन सम्पन्न भयो । यसरी नयाँ संविधानको निर्माण र अनुमोदनपश्चात नेपालमा लैङ्गिक समानता प्राप्तिको सपना पूरा हुने दिशामा अगाडि बढेको छ ।

## लैङ्गिक समानता

सन् २००४ को ओएससीई लैङ्गिक कार्ययोजनाअनुसार 'द अफिस फर डेमोक्र्याटिक इन्स्टिट्युसन्स एण्ड ह्युमन राइट्स' (ओएससीई)मा संलग्न राज्यहरूमा 'अर्गनाइजेसन फर सेक्युरिटी एण्ड कोअपरेसन इन युरोप' (ओडीआइएचआर)ले लैङ्गिक समानता प्रबर्द्धन गर्ने काम गर्दछ । ओडीआइएचआरका अनुसार सदस्य राष्ट्रहरूले आफ्ना कानुनमा औपचारिक लैङ्गिक समानताको सवाल यस अगाडि नै समावेश गरिसकेका थिए । यद्यपि, व्यवहारमा लैङ्गिक समानता प्राप्त गर्नका

Action Plan. ODIHR observes that formal gender equality may be a matter already extensively covered by law in member states' legislation (the de jure situation), but that strengthened efforts are needed to achieve gender equality in reality (the de facto situation).[1] ODIHR, therefore, assists and supports OSCE participating states in promoting the political participation of women and other underrepresented groups.

Focusing on the de jure equality, it is clear that the Nepali Constitution covers gender equality in no uncertain terms. Already in the preamble to the Constitution it is made clear that all discrimination, including in relation to gender, is ended. Special provisions were also made in favor of the advancement of women. In fact, women's rights are, in some instances, are particularly protected. Significant examples for this are the Constitution's stance against violence against women, its referral to women in positions of power as "she" and the instruction that the President and Vice President may not be of the same gender (or ethnicity, for that matter). The latter directive also applies to the appointment of the Prime Minister and Ministers, Chairperson and Vice Chairperson of the National Assembly as well as for the positions of Speaker and Vice Speaker. The Constitution even determines the number of women to serve: stating that at least one third of the total members elected from each political party should be women, and that at least a certain number of women are to be included in the National Assembly. Out of the eight members of the National Assembly elected from each province, at least three should be women.[2]

In fact, after further scrutiny, many more examples of gender inclusion in the political arena can be found inside the Constitution. Suffice to say, the Constitution envisages a 'dream of gender equality' in Nepal's governance structures. If the Constitution is implemented, as the law prescribes, it is clear then that more women than ever before in Nepal's political history will be involved in politics with all the inherent duties this involved. Political parties have constitutional obligations to empower women to deal with these duties in such a way that the execution is to the benefit of society as a whole. The question then arises: If the de jure situation covers the quest for gender equality satisfactorily, what is the de facto situation, as Nepal continues on its democratic path?



लागि अझैं सशक्त प्रयास गर्न आवश्यक छ[१] । त्यसैले राजनीतिमा महिला र अन्य अल्पसंख्यक समूहको सहभागिता प्रबर्द्धन गर्न ओएससीईलाई ओडिआइएचआरले सहयोग र समर्थन गर्दै आइरहेको छ ।

नेपालको संविधानले कानुनीरूपमा लैङ्गिक समानतालाई निर्विवाद अनुसरण गरेको छ । संविधानको प्रस्तावनामै लैङ्गिकलगायत सबै प्रकारका भेदभावको अन्त्य गरिने कुरा प्रष्टरूपमा उल्लेख गरिएको छ । महिला विकासका लागि विशेष व्यवस्था गर्ने सवाल पनि समावेश गरिएका छन् । यसका साथै संविधानमा महिला हकको व्यवस्था गरी महिला अधिकारको संरक्षण गरिएको छ । महिला हिंसाविरूद्ध संवैधानिक व्यवस्था गरिनु, महिलालाई शक्तिशाली पदमा पुग्ने सहज प्रणालीलाई स्वीकार गर्नु र राष्ट्रपति र उप-राष्ट्रपति एकै लिङ्गका हुन नपाउने संवैधानिक व्यवस्था गरिनु आदि सकारात्मक उदाहरण हामी समक्ष छन् । यो प्रावधान प्रधानमन्त्री र मन्त्री, राष्ट्रियसभाका अध्यक्ष र उपाध्यक्षका साथै सभामुख र उप-सभामुख पदका हकमा पनि लागू हुन्छ । संविधानले राजनीतिक दलबाट निर्वाचित सदस्यमध्ये कम्तीमा एकतिहाई महिला अनिवार्य हुनुपर्ने र राष्ट्रियसभामा निश्चित संख्यामा महिला समावेश गरिनु पर्ने प्रावधानसहित महिलाको संख्या नै तोकिदिएको छ । राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट निर्वाचित आठ सदस्यमध्ये कम्तीमा तीनजना महिला अनिवार्य हुनुपर्छ ।[२]

वास्तवमा राम्ररी हेर्ने हो भने नेपालको संविधानभित्र राजनीतिक क्षेत्रमा लैङ्गिक समावेशीकरणका धेरै सकारात्मक उदाहरण देख्न सकिन्छ । यस अर्थमा नेपालको संविधानले राज्यसंरचनामा 'लैङ्गिक समानताको सपना'को परिकल्पना गरेको देखिन्छ । यी संवैधानिक र कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुने हो भने निश्चित जिम्मेवारीसहित राज्यसंरचनामा अहिलेसम्मकै सबैभन्दा धेरै महिला सहभागिता हुने अवस्था बनेको छ । संविधानले राजनीतिक दलहरूलाई महिला सशक्तिकरणको जिम्मेवारीको प्रदान गरेको छ । यो व्यवस्थाको कार्यान्वयनले समग्र समाजलाई नै फाइदा हुन्छ । यसकारण प्रश्न उठ्छ, संवैधानिक र कानुनी व्यवस्थाले मात्रै लैङ्गिक समानताको अवस्था सन्तोषजनक हुन्छ कि नेपाल लोकतान्त्रिक मार्गमा अगाडि बढ्दै जाँदा लैङ्गिक समानताका सवालमा व्यवहारिक रूपमै सकारात्मक परिवर्तन आउला ?

### नेपाली यथार्थ : नेपालबारे फ्रिडम हाउसको सन् २०२० राष्ट्रिय प्रतिवेदन

फ्रिडम हाउसको विश्वव्यापी रूपमा राजनीतिक अधिकार र नागरिक स्वतन्त्रतासम्बन्धी सम्पन्न वार्षिक अध्ययनमा नेपालले ५६ प्रतिशत अंक पाएको थियो ।[३] फ्रिडम हाउसकाअनुसार नेपाल 'आंशिक रूपमा स्वतन्त्र' छ । प्राज्ञिक क्षेत्रमा ५६ प्रतिशत अंकले 'उत्तीर्ण' हुने अवस्था देखाए पनि नेपालले पाएको यो अंकलाई उत्तम मान्न सकिँदैन किनभने ६० प्रतिशतभन्दा कम अंक प्रथम श्रेणीका

## The Nepali Reality: Enter the 2020 Freedom House Country Report on Nepal

Freedom House, in their annual 2020 study on political rights and civil liberties worldwide, awarded a mark of 56 percent to Nepal.[3] On this basis, Freedom House classifies Nepal as 'partly free'. In academic terms, one cannot regard this mark as a good even if it does represent a 'pass'. Indeed, as it does not reach the 60 percent mark, it is not a first-class mark.[4] However, one should ask the obvious question: does a country deserve to be 56 percent free, or rather 75 percent free, considering that even at the mark of 75 percent there is still 25 percent of freedom missing somewhere? Or is freedom worth a score of 100 percent?

In turning to other specifics contained in the report, it is clear that there is considerable room for development when it comes to gender equality in Nepal. For example, while recognizing the requirements of political participation by women according to Nepali law, it noted that social discrimination continued to hinder women's political involvement. In observing that Nepal had a (first) woman president and that 32.7 percent of the House of Representatives were women, the report emphasized that only a few women held senior political positions. At any rate, Nepal will have to deal conclusively with the discrepancies between 'dream' and 'reality', the differences between the de jure and the de facto situations for its democratic quest to be considered functioning.

## Dealing with Discrepancies between 'dream' and 'reality'– the ODIHR Gender Audit for Political Parties

In dealing with the discrepancies between 'dream' and 'reality', one option is for the country to adopt the ODIHR Gender Audit for Political Parties. So far, based on this tool, ODIHR has supported 43 major political parties in eight countries, assessing the degree to which men and women receive equal opportunities within political parties and formulating recommendations for ways forward.[5] These countries were respectively Armenia, Bosnia and Herzegovina, Finland, Georgia, Kazakhstan, Kyrgyzstan, Moldova, and Tajikistan.

According to ODIHR, political parties are the 'gatekeepers' of women's political participation because of the dominant and key role that political parties play in determining the level and quality of women's (and men's)



लागि पर्याप्त छैन ।[४] त्यसैले स्वभाविकरूपमा देश ५६ प्रतिशत मात्रै वा ७५ प्रतिशत स्वतन्त्र हुनु पर्याप्त छ कि छैन भन्ने प्रश्न उठ्छ । किनभने ७५ प्रतिशत अंक प्राप्त गर्दा पनि २५ प्रतिशत स्वतन्त्रता भने कतै हराएको हुन्छ । कि 'स्वतन्त्रतामा देशले १०० प्रतिशत अंक नै ल्याउन आवश्यक छ ?' भन्ने प्रश्न पनि खडा भएको छ ।

प्रतिवेदनमा समावेश अन्य विवरणलाई ध्यानमा लिँदा लैङ्गिक समानताको हकमा सुधारका प्रशस्त सम्भावना छन् भन्ने प्रष्ट देखिन्छ । उदाहरणको लागि नेपालको कानुनअनुसार महिलाको राजनीतिक सहभागिताको आवश्यकता पहिचान गर्दा सामाजिक भेदभावले महिलाको राजनीतिक सहभागितामा अवरोध गरिरहेको परिदृश्य हाम्रो सामु छ । नेपालमा पहिलो पटक महिला राष्ट्रपति बनेको इतिहास छ । यसैगरी संघीय प्रतिनिधिसभामा ३२.७ प्रतिशत महिला सदस्य निर्वाचित भएका छन् । यद्यपि, उच्च ओहोदाका राजनीतिक पदमा महिलाले अझैं प्राप्त गर्नु पर्नेमा प्रतिवेदनले जोड दिएको छ । जे जस्तो भए पनि नेपालले 'सपना' र 'यथार्थ' तथा कानुनी व्यवस्था र वास्तविकताबीचको दूरीलाई लोकतान्त्रिक लक्ष्य प्राप्त गर्ने क्रममा निर्णायकरूपमा सम्बोधन गर्नु पर्छ ।

## 'सपना' र 'यथार्थ' बीचको दूरी : राजनीतिक दलका लागि ओडिआइएचआर लैङ्गिक परीक्षण

'सपना' र 'यथार्थ' बीचको दूरीलाई सम्बोधन गर्न राजनीतिक दलका लागि ओडिआइएचआर लैङ्गिक परीक्षण (जेन्डर अडिट) अवलम्बन गर्ने एउटा बैकल्पिक विधि हुनसक्छ । हालसम्म यही संयन्त्रको आधारमा ओडिआइएचआरले आठ सहभागी देशहरूमा ४३ ओटा प्रमुख राजनीतिक दललाई सहयोग गरेको छ । यसै अवसरमा ओडिआइएचआरले राजनीतिक दलभित्र पुरूष र महिलाले प्राप्त गरेको समान अवसरको तह विश्लेषण गर्दै सुधारका लागि सिफारिस गरेको थियो ।[५] ती देशहरू अर्मेनिया, बोस्निया हर्जेगोभिना, फिनल्याण्ड, जोर्जिया, कजाक्स्तान, किर्गिस्तान, मोल्डोभा र ताजिक्स्तान हुन् ।

ओडिआइएचआरका अनुसार, महिला र पुरूषको राजनीतिमा संलग्नताको तह र गुणस्तर निर्धारण गर्नमा राजनीतिक दलको प्रमुख भमिका हुने गर्दछ । राजनीतिक महिलाको प्रभावकारी सहभागिताका सन्दर्भमा राजनीतिक दलहरूले 'द्वारपाल'को भूमिका खेल्छन् ।[६] त्यसकारण राजनीतिक दल लैङ्गिक सवालमा संवेदनशील छन् कि छैनन् भन्ने विश्लेषण गर्नु महत्वपूर्ण हुन्छ । राजनीतिक दलमा परम्परागतरूपमा पुरूष अधिपत्य छ र सोही सामाजिक मान्यताका आधारमा दलहरू सञ्चालित छन् । यसले लैङ्गिकरूपमा विभेदजन्य अभ्यासलाई कायम राखेको छ भने राजनीतिक दलमा आन्तरिक लैङ्गिक असमानतालाई बढाउनका साथै महिलाको राजनीतिक वृत्तिविकासमा समेत अवरोध सिर्जना गरेको छ ।[७]

political engagement.[6] Therefore, it is key to assess how gender sensitive a political party is. The traditional male domination and ingrained social norms indisputably created discriminatory practices in the internal functioning of political parties, perpetuating gender inequality and hindering women from advancing their political careers.[7] In this context, it is, therefore, a good idea to institute an appropriate diagnostic and developmental process within every political party – and the ODIHR tool is one such option. Available online, this tool will generate a confidential individualized report, based on the information provided by a respective party. The report also includes recommendations on how to create a more 'level playing field' within its own party ranks. A pre-election period provides an excellent opportunity for such a self-assessment identifying one-sided provisions or gaps in party documents and/or reveal equally unfavorable operational practices.[8]

As to its benefits, such a tool may help political parties to realize that more women will help them to compete more effectively, and to introduce new perspectives into policy areas traditionally dominated by men. Women are often perceived as more credible on key social issues. Furthermore, a party that not only develops a stance on gender equality, but also articulate its stance in the form of concrete objectives, obtains a powerful tool with which to reach out to women voters and broader voting public. Having candidates represent a cross section of society also helps to maximize the potential electoral appeal of a party to different voter groups – including marginalized groups and latent voters.[9] Let us now focus on a case study where the ODIHR Gender Audit for Political Parties has been used.

### The Moldovan Case Study

During 2017, several Moldovan political parties conducted a Gender Audit of their parties with the support of various ODIHR experts. Overall, the audit reported existing gender gaps in the parties' internal processes, procedures, structures, culture and activities, and offered recommendations to each party leadership to address the identified challenges. Based on these reports, the parties developed their individual gender action plans for the following two years. Again, supported by ODIHR, the development of these plans began through the organization of individual meetings and workshops, in which party representatives developed strategies to mainstream gender policy into their party and focused on the effective implementation of the recommendations.



यसै सन्दर्भमा राजनीतिक दलभित्र लैङ्गिक समानता स्थापित गर्न आवश्यक पद्धतिको विकास र विभेद अन्त्यको लागि निदानकारी प्रक्रिया अवलम्वन गर्नु आवश्यक छ । यसका लागि ओडिआइएचआर लैङ्गिक परीक्षण एउटा त्यस्तो बैकल्पिक संयन्त्र हुनसक्छ । निश्चित दलबाट प्राप्त सूचनाका आधारमा संयन्त्रले अनलाइन विधिबाट गोप्यरूपमा यो प्रतिवेदन तयार गर्दछ । यो प्रतिवेदनमा आफ्नै तह र तप्काका सहकर्मीबीच कसरी 'समान अवसर' सिर्जना गर्ने भन्ने सिफारिस पनि संलग्न गरिन्छ । दलगत दस्तावेजमा रहेका एकपक्षीय प्रावधानसम्बन्धी असङ्गत अभ्यासलाई सम्बोधन गर्न यो सहयोगी हुन्छ । यसका साथै यो सामग्रीले पार्टीलाई निर्वाचन पूर्वको समयमा आत्मसमीक्षा गर्नका लागि पनि अवसर प्रदान गर्दछ ।[८]

यसले राजनीतिक दललाई प्रभावकारी रूपमा चुनावी प्रतिस्पर्धामा उत्रन र परम्परागत रूपमा रहेको पुरूषको आधिपत्य अन्त्य गर्नका लागि नीतिगत तहमै नयाँ दृष्टिकोण प्रस्तुत गर्न सघाउँछ । यसैगरी महिलाले थप सहयोग प्राप्त गर्ने वातावरण बन्न सक्छ । सामान्यतः गम्भीर सामाजिक मुद्दामा महिला बढी विश्वसनीय हुन्छन् भन्ने मान्यता कायम छ । यसले पार्टीको लैङ्गिक समानताबारे अडान मात्र निर्माण गर्दैन, वस्तुगतरूपमा लक्ष्य निर्धारण गर्न समेत सघाउँछ । यसका साथै महिला मतदाता र आम मतदाता समक्ष उनीहरूको पहुँच बढाउने सशक्त संयन्त्र पनि हुन सक्छ । समाजका विविध पक्षको प्रतिनिधित्व गर्ने उम्मेद्वार खडा भएको अवस्थामा सिमान्तीकृत समूह र सूसुप्त अवस्थामा रहेका मतदाता समूहबीच दलको चुनावी आकर्षणको सम्भावना बढेर जान्छ ।[९] अब राजनीतिक दलसम्बन्धी ओडिआइएचआर लैङ्गिक परीक्षण प्रयोग भएको एउटा घटना अध्ययनबारे चर्चा गरौं ।

### मोल्डोभाको घटना अध्ययन

सन् २०१७ को समयमा मोल्डोभाका विभिन्न राजनीतिक दललेओडिआइएचआर का विशेषज्ञको सहयोगमा आफ्नो परीक्षण गरेका थिए । सो परीक्षणले बृहतरूपमा दलहरूको आन्तरिक प्रक्रिया, कार्यप्रणाली, संरचना, संस्कृति र गतिविधिलाई लैङ्गिक दृष्टिले समीक्षा गरिएको थियो । उक्त परीक्षणले पार्टीका कमी–कमजोरीको पहिचान गऱ्यो र ती चुनौती सम्बोधनका लागि दलका नेतृत्वलाई विभिन्न सिफारिस प्रदान गऱ्यो । प्रतिवेदनका आधारमा ती दलले दुई वर्षका लागि छुट्टै लैङ्गिक कार्य–योजना तर्जुमा गरे । यसको अतिरिक्त ओडिआइएचआरको सहयोगमा ती योजनाको विकासका लागि विभिन्न किसिमका कार्यशाला र बैठकको आयोजना भयो । त्यस्ता कार्यक्रममा दलका प्रतिनिधिले दलभित्र लैङ्गिक मूलप्रवाहीकरण गर्ने रणनीति तर्जुमा गरे भने प्रदान गरिएका सिफारिसको प्रभावकारी कार्यान्वयन गर्न ध्यान केन्द्रित गरे ।

यस क्रममा विभिन्न दलले तय गरेका केही लक्ष्यहरू तल उल्लेख गरिएको छ :

- राजनीतिक सञ्चारमा लैङ्गिक विभेद अस्वीकार गर्ने गरी पत्रकार आचारसंहिता संशोधन गर्ने,

Examples of the sorts of targets that the different parties set themselves were:

- Amending the Journalists' Code of Conduct to make sexism in political communications unacceptable
- Including at least one-woman candidate in all primaries;
- Set up informal local meetings by regional leaders to reach out to undecided women voters and to mobilize new women members;
- Create a special work team to reach out to new women in constituencies to run as election candidates; and
- Be chosen in party leadership posts, having gone through a leadership school.

During a follow-up visit by ODIHR in 2018, it appeared that the development and endorsement of gender action plans had served to strengthen and formalize the commitment of political parties to advance gender equality in the long-term and provide a baseline for monitoring its progress. Measures and activities identified to boost women's political participation in political parties, once written in parties' gender action plans, became a powerful tool for advocacy and long-term change.[10] Interestingly, women's overall parliamentary representation in Moldova has risen from 21.8 percent in 2014 to 25.7 percent in 2019[11], representing the highest number of women elected in the country's history. In particular, in November 2020, Maia Sandu became the first woman to become the country's Prime Minister.[12]

## Conclusion

It should be a priority for the political leaders of any country to ensure that the affirmation of women's rights is put into practice through a functioning gender equality mechanism – whether direct or indirect, formal or informal – in their own internal structures. One option is to influence the political parties' gender sensitivity. For this purpose, I have tried to advanced in this essay the ODHIR Gender Audit. As noted, this tool can serve as an effective 'roadmap' for the development and implementation of women's political participation in Nepal and through that, for the state's gender equality and wellbeing of all of its peoples. Experiences in other countries, like Moldova, show that the development and endorsement of gender action plans not only tends to strengthen and formalize political parties' commitment to advancing gender equality but also becomes a powerful tool for advocacy and sustainable change and national progress.



- सबै प्राइमेरी (पार्टीको अधिवेशनमा सहभागी हुने प्रतिनिधिको निर्वाचन)मा कम्तीमा एकजना महिला उम्मेद्वार समावेश गर्ने,
- महिला मतदाता समक्ष पहुँच पुऱ्याउन र नयाँ महिला सदस्य परिचालन गर्नका लागि क्षेत्रीय स्तरका नेताहरूको अनौपचारिक बैठक आयोजना गर्ने,
- निर्वाचनमा उम्मेद्वारका रूपमा खडा हुनका लागि नेतृत्वसम्बन्धी प्रशिक्षण लिइसकेपछि दलको नेतृत्व तहमा चुनिन निर्वाचन क्षेत्रका नयाँ महिलासमक्ष पहुँच बिस्तार गर्न विशेष कार्यदल निर्माण गर्ने ।

सन् २०१८ मा ओडिआइएचआरबाट आयोजित भ्रमणको क्रममा लैङ्गिक कार्य-योजनाको निर्माण र अनुमोदनले दिर्घकालीन रूपमा लैङ्गिक समानता प्रबर्द्धन गर्ने र यससँग सम्बन्धित प्रगति अनुगमन गर्ने मार्गचित्र तयार गर्न सहयोग गरेको पाइयो । यसैगरी लैङ्गिक समानताप्रति राजनीतिक दलहरूको प्रतिबद्धता बढ्ने र औपचारिक स्वरूप प्राप्त गर्ने अवस्था बनेको देखिएको थियो । राजनीतिक दलहरूमा महिला सहभागिता अभिवृद्धिका लागि तयार पारिएका नीति र गतिविधिमा लैङ्गिक कार्य-योजनामा समावेश गरिएको र सशक्तरूपमा पैरवी भएका कारण पार्टीमा दीर्घकालीन परिवर्तनका लागि आवश्यक संयन्त्र बनेको पाइयो ।[१०] यसैको परिणाम सन् २०१४ मोल्डोभाको संसदमा महिलाको प्रतिनिधित्व २१.८ प्रतिशत थियो जुन सन् २०१९ मा बृद्धि भएर २५.७ प्रतिशत पुगेको थियो ।[११] यो मोल्डोभाको संसदीय इतिहासमै सबैभन्दा धेरै महिला निर्वाचित भएको अवस्था थियो । यसका साथै सन् २०२० नोभेम्बरमा माया सान्डु देशको पहिलो महिला प्रधानमन्त्रीको रूपमा निर्वाचित भइन् ।[१२]

## निष्कर्ष

प्रभावकारी लैङ्गिक समानता स्थापनाका लागि प्रत्यक्ष वा अप्रत्यक्ष संयन्त्र तथा औपचारिक वा अनौपचारिकरूपमा आन्तरिक संरचनामा निर्माण गरेर महिला अधिकार व्यवहारमा स्थापना गर्ने कुरा कुनै पनि देशको राजनीतिक नेतृत्वको प्राथमिकतामा पर्नुपर्छ । यसमा अन्तरनिहीत एउटा बिकल्प भनेको राजनीतिक दलको लैङ्गिक संवेदनशीलतालाई प्रभावकारी तुल्याउनु हो । यो उद्देश्य प्राप्तिका लागि मैले ओडिआइएचआर लैङ्गिक परीक्षणसम्बन्धी आलेख प्रस्तुत गरेको हुँ । निश्चित रूपमा यो संयन्त्र नेपालमा महिलाको राजनीतिक सहभागिताको विकास र कार्यान्वयन गर्ने प्रभावकारी 'मार्गचित्र' साबित हुनेछ । त्यही माध्यमबाट राज्यमा लैङ्गिक समानता र जनकल्याण स्थापित हुने अपेक्षा गरिएको छ । मोल्डोभाजस्तो देशको अनुभवले के कुरा देखाउँछ भने राजनीतिक दलले निर्माण गर्ने लैङ्गिक कार्य-योजना र यसको कार्यान्वयनले लैङ्गिक समानताको पक्षमा राजनीतिक प्रतिबद्धता सशक्त बन्दै जान्छ भने दीगो परिवर्तन र राष्ट्रिय प्रगतिको पक्षमा सबल संयन्त्र पनि बन्ने देखिन्छ ।

## Endnotes

[1] OSCE/ODIHR, 2014/2017, p. 12-17.

[2] Nepal Law Society, International IDEA, UNDP 2021.

[3] This mark represents 25 out of 40 for political rights, and 31 out of 60 for civil liberties.

[4] Well short of a distinction or cum laude, typically indicated from about 75% in tertiary studies.

[5] OSCE/ODIHR, 2014/2017, p. 50.

[6] OSCE/ODIHR, 2014/2017, p. 46.

[7] OSCE/ODIHR, 2014/2017, p. 50.

[8] OSCE/ODIHR, 2014/2017, p. 51.

[9] OSCE/ODIHR, 2014/2017, p. 32-34.

[10] A. Van Heel (2021), personal communication, May 18.

[11] IPU Parline, 2021.

[12] Deutsche Welle.

## References


- DW 'Moldova election: Pro-EU Maia Sandu wins presidency' [Online]. Available at https://www.dw.com/en/moldova-election-pro-eu-maia-sandu-wins-presidency/a-55611249 (dd. 31.05.2021).
- Freedom House '2020 Nepal Country Report' [Online]. Available at https://freedomhouse.org/country/nepal/freedom-world/2020 (dd. 28.05.2021).
- IPU Parline 'Monthly ranking of women in National Parliaments' [Online]. Available at https://data.ipu.org/women-ranking?month=4&year=2021 (dd. 31.05.2021).
- Nepal Law Society, International IDEA, UNDP (2021) 'Nepal's Constitution of 2015' [Online]. Available at https://www.constituteproject.org/constitution/Nepal_2015.pdf (dd. 10.06.2021).
- OSCE Office for Democratic Institutions and Human Rights (2014, 2017) 'Handbook on Promoting Women's Participation in Political Parties', OSCE Office for Democratic Institutions and Human Rights.




## पाद टिप्पणी

[१] ओएससीई/ओडिआइएचआर, सन् २०१४/२०१७, पृष्ठ १२-१७ ।

[२] नेपाल कानुन समाज, अन्तर्राष्ट्रिय आइडिया, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम सन् २०२१ ।

[३] यो आँकडाले ४० मध्ये २५ वटा राजनीतिक अधिकार र ६० मध्ये ३१ वटा नागरिक स्वतन्त्रता प्रतिनिधित्व गर्दछ ।

[४] यो विशिष्ट श्रेणीभन्दा कम हो । उच्च शिक्षामा प्रायः ७५ प्रतिशतभन्दा माथिलाई विशिष्ट श्रेणी भनिन्छ ।

[५] ओएससीई/ओडिआइएचआर, सन् २०१४/२०१७, पृष्ठ ५० ।

[६] ओएससीई/ओडिआइएचआर, सन् २०१४/२०१७, पृष्ठ ४६ ।

[७] ओएससीई/ओडिआइएचआर, सन् २०१४/२०१७, पृष्ठ ५० ।

[८] ओएससीई/ओडिआइएचआर, सन् २०१४/२०१७, पृष्ठ ५१ ।

[९] ओएससीई/ओडिआइएचआर, सन् २०१४/२०१७, पृष्ठ ३२-३४ ।

[१०] ए भ्यान हिल (सन् २०२१), व्यक्तिगत संचार, मे १८ ।

[११] आइपीयू पार्लीन, सन् २०२१ ।

[१२] डोइच वेल ।

## सन्दर्भ सामाग्री


- डिडब्लू 'मोल्डोभाको निर्वाचनः इयू पक्षधर माया सान्डू राष्ट्रपति निर्वाचनमा विजयी' अनलाइन । https://www.dw.com/en/moldova-election-pro-eu-maia-sandu-wins-presidency/a-55611249 (dd. 31.05.2021) मा उपलब्ध ।
- फ्रिडम हाउस '२०२० कन्ट्री रिपोर्ट' अनलाइन । https://freedomhouse.org/country/nepal/freedom-world/2020 (dd. 28.05.2021). मा उपलब्ध ।
- आइपीयू पार्लीन 'राष्ट्रिय संसदमा महिलाको मासिक श्रेणी' अनलाइन । https://data.ipu.org/women-ranking?month=4&year=2021 (dd. 31.05.2021) मा उपलब्ध ।
- नेपाल कानुन समाज, अन्तर्राष्ट्रिय आइडिया, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (सन् २०२१) 'नेपालको संविधान २०७२' अनलाइन । https://www.constituteproject.org/constitution/Nepal_2015.pdf (dd. 10.06.2021) मा उपलब्ध ।
- ओएससीई लोकतान्त्रिक संस्था र मानव अधिकार सम्बन्धी कार्यालय (सन् २०१४, २०१७) 'राजनीतिक दलमा महिला सहभागिता प्रवर्द्धन गर्ने सम्बन्धी हाते पुस्तिका', लोकतान्त्रिक संस्था र मानव अधिकार सम्बन्धी ओएससीई कार्यालय ।



# Democracy and Governance within Political Parties

# राजनीतिक दलभित्र लोकतन्त्र र शासन प्रणाली

■ Dolma Tamang

■ डोल्मा तामाङ

Nepalis have been struggling for democracy and progressive sociopolitical change since the 1940s. Due to the sacrifices made by the people through the historical people's movement, armed struggle, and social movements in the past, a competitive multi-party democratic system of governance was established first in 1951 and then again in 1990. After the new constitution was promulgated following the Maoist armed conflict and the 2006 people's movement, Nepal became a federal democratic republic based on the principles of fundamental rights, human rights, universal adult suffrage, regular elections, full media freedom and an independent, fair, professional judiciary.

After the formation of a federal government in 2017, following the completion of elections at all three levels, federalism came into operation. Governments formed under the new federal structure are now working to provide a concrete vision of a sustainable peace, good governance, development and prosperity. Accordingly, it is the responsibility of the state to create conditions for the citizens to enjoy those rights. It is also the state's responsibility to ensure the property rights of citizens, to spend public funds to support the poorest in society by taxing the more economically affluent, and to distribute the opportunities available from the state on an equitable basis.

In a multi-party system, political parties play the key role in stimulating national socio-economic transformation. The service of the people is, or at least should be, the center of politics. Politics should also guarantee that the constitutions and legal rights created by politics, are for the benefit of all the people and not just the few. Therefore, the responsibility of all elected representatives, political parties and government is to implement federalism, by exercising the rights enshrined in the constitution and law.

Most political parties operate on the basis of ideas and policies, which are formulated by a central committee or national general convention, which is the highest body of a party. Similarly, the leadership of the party implementing the ideas and policies are also elected by the convention. According to the party's constitution, the leadership is selected and given responsibilities at the provincial and local level through the same process.

In principle, a collective leadership system can and should be adopted to strengthen internal democratic practices within a party. However, in Nepal, this



वि.सं. १९९० को दशकदेखि नेपालमा लोकतन्त्र, अग्रगामी सामाजिक-राजनीतिक परिवर्तनको लागि नेपाली जनताले पटक-पटक संघर्ष गर्दै आइरहेका छन् । बिगतमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, सामाजिक आन्दोलन आदिमार्फत जनताले गरेको त्याग र बलिदानका कारण नेपालमा सुरुमा २००७ मा र त्यसपछि २०४६ मा प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली स्थापना भएको हो । माओवादी सशत्र युद्ध र वि.सं. २०६२/६३ को जनआन्दोलनपछि वि.सं. २०७२ मा नयाँ संविधान बनेपछि नेपाल नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष, सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणासहित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थापनमा प्रवेश गरेको छ ।

वि.सं. २०७४ मा तीनै तहको निर्वाचन सम्पन्न भएर सरकारको गठन भएपछि संघीय शासनको अभ्यास सुरु भएको छ । यसरी गठन भएका सबै तहका सरकार दिगो शान्ति, सुशासन विकास र समृद्धिको परिकल्पनालाई मूर्तरूप दिन क्रियाशील छन् ।

सोही अनुरूप नागरिकलाई सहजरूपमा ती अधिकारको उपभोग गर्न सक्ने अवस्थाको निर्माण गर्नु राज्यको दायित्व हो । राज्यले नागरिकको सम्पत्तिको अधिकार सुनिश्चित गर्ने, आर्थिकरूपमा सम्पन्न वर्गमाथि प्रगतिशील करको व्यवस्था गरी बिपन्न वर्गको उन्नतिमा खर्च गर्ने, राज्यबाट उपलब्ध अवसरको समन्यायिक वितरण गर्ने काम राज्यको हो ।

बहुदलीय राजनीतिक व्यवस्था भएको देशमा मुलुकको आर्थिक-सामाजिक रूपान्तरणमा राजनीतिक दलले नै सबैभन्दा महत्वपूर्ण भूमिका खेल्छन् । राजनीतिको केन्द्र जनताको सेवा हो। जनताको हितका लागि राजनीतिले नै निर्माण गरेका संविधान र कानुनी अधिकार प्रत्याभूति गराउने काम पनि राजनीतिले नै गर्छ । त्यसैले संघीयताको कार्यान्वयनसँगै संविधान र कानुनमा उल्लेखित अधिकारको अभ्यास गर्ने काम मूलतः जननिर्वाचित प्रतिनिधि र सरकारको नै हो । ती अधिकारको अभ्यासका लागि राजनीतिक दलहरूले पनि जिम्मेवारपूर्ण भूमिका निर्वाह गर्नुपर्छ । त्यसैले राज्यव्यवस्था सञ्चालनको मुख्य भूमिकामा रहेका राजनीतिक दल जति लोकतान्त्रिक हुन्छन्, शासनव्यवस्था पनि त्यतिकै लोकतान्त्रिक हुने भएका कारण दलभित्रको बलियो लोकतान्त्रिक अभ्यास अत्यन्तै महत्वपूर्ण सवाल हो ।

सबैजसो राजनीतिक दल निश्चित विचार र नीतिका आधारमा सञ्चालित हुने गर्दछन्, जसलाई पार्टीको सबैभन्दा माथिल्लो निकाय केन्द्रीय समिति वा राष्ट्रिय महाधिवेशनले निर्माण गर्दछ । यसैगरी सो विचारलाई कार्यान्वयन गर्ने संगठनको

system is weak and parties are also in a weak position due to the emergence of factionalism, which has in many ways served only to exhaust the energy of Nepali political parties. As factions are formed on the basis of ideological differences, it is not uncommon for a party to witness such differences. However, these differences need to be resolved on the basis of the party constitution and through a democratic and transparent process.

However, some of the factions operating within Nepal's parties are focused purely and squarely on their own private vested interests rather than on empowering the party to help citizens enjoy a better life. Indeed, there is often no or little difference of opinion or agenda between these subgroups. However, the same factions have become THE decisive force within their parties, promoting a non-transparent approach to party decision-making, with many lacking the suitable qualifications to serve in the top jobs while also introducing a 'glass ceiling' in regard to the political opportunities for others, especially women. Such a situation will only increase the likelihood of a party not developing a new leadership with a clear vision and plan. And when this happens, global history tells us that parties tend to suffer electorally – it is a salient point to remember. Not only that, such an approach also seems to stop the process of any kind of generational transfer of power within the party. Running modern day parties through such a process is surely fatal for democracy and this is why ideological clarity, democratic working style and leadership with politics at the center is required now.

Of course, this fundamentally requires radical democratic change within political parties. Frankly speaking, I doubt I will shock many readers when I say that impunity has been on the rise across all Nepali parties for a long time now and it needs to stop. The tendency of party leaders to take decisions in favor of private personal interests remains a major problem. Analyzing all this, it can very easily be concluded that the levels of internal party democracy within Nepal are at an all-time low. If that is the conclusion, then something needs to be done so that every party - at all levels can become more internally democratic. Certainly, the party needs to function on the basis of clearly laid and commonly agreed rules, regulations and a constitution. In this way, the tradition of internal party democracy will become stronger as opaque practices and individualist tendencies will gradually come to an end.



नेतृत्व पनि अधिवेशनबाटै निर्वाचित हुन्छन् । पार्टीको विधानबमोजिम प्रदेश र स्थानीय तहमा पनि यही विधि र प्रक्रियाबाट नेतृत्व छनौट गरिन्छ र जिम्मेवारी प्रदान गरिन्छ ।

सैद्धान्तिकरूपमा पार्टीको आन्तरिक लोकतन्त्र बलियो बनाउन सामूहिक नेतृत्व प्रणाली अवलम्बन गरिनुपर्छ । तर, नेपाली राजनीतिमा सामूहिक नेतृत्व प्रणाली कमजोर छ भने गुट र उपगुटको राजनीतिले दलहरू पनि कमजोर अवस्थामा छन् । यस्तो गुटबन्दीले सबैजसो पार्टीलाई थिलथिलो बनाएको छ । पार्टीभित्र सैद्धान्तिक र नीतिगत मत भिन्नताको आधारमा गुट बन्ने गर्छ, एउटा गतिशील जीवन्त पार्टीमा वैचारिक भिन्नता हुनु अस्वभाविक होइन । यद्यपि, ती भिन्नताको छिनोफानो विधानसम्मत र लोकतान्त्रिक प्रक्रियाबाट समाधान खोजिनु पर्दछ ।

तर, नेपालका राजनीतिक दलमा सञ्चालित गुट पार्टीलाई सशक्त बनाउन नभइ केही व्यक्तिगत निहीत स्वार्थपूर्तिका लागि क्रियाशील छन् । ती गुटबीच केही फरक विचार र एजेण्डा छैनन् । तर, तिनै गुट पार्टीको निर्णायक बन्ने गरेका छन् । यसले पार्टीभित्र विधि र प्रक्रियाबाट निर्णय नहुने, योग्यता, क्षमता र पार्टीमा योगदान गरेका व्यक्ति, विशेषगरी महिला नेतृत्वमा स्थापित नहुने वा अवसर नपाउने कुरालाई नै बढावा दिन्छ । यस्तो परिपार्टीले पार्टीमा स्पष्ट दृष्टिकोण र योजनासहित नयाँ नेतृत्वको विकास हुनै नसक्ने सम्भावना बढाउँछ । यस्तो हुँदा, विश्व इतिहासले हामीलाई कैयौं पटक सम्झाएको छ – त्यस्ता पार्टीहरूको निर्वाचनमा हार निश्चित छ । यति मात्रै होइन, यसले पार्टीमा पुस्तान्तरणको प्रक्रियालाई समेत रोक्ने देखिन्छ । यस्तो प्रक्रियाबाट आधुनिक समयका पार्टी सञ्चालन हुनु लोकतन्त्रकै लागि घातक छ । वैचारिक दृष्टिकोणमा प्रष्टता, लोकतान्त्रिक कार्यशैली र जनतालाई केन्द्रमा राखेर राजनीति गर्ने नेतृत्व अहिलेको आवश्यकता हो ।

यसका लागि राजनीतिक दलभित्रै आमूल लोकतान्त्रिक परिवर्तनको आवश्यकता छ । मैले यसो भन्दा धेरै पाठकहरू अचम्ममा पर्नुहोला तर, सबैजसो दलभित्र लामो समयदेखि दण्डहीनता बढ्दो छ । नेतृत्वले व्यक्तिगत स्वार्थ अनुकूल निर्णय गर्ने प्रवृत्ति ठूलो समस्याको रूपमा खडा भएको छ । यी सबै विश्लेषण गर्दा राष्ट्रिय राजनीतिमा प्रभावकारी भूमिका निर्वाह गर्ने दलभित्र आन्तरिक लोकतन्त्र एकदमै कमजोर अवस्थामा पुगेको निष्कर्ष निकाल्न सकिन्छ । त्यसैले दलभित्रका सबै तहका गतिविधिलाई पूर्ण लोकतान्त्रिक बनाउने विधि, विधान र पद्धतिको अभ्यास गर्नुपर्छ । दलभित्र देखिएका अपारदर्शिता र व्यक्तिवादी प्रवृत्तिको अन्त्य गर्दै जाँदा पार्टीभित्रको आन्तरिक लोकतन्त्र बलियो हुँदै जान्छ ।

दलहरू लोकतान्त्रिक र खुल्ला ढङ्गले चलेनन् भने दलबाट निर्माण हुने सरकार र त्यो सरकारबाट हुने राजनीतिक निर्णय पनि लोकतान्त्रिक हुन सक्दैन ।

And if a political party does not operate in a democratic, open and transparent manner, the government formed by that party (and the political decisions it takes thereafter) are hardly ever likely to be democratic either, are they? So, parties themselves need to change to strengthen the democratic spirit within their structures. That is why it is necessary now to have open national debate within and outside parties about the overall state of political parties in Nepal. Now is the time for a national debate to ponder the central question, namely whether Nepali political parties are really ‘fit for purpose’ to serve the interest of the citizen in the 21st century? The first and foremost condition today is for the leadership at all levels, to firmly democratize their respective structures by eradicating here and now all of the past undemocratic practices and working styles, especially in regard to dealing with women.

While some political parties have discussed the concept of a collective leadership system, this concept needs to be put into practice. At present, parties are clearly not following the policies and rules passed by their internal structures. As we know, all too often senior party leaders continues to show scant regard or respect to ordinary party members by violating, often blatantly one has to note, the previously agreed rules and procedures of the party. The process of finding legal solutions to problems and crises that can arise within a party also remains weak. In such cases, retaliatory behavior by party leaders often serves only to weaken further any spirit of internal democracy and collective goodwill that did exist to that point.

In a diverse country like Nepal, an inclusive democracy with the political representation of all castes, genders and communities is essential. Women have long been discriminated against. Due to patriarchal power relations, women have been left far behind as far as politics is concerned. That is why parties also have a role to play in establishing women in political leadership roles by fully implementing a policy of gender inclusion, as mentioned very clearly in both the Constitution and in law. On the issue of representation at every level of the state, it is at least positive that almost all the major parties have in principle allotted 33 percent quotas for women in all internal bodies.

However, political parties are not implementing this provision well enough. Therefore, to ensure greater gender equality, the principle of at least 50 percent representation of women must be accepted and implemented in all



लोकतन्त्रलाई मजबुत बनाउन राजनीतिक दलहरू आफैं बदलिन आवश्यक छ । अब नेपालका राजनीतिक पार्टीहरूले एक्काइसौँ शताब्दीमा जनसेवाको लागि उपादेयताका सन्दर्भमा एउटा राष्ट्रिय खुल्ला बहसको थालनी गर्न जरूरी छ । सबै तहका नेतृत्वले समग्रमा र विशेषगरी महिलाको सन्दर्भमा अलोकतान्त्रिक आचरण, व्यवहार र कार्यशैलीमा सुधार गर्दै दृढतापूर्वक लोकतान्त्रिक गर्नु आजको पहिलो र अनिवार्य शर्त छ ।

नेपालमा केही राजनीतिक पार्टीले बेला-बेलामा सामूहिक नेतृत्व प्रणालीको अवधारणाबारे चर्चा गर्ने गरेका छन् । यो अवधारणालई व्यवहारमै कार्यान्वयन गर्न आवश्यक छ । दलकै नेतत्वले पारित गरेका नीति र नियम पालना गरिरहेका छैनन् । पार्टीका शीर्षस्थ नेतृत्वले नै न्यूनतम नैतिक इमान्दारीता नदेखाउने वा विधि र पद्धतिको उल्लंघन गर्ने क्रम निरन्तर चलिरहेको छ । दलभित्रै उत्पन्न समस्या र संकटको विधिसम्वत समाधान खोज्ने क्रम पनि कमजोर छ । यस्ता मुद्दामा प्रतिशोधपूर्ण व्यवहार नेतृत्वबाटै हुनु आन्तरिक लोकतन्त्रलाई कमजोर पार्ने काम हो ।

नेपालजस्तो विविधता भएको देशमा सबै जाति, लिङ्ग र समुदायको प्रतिनिधित्वसहितको समावेशी लोकतन्त्रको आवश्यकता छ । नेपालका महिला लामो समयदेखि विभेदमा पारिँदै आएका छन् । पितृसत्तात्मक शक्ति-सम्बन्धका कारण महिला राजनीतिक क्षेत्रमा पनि पछाडि पारिएका छन् । महिलालाई राजनीतिक नेतृत्वमा स्थापित गराउने भूमिका पनि राजनीतिक दलहरूकै हो । त्यसैले संविधान र कानुनमै उल्लेखित महिला समावेशीकरणको प्रभावकारी कार्यान्वयन राजनीतिक दलहरूले अनिवार्यरूपमा गर्न जरूरी छ । आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा महिलाको यथेष्ट सहभागिता गराउन दलहरू अझैं पनि आनाकानी गर्छन् । राज्यको हरेक तहमा प्रतिनिधित्व गर्ने सवालमा प्रायः सबै प्रमुख दलहरूले आफ्नो विधानमा पार्टीबाट निर्वाचित हुने सबै निकायमा कम्तीमा ३३ प्रतिशत महिलालाई कोटा छुट्याउनु सकारात्मक छ ।

तर, राजनीतिक दलले यो व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिरहेका छैनन् । अझ लैङ्गिक समानतालाई सुनिश्चित गर्न कम्तीमा ५० प्रतिशत महिलाको प्रतिनिधित्वलाई स्वीकार गर्नुपर्छ र राजनीतिक दल र राज्यमा यो अवधारणालाई लागू गर्नुपर्छ । जसले गर्दा महिला नेतृत्व (कार्यकारी पद)मा पुग्न सहज हुने हुन्छ । नेपालमा मुलुकको उच्च पदहरूमा महिला पुग्नु सकारात्मक परिणाम हो । तथापि, यी उपलब्धी परिस्थितिले सृजना गरेको संयोग मात्र हुनु हुँदैन, बरु ती उपलब्धी महिलाको राजनीतिक मुक्तिको एउटा उदाहरण हुनुपर्छ ।

यस लेखले दाबी गरेझैं, दलमा देखिएका समस्याको मुख्य जड लोकतान्त्रिक विधि, पद्दति र प्रक्रियासँग सम्बन्धित छ । त्यसैले, दलभित्रको आन्तरिक लोकतन्त्रलाई

political parties in full. Such a response would make it easier for women to reach leadership roles. In short, while reaching senior leaderships positions in parties is a positive result, such achievements should not just be viewed as mere 'accidents of history' but rather a sign that regular change is taking place with regard to the further political emancipation of women in this country.

As this article has endeavored to establish, the root cause of the problem is related to democratic methods, systems and processes employed thus far. Therefore, to further strengthen internal party democracy parties should adopt the following recommendations:

1) As per the provisions specified in the party's constitution and rules, every policy decision should be conducted in a democratic and institutional manner. In addition, and as provisioned in the constitution and rules, the work to be carried out by all the bodies of the party should be implemented within a stipulated timeframe.
2) Sanctions should be issued against those who violate the code of conduct. To maintain full adherence to party discipline and the code of conduct, a disciplinary committee - formed at all levels of the party as per the constitution - should be established to develop a system for taking the necessary impartial action in case of any violation of discipline.
4) As every party convention should make the party more democratic, so the party convention should be held in due time and internal democratic principles should be fully practiced to continually rejuvenate the party. All party factionalism must end and be replaced by institutionalized democratic processes and methods.
5) A more inclusive system of proportional representation should be introduced in line with the party constitution.
6) All benevolent organizations, which currently form an integral part of each party, should end the practice of creating factions and help them to run relevant activities for all party members in line with the constitution.
7) All activities should focus on keeping systematic records of party leaders and cadres in all bodies, developing annual action plans, conducting regular training, inform active members about party policies, and provide leadership opportunities based on a meritocratic basis.



बलियो बनाउन यहाँ केही सुझाब प्रस्तुत गरिएको छ :

१) पार्टीको विधान र नियमावलीमा निर्दिष्ट गरिएको व्यवस्थाअनुसार हरेक नीति निर्माण र निर्णय संस्थागत ढङ्गले लोकतान्त्रिक विधि पद्धतिअनुसार गरिनुपर्छ । यसका साथै विधान र नियमावलीमा व्यवस्था भएअनुसार पार्टीका सबै निकायले गर्नुपर्ने काम तोकिएको समय सीमाभित्र अनिर्वायरूपमा कार्यान्वयन गर्नुपर्छ ।
२) पार्टीको आचारसंहिता उलंघन गर्ने जुनसुकै नेता कार्यकर्तालाई छुट नहुने व्यवस्था अनिवार्य लागु गर्नुपर्छ ।
३) अनुशासन र आचारसंहिता कायम राख्न विधानअनुसार दलको सबै तहमा गठित अनुशासन समितिले अनुशासन उल्लङ्घन भएको अवस्थामा कुनै भेदभाव नगरी निष्पक्ष तबरले आवश्यक कारबाही गर्ने पद्दतीको विकास गर्नुपर्छ ।
४) प्रत्येक अधिवेशनले पार्टीलाई लोकतान्त्रिक बनाउँछ, त्यसैले समयमा पार्टीको अधिवेशन गरी संगठनको पुनर्ताजकी गराउँदै आन्तरिक लोकतन्त्रको पूर्ण अभ्यास गरिनुपर्छ । गुट-उपगुटको अन्त्य हुँदै विधि र पद्धतिको संस्थागत विकास हुँदै जानुपर्छ ।
५) समावेशी, समानुपातिक, प्रतिनिधित्वको सम्बन्धमा विधानमा व्यवस्था भएअनुसार अनिवार्यरूपमा कार्यान्वयन गरिनुपर्छ ।
६) पार्टीका अभिन्न अङ्गको रूपमा रहेका सबै भातृ एवं शुभेच्छुक संगठनहरू गुटको सारथी बनाउने प्रथाको अन्त्य गरी विधानबमोजिम सञ्चालन गर्न सहयोग पुऱ्याउनुपर्छ ।
७) पार्टीका नेता तथा कार्यकर्ताको सबै निकायमा व्यवस्थितरूपमा अभिलेख राख्ने व्यवस्था मिलाउने र वार्षिक कार्ययोजना बनाएर सबै तहमा समय सापेक्ष विषयवस्तुमा प्रशिक्षण सञ्चालन गरी पार्टीको नीति तथा कार्यक्रमको विषयमा क्रियाशील सदस्यलाई जानकारी गराउने कार्य गर्ने र क्षमताको आधारमा नेतृत्वदायी अवसर प्रदान गर्नेजस्ता काम गरिनुपर्छ ।



# End the Resource Monopoly of National Parties: Investing in Local Politicians

■ Johan Hamels

# केन्द्रिय पार्टीको स्रोतसाधनमाथिको एकाधिकार रोक्नुहोस् : स्थानीय राजनीतिकर्मीमा लगानी गर्नुहोस्

■ योहान हामल्स

Everywhere on the planet where I have had the chance to talk with party leaders, the reality is that most resources, in other words, money, media attention, leadership attention, and knowledge for political parties, are accumulated by the national state party structures. It is the party leader who makes or breaks the 'brand' of the party, it is the national level parliamentarians who are the spokespersons on specific issues while public subsidies for elections or party expenses are received by parties at the national level. Furthermore, only the parliamentary group or national office have the capacity to build a research team while the largest communication outreach is received through the national media.

The fact that these party resources are invariably received by national structures, has created the tendency to use these 'national' resources for the benefit of the 'national good'. The need to perform effectively through what is now the 24-hour national news cycle and the fear of the next opinion poll or the next election are all strong incentives to use and spend most of these resources to assist these national party structures.

And, if you were to make a study of political party budgets, you will likely see that probably nearly all of the yearly expenses and the election campaign budgets are resourcing national party structures. Compare that with local elected officials and their local branches who have to work with meagre budgets. This is despite the fact that some politicians will tell you that 'All Politics is Local'. The reality is somewhat different.

The tendency to receive and use most resources for the national party structures has grown in the last decades. Up to the 1980's, certainly in western Europe, most mainstream parties were strongly imbedded in local communities. Several of them had offices and meeting places of their own in all the major cities. National leaders all had a strong link with the city or municipal level of politics – often as many of them had started their career at this level.

However, in the last 20 to 30 years, with a larger focus on the 'individual charisma' of political leaders and a growing emphasis for national political communications, mainstream political parties have generally felt obliged to pay for and support expensive services to develop the party's national 'brand'.



मैले संसारको जुनसुकै ठाउँका पार्टीका नेतासँग भेटेर कुरा गर्दा पार्टीका साधन-स्रोत (आर्थिक स्रोत, आमसञ्चारसंगको सम्बन्ध, नेतृत्वको चासो र ज्ञान) पार्टीका केन्द्रिय संरचनामा संग्रहित हुने गरेको यथार्थबारे जानकारी पाएँ । पार्टीको छवि सुदृढ गर्ने वा बिगार्ने भन्ने कुरा नेतृत्वमै भर पर्छ । केन्द्रिय स्तरका सांसदका निश्चित प्राथमिकता हुन्छन् र उनीहरू तिनै सवालका प्रवक्ता हुन् । राज्यले निर्वाचन वा पार्टी सञ्चालनका लागि दिने अनुदान पार्टीको केन्द्रिय कार्यालयले प्राप्त गर्छ । यसैगरी पार्टीको संसदीय दल वा केन्द्रिय कार्यालयसँग मात्रै अनुसन्धानको लागि छुट्टै समूह गठन हुने गरेका छन् । साथै पार्टीको सबैभन्दा धेरै सञ्चार सम्पर्क पनि केन्द्रियस्तरका आमसञ्चार माध्यमसँग नै हुन्छ । ती सञ्चार माध्यमसँग पार्टीको केन्द्रिय संरचनाकै बढी सम्पर्क र सम्बन्ध हुने गर्दछ ।

पार्टीका स्रोत पार्टीको केन्द्रिय संरचनाले प्राप्त गर्छन् र ती 'राष्ट्रिय' स्रोत-साधनलाई 'राष्ट्रिय' हितको लागि प्रयोग गर्नुपर्छ भन्ने मान्यताको पनि विकास भएको छ । पार्टीहरूले हिजोआज २४ घण्टाभित्रको राष्ट्रिय समाचारको श्रृङ्खलामा के आइरहेको छ भन्ने आधारमा प्रभावकारी काम गर्नुपर्ने आवश्यकता छ । अर्कोतिर, आगामी निर्वाचनको त्रासले गर्दा पनि, राष्ट्रिय पार्टी संरचना निर्माणका लागि स्रोत खर्च गर्ने प्रेरणा राजनीतिक दलहरूले पाएका हुन्छन् ।

राजनीतिक दलको पूर्ण विवरणसहितको बजेट अध्ययन गर्ने हो भने सम्भवतः पार्टीको वार्षिक खर्चको लगभग सबै हिस्साका साथै निर्वाचन प्रचार-प्रसार अभियानको धेरैजसो हिस्सा पार्टीको केन्द्रिय संरचनामै खर्च भएको देखिन्छ । यसले सानो बजेटमा काम गर्नुपर्ने स्थानीय जनप्रतिनिधि र तिनका स्थानीय कार्यालयसँग तुलना गर्दा निकै ठूलो खाडल देखिन्छ । हुन त कतिपय राजनीतिज्ञले 'राजनीति भनेको सबै स्थानीय हुन्छ' भनेका छन् । तर, स्रोत परिचालनको हिसाबले वास्तविकता भने निकै फरक छ ।

बिगतका दशकमा पार्टीको अधिकांश स्रोत-साधन केन्द्रिय संरचनाले नै खर्च गर्ने प्रवृत्ति बढेको देखिन्छ । सन् १९८० सम्म पश्चिम युरोपका धेरैजसो मूलधारका राजनीतिक पार्टीहरू बलियोरूपमा स्थानीय समुदायमा आधारित थिए । धेरैजसो पार्टीको सबै प्रमुख शहरमा कार्यालय र बैठकस्थल थिए । केन्द्रियस्तरका सबै नेताहरूको नगर वा पालिकास्तरीय राजनीतिसँग बलियो सम्पर्क थियो । धेरैले त त्यहींबाट नै आफ्नो राजनीतिक यात्राको सुरुवात गरेका थिए ।

यद्यपि, बिगत २०-३० वर्षमा राजनीतिक नेतृत्वले 'व्यक्तिगत लोकप्रियता'मा बढी ध्यान दिने गरेका र राष्ट्रिय राजनीतिक सञ्चारमा बढी जोड दिन थालेका छन् । यसैगरी पार्टीको राष्ट्रिय पहिचान वा ब्राण्ड निर्माणमा पनि उनीहरूले निकै खर्च गर्नुपर्ने दायित्व महसुस गरेका छन् । त्यसैले, पछिल्ला दिनहरूमा थुप्रै लोकतान्त्रिक

Therefore, in these days when populist, anti-establishment and charismatic leader-based political campaigns are increasingly winning elections in numerous democracies around the world, parties have to ‘turn the page’.

Specifically, national party structures need to start assisting their local elected officials. After all, local politicians can be a great way to show that national parties can provide good governance that has a positive impact at the local level. The best democratic answer that can compete with the current ‘populist wave’ is by providing good governance 'on the ground'. Municipal politics is often forgotten as a way to show the national party and their elected representatives can deliver that good governance to the levels expected by citizens. However, to make that happen, you must invest in them! Allow me to use some examples from my own 'political ‘family’, the Green Parties in Europe.

Green parties in Europe first emerged at the municipal level in the 1970s. Local lists presenting an option to vote and express the concerns of citizens groups about environmental issues, first appeared in Germany, Belgium, Netherlands, France, Switzerland as well as other European countries. Over the subsequent period, these local green party lists and their local politicians have provided quality governance and practical solutions to concrete issues affecting ordinary citizens life. And today, most progressive policies were born in cities with elected Greens play a central role in municipal government. In most cases, Green Party local councilors are described by the media and civil society as ‘top-class politicians’ and they – practical as they are – are reaching out to a wider group of voters than just core green party voters.

This did not happen by accident. My own party, the Flemish Green Party in Belgium, has from the start of the 1980’s, when we won our first national MPs, invested and focused on the quality and the organization of our local councilors. After the 1982 municipal elections, we created a network of local councilors that was supported by national paid staff. They began by setting up a newsletter, and by highlighting the work of local councilors in the party’s national newspaper. Very soon after, we offered an annual study day where local councilors came together to exchange their experiences and obtain access to party experts. We ensured that the work and know-how of the national parliamentary group was also transferred in practical and useful



मुलुकमा लोकप्रियवादी र संस्थापन विरोधी राजनीतिक अभियान सञ्चालन गरेका नेताहरूले निर्वाचन जितिरहेका छन् । यस्तो अवस्थामा पार्टीहरूले नयाँ ढङ्गबाट सोच्नु पर्ने देखिन्छ ।

विशेषगरी पार्टीका केन्द्रियस्तरको संरचनाले स्थानीय प्रतिनिधिलाई सहयोग गर्नुपर्छ । राष्ट्रिय पार्टीहरूले नागरिकलाई सकारात्मक प्रभाव पार्ने सुशासन प्रदान गरेका छन् भन्ने प्रमाणित गर्न स्थानीयस्तरका राजनीतिकर्मी बढी उपयोगी हुन सक्छन् । अहिले चलिरहेको लोकप्रियवादी लहरसँग प्रतिस्पर्धा गर्ने सर्वोत्कृष्ट विधि भनेकै नागरिकलाई सुशासन प्रदान गर्नु हो । राष्ट्रिय पार्टी र ती पार्टीका निर्वाचित जनप्रतिनिधिले नागरिकका अपेक्षा पूरा गर्ने गरी सुशासन गर्न सक्छन् , यद्यपि यसको मापनका लागि स्थानीय राजनीतिले काम गर्न सक्छ भन्ने विषय अक्सर बिर्सने गरिन्छ । सो कुराको सुनिश्चितताका लागि स्थानीय तहमा लगानी गर्नुपर्छ ! म यहाँ अब मेरा 'राजनीतिक परिवार’, युरोपका ग्रीन पार्टीहरूबाट केही उदाहरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सर्वप्रथम सन् १९७० को दशकमा युरोपको स्थानीयस्तरमा ग्रीन पार्टीहरू देखिएका हुन् । उनीहरू वातावरणीय मुद्दामा नागरिकलाई आफ्नो चासो व्यक्त गर्ने बिकल्प दिन र यसै मुद्दामा मतदान गर्न जर्मनी, बेल्जियम, नेदरल्याण्ड्स्, फ्रान्स, स्विजरल्याण्ड र अन्य युरोपेली मुलुकमा भएका निर्वाचनमा स्थानीय उम्मेदवारका रूपमा देखा परेका थिए । त्यसपछि ती स्थानीय ग्रीन पार्टी र तिनका स्थानीय राजनीतिकर्मीले गुणस्तरीय शासन र सर्वसाधारण नागरिकको जीवनमा असर पार्ने ठोस मुद्दामा व्यवहारिक समाधानका सवाल उठाउँदै गए । यसैको परिणाम अहिले ग्रीन पार्टीका निर्वाचित प्रतिनिधिले स्थानीयस्तर र केन्द्रियस्तरमा प्रगतिशिल नीतिहरू निर्माण गर्न प्रभावकारी भूमिका खेलेका छन् । ग्रीन पार्टीका प्रतिनिधिलाई प्रायजसो आमसञ्चारमाध्यम र नागरिक समाजले ‘उच्चस्तरिय राजनीतिज्ञ’ भनी व्याख्या गरेका छन् र व्यवहारिक भएकै कारण ग्रीन पार्टीका नेताहरूले परम्परागत मतदाता मात्र होइन अन्य मतदाता समूहमा पनि व्यापक जनसम्पर्क बढाइरहेका छन् ।

यो संयोगले मात्र भएको होइन । म संलग्न बेल्जियमको फ्लेमिस ग्रीन पार्टीले सन् १९८० दशकको सुरूआत देखिनै स्थानीय प्रतिनिधिको गुणस्तर र संगठनमा ध्यान दिँदै आएको छ । त्यसैताका यस पार्टीले राष्ट्रिय संसदमा पहिलो पटक संसदीय सिट पनि जितेको थियो । सन् १९८२ को स्थानीयस्तरको निर्वाचनपछि हामीले राष्ट्रियस्तरमा तलबी कर्मचारीले सहयोग गर्ने गरी स्थानीय प्रतिनिधिको सञ्जाल निर्माण गर्‍यौँ । एउटा समाचारपत्र (न्युजलेटर)को सुरूआत गरेर स्थानीय प्रतिनिधिको कामलाई पार्टीको राष्ट्रियस्तरको पत्रिकामा जोड्ने कामको सुरूआत भयो । यसलगत्तै हामीले पार्टीका स्थानीय प्रतिनिधिलाई वर्षको एकचोटी एकै ठाउँमा भेला भएर अनुभव साटासाट गर्ने र पार्टीका विज्ञहरूसँग सम्पर्क गर्ने मौका प्रदान

pieces to these local elected politicians. This service gave an advantage to our small numbers of local elected officials to remain 'top notch' by being able to push their proposals and build local coalitions to implement them. We started doing this from the inception of the party, and this initiative is still going today - especially now that, in many cities across Belgium, Green local politicians are part of the governing coalition in their respective municipalities.

Although the Green Party in Belgium is often a small party on municipal assembles (arguably because the local electoral system is less proportional than at the national level), they are nevertheless often appreciated for their professionalism and practical and solution-oriented proposals. A good example happened in the 1980's when a few municipalities had Green local councilors. Their coordinated focus on a campaign for a maximum traffic speed of 30 km/hour around the area of local schools influenced all major parties so much so that by the next municipal elections the topic had become mainstream. I hasten to add that such coordinated campaigns were assisted mainly due to the investments made by the national party in their local councilors.

Aside from the continuous electoral growth the Green Party received local election after local election, local branches have also built a positive recognition for the party thanks to the good governance they bring to local issues. It has opened fresh opportunities for coalition building and has enabled larger groups of ordinary citizens to stand for election on behalf of the party. This 20-year plus investment in our local branches and their elected officials, showed its importance to the national party after 2003.

I can say that, as the year 2003 became an important year for my party and it showed me how important it was to invest in local councilors. In 2003, for the first time in my party's history, we had to confront an election as a governing party as four years before we joined the federal government coalition for the first time. So, in that 2003 election, our party's vote dropped to less than one quarter of what it was in 1999 and lost all of its parliamentarians. The media, the public and the other parties were already counting on the funeral of my party. However, fortunately, our now small party still had its network of local councilors. A network that provided a peer-to-peer exchange of best practices among Green local



गरी वार्षिक अध्ययन दिवसको सुरुआत गर्‍यौँ । हामीले राष्ट्रिय संसदीय दलको काम, ज्ञान र व्यवहारलाई उपयोगी सहयोगको रूपमा पार्टीका स्थानीय प्रतिनिधिलाई हस्तान्तरण गर्‍यौँ । यस सहयोगले थोरै संख्यामा भएपनि हाम्रा स्थानीय निर्वाचित पदाधिकारीलाई आफ्ना प्रस्तावलाई अघि बढाउन र त्यसका लागि आवश्यक स्थानीय गठबन्धनको निर्माण गर्न सहयोग पुर्‍यायो । हामीले यस्तो काम पार्टीको स्थापना भएदेखि नै गर्न थालेका हौँ र अहिलेसम्म पनि गरिरहेका छौँ । अहिले विशेषगरी बेल्जियमका धेरै शहरमा ग्रीन पार्टीका स्थानीय नेताहरू आ-आफ्ना स्थानीय निकायका गठबन्धनमा सहभागी छन् र हामीले यो कामलाई निरन्तरता दिइरहेका छौ ।

प्रायजसो बेल्जियमको ग्रीन पार्टी स्थानीय नगरसभामा सानो पार्टी (सम्भवतः स्थानीय निर्वाचन प्रणाली राष्ट्रिय निर्वाचन प्रणालीभन्दा कम समानुपातिक भएको हुनाले)को रूपमा रहेको छ । तथापि, हाम्रा स्थानीय प्रतिनिधिको व्यावसायिक र व्यवहारिक क्रियाकलापका कारण धेरैजसो पार्टीका सदस्यहरूको प्रशंसा नै हुने गरेको छ । ग्रीन पार्टीका प्रतिनिधि व्यवहारिक र समाधानमुखी प्रस्तावकका रूपमा चिनिन्छन् । सन् १९८० को दशकमा ग्रीन पार्टीको तर्फबाट स्थानीयमा प्रतिनिधित्व गर्ने प्रतिनिधिले स्थानीय तहमा छोटो समयमै राम्रो उदाहरण पेश गर्न सफल भएका थिऐ । विद्यालय क्षेत्रमा सवारी साधनको अधिकतम् गति ३० किलोमिटर प्रतिघण्टा हुनुपर्ने भन्ने मागसहितको अभियानमा उनीहरूले निर्वाह गरेको संयोजनकारी भूमिकाका कारण सबै प्रमुख पार्टीहरू प्रभावित भएका थिए । स्थानीय तहको चुनावको समयसम्म यो विषय मूलधारको बनिसकेको थियो । स्थानीय प्रतिनिधिका लागि पार्टी केन्द्रले गरेको लगानीको कारण त्यस्तो अभियान सफल भएको थियो ।

एक स्थानीय निर्वाचनबाट अर्को स्थानीय निर्वाचनसम्म पुग्दा ग्रीन पार्टीको निरन्तर प्रगति र बृद्धि हुँदै गयो । यसका साथै स्थानीय समितिले सुशासनको कुरा उठाएका कारण बलियो पहिचान बन्न पुग्यो । यसले अन्य शक्तिसँग गठबन्धन निर्माणका लागि अवसर प्रदान गर्‍यो भने सर्वसाधारण नागरिकको ठूलो समूहलाई पार्टीको पक्षमा उभिन सघाउ पुर्‍यायो । हाम्रा स्थानीय समिति र तिनका निर्वाचित जनप्रतिनिधिलाई पार्टीले बिगत बीस वर्षदेखि निरन्तररूपमा गरिएको लगानीका कारण ग्रीन पार्टी सन् २००३ मा राष्ट्रिय पार्टीको रूपमा स्थापित हुन पुग्यो ।

सन् २००३ मेरो पार्टीको लागि महत्वपूर्ण वर्ष हुन पुग्यो । यसो भन्न सकिन्छ - त्यतिबेला स्थानीय प्रतिनिधिमा लगानी गर्नु कति महत्वपूर्ण हुन्छ भन्ने देखाउने अवसर प्राप्त भएको थियो । मेरो पार्टीको इतिहासमा पहिलो पटक सन् २००३ मा हामीले सत्ताधारी पार्टीको रूपमा निर्वाचनमा गयौं । त्यसको चारवर्ष अघि सन् १९९९ मा हामी इतिहासमै पहिलो पटक संघीय सरकारको गठबन्धनमा सहभागी भएका थियौँ । तर,

councilors, an exchange of information between the national party and local councilors.

As the newly elected General Secretary for the Flemish Greens after that disastrous election, I witnessed the importance of this network and the connection they had with the party as a whole. Thanks to the 20-year investments the party had made with this network and their local branches, they played a major role in the new growth of the party even after such a massive national defeat.

After the defeat in May 2003, the largest problem for the party was that a vast majority of activists and potential candidates had lost the motivation to go and reconnect with citizens. In fact, the defeat had created the impression that the public did not want a green party any more.

However, the yearly network day with our local councilors became the first moment the party tested out our new methods – using citizens surveys – to reconnect with voters by listening to their opinions. The enthusiasm of that group of local councilors after that practical exercise set the tone for the next months to restart the conversation with citizens. Although the final election results in June 2004 were influenced by a multitude of other unrelated factors, this empowering work by the local councilors and their renewed outreach activities with voters played an important role for the motivation of party members and supporters alike.

Similarly, the coordinated political action through local branches, as we did 20 years earlier, has been used to provide another way to reach out to citizens in a way that rebuilds public trust in our party and in politics more generally. We created a campaign of 'electricity evenings' where our local councilors came together with renewable energy groups and environment NGOs, and provided information to citizens on how to choose their electricity provider that would be cost effective and environmentally safer.

## Conclusion

Therefore, make sure you invest sufficiently in your local councilors. As a political party, have a look how much of the time and resources are used to assist local party branches and locally elected officials. Develop a plan to make



सन् २००३ को निर्वाचनमा हाम्रो पार्टीले सन् १९९९ मा ल्याएको मतको एक चौथाइभन्दा कम ल्यायो र संसदका सबै सिटहरू गुमायो । आमसञ्चारमाध्यम, सर्वसाधारण र अन्य पार्टीले मेरो पार्टीको अवसान भएको कल्पना गर्न थालिसकेका थिए ।

सौभाग्यवश, हाम्रो पार्टीमा स्थानीय प्रतिनिधिको सानो सञ्जाल बाँकी नै थियो । यस सञ्जालले आपसी साझेदारीको अवसर प्रदान गरेको थियो भने पार्टीको केन्द्रिय संरचना, संसदीय दल र स्थानीय प्रतिनिधिमाझ सूचना आदान-प्रदानको लागि मञ्च प्रदान गर्‍यो । त्यस्तै, सम्बन्धहरू बिस्तार गर्ने मौका प्रदान गर्‍यो ।

निर्वाचनमा नराम्ररी पराजित भएपछि फ्लेमिस ग्रीन पार्टीको नवनिर्वाचित महासचिवको रूपमा मैले स्थानीय प्रतिनिधिको सञ्जाल र समग्र पार्टीसँग उनीहरूको सम्पर्कको महत्व कति हुन्छ भन्ने देखेँ । २० वर्षदेखि गरिआएको लगानीको कारण पार्टीको स्थानीय सञ्जालले राष्ट्रियरूपमा पराजित भइसकेपछि पनि, पार्टीको बिस्तारमा ठूलो भूमिका खेले ।

सन् २००३ को मे महिनामा पार्टीले पराजय भोगेपछि सामना गर्नु परेको सबैभन्दा जटिल समस्या के थियो भने अधिकांश कार्यकर्ता र सम्भावित उम्मेदवारले नागरिकसम्म पुगेर सम्बन्ध पुनःर्स्थापित गर्ने जाँगर गुमाएका थिए । वास्तवमा पराजयपछि जनताले अब ग्रीन पार्टी चाहँदैनन् भन्ने भान पारेको थियो ।

स्थानीय प्रतिनिधिसँग मिलेर वार्षिक अध्ययन तथा सञ्जाल दिवसमा पार्टीले पहिलो पटक मतदाताको धारणा सुन्ने र सोहीअनुरूप पुनः सम्बन्ध बिस्तार गर्नको लागि एउटा नागरिक सर्वेक्षण गर्ने विधि अपनायो । यस्तो व्यवहारिक अभ्यासले पार्टीका स्थानीय प्रतिनिधिमा स्थापित उर्जालाई प्रयोग गर्दै नागरिकसँग संवाद गर्ने नयाँ सम्बन्धको बाटो खोल्यो । सन् २००४ को निर्वाचनको अन्तिम नतिजालाई विभिन्न पक्षले प्रभावित पारेको भए पनि स्थानीय प्रतिनिधिले गरेको यो सशक्तिकरणको अभ्यास तथा पुनः सम्बन्ध सुधार अभियानले मतदाता, पार्टी सदस्य र समर्थकमा उत्प्रेरणा भर्न महत्वपूर्ण भूमिका खेल्यो ।

त्यसैगरी, जनविश्वास आर्जन हुने किसिमले नागरिकसँग सम्पर्क स्थापित गर्न हामीले बीसवर्ष अगाडि प्रयोग गरेको जस्तै पार्टीका स्थानीय समितिमार्फत् संयोजन गरिने राजनीतिक क्रियाकलापलाई अगाडि सार्‍यौँ । हामीले 'विद्युतीय साँझ' अभियानको सुरु गर्‍यौँ । सोही अभियानका क्रममा ग्रीन पार्टीका स्थानीय प्रतिनिधिमार्फत नविकरणीय उर्जा समूह र वातावरणको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था पनि एकै ठाउँमा आइपुगे । त्यसपछि नागरिकलाई किफायती र वातावरणीय रूपमा सुरक्षित हुने विद्युत सेवा प्रदायक कसरी छान्ने भन्ने विषयमा सूचना प्रदान गर्ने काम भयो ।

a turn towards additional support for that part of your party. A consistent effort in this respect will provide in five to ten years a solid basis that will help your party to stay politically alive during the 'ups and downs' of national popularity. And remember also that being close to citizens and focused on practical problems, local politics provides national political parties with an effective platform to keep winning the trust of larger groups of voters, to compete with populist political movements and to grow the future generation of national political leaders. So, yes, 'All Politics is Local'!

## निष्कर्ष

यसले के देखाउँछ भने आफ्ना स्थानीय प्रतिनिधिको क्षमता बढाउन र उनीहरूलाई सहयोग गर्न पर्याप्त लगानी गरिनुपर्छ । राजनीतिक दललेस्थानीय समिति र स्थानीय निर्वाचित जनप्रतिनिधिलाई सहयोग गर्न कति समय र स्रोतसाधन आवश्यक पर्छ भनेर निक्र्यौल गर्नुपर्छ । पार्टीको त्यो शक्तिलाई अतिरिक्त सहयोग प्रदान गर्नको लागि पनि योजना बनाउनुपर्छ । यस क्षेत्रमा गरिएको निरन्तर प्रयासले पाँचदेखि दशवर्षको अवधिमा राष्ट्रिय लोकप्रियताको 'उतार चढाव' भोगेको पार्टीले आफ्नो राजनीतिक जीवनलाई नै जीवित राख्न ठोस आधार प्रदान गरेको ग्रीन पार्टीको इतिहास छ । स्थानीय राजनीति नागरिकसँग नजिक रहने र व्यवहारिक समस्यामा केन्द्रित हुने भएको हुँदा यसले राष्ट्रिय राजनीतिक दललाई निर्वाचनको क्रममा ठूलो समूहको विश्वास जितिरहन सक्ने प्रभावकारी मञ्च प्रदान गर्दछ । त्यस्तै, यसो गर्नाले राष्ट्रिय राजनीतिक दललाई लोकप्रियतावादमा आधारित राजनीतिक दलसँग प्रतिस्पर्धा गर्न पनि सहयोग पुऱ्याउँछ र राष्ट्रिय राजनीतिक नेताको भावी पुस्ता बृद्धि गर्न पनि सहयोग पुऱ्याउँछ । त्यसैले भनिएको हो, 'सबै राजनीति स्थानीय हो !'



# The Condition of Internal Party Democracy in Nepal

■ Kalpana Dhamala

# नेपालमा राजनीतिक दलभित्र लोकतन्त्रको अवस्था

■ कल्पना धमला

The job of political parties is to strengthen the democratic system. However, unless they are strengthened by the principle of internal democracy, neither society nor the state system is ever likely to be democratic. Democracy is not only a 'matter of law', it is also a matter of ideas, principles, behavior, character and culture. Even after the change in the political system in Nepal, the lack of innovation in the running of the state and the party is the result of political parties remaining largely undemocratic.

The Nepali Congress, CPN-UML, CPN-MC and the Madhesi parties have all discussed the importance of proportionality, inclusivity and participatory democracy in the party. Some communist parties, which are currently divided into small pieces at present, have been raising the issue of not only proportional participation, but also the privileges of the oppressed class, caste, region and community everywhere. Viewed in this way, there is no room for political parties to remain undemocratic.

Yet, there is a major difference in the leadership system and organizational structure of each political party. Even parties seen as an 'alternative power' have been unable to present a new effective model in terms of organization and/or leadership. The general party convention is supposed to be the supreme body for balancing ideas and behaviors in a party, deciding the party's principles, policies, leadership and organizational structure. However, parties are failing to regularize this process. There are many examples of factions, sub-factions, manipulation in grand factions causing the convention to become just a formality, thereby further weakening the principle of internal democracy in parties. There are, of course, a number of reasons why internal party democracy is not working well in Nepal.

First, there is a tendency within some political parties to have ideological debates, while ignoring any attempt at leadership building. Looking at the trend of general conventions of the CPN-MC over the years , for example, more attention was placed on policy ideas and less on issues concerning internal democracy. Certainly, in the view of this author, the party has been unable to inspire party members with new ideas and practices after their convention.

Second, some parties tend to view ideas as secondary and stress leadership formation as being all important. The NC, CPN-UML and the Madhesh-centric



लोकतान्त्रिक राज्य व्यवस्थालाई बलियो बनाउने काम दलहरूको हो । दलहरू आन्तरिक लोकतन्त्रले मजबुत नभएसम्म न समाज लोकतान्त्रिक हुन्छ न राज्य व्यवस्था नै ! लोकतन्त्र भनेको कानुनी कुरा मात्रै होइन यो विचार, सिद्धान्त, व्यवहार, चरित्र र संस्कृति पनि हो । राजनीतिक व्यवस्थाको परिवर्तनपछि पनि राज्य र पार्टी सञ्चालनमा नयाँपन नआउनु दलहरू लोकतान्त्रिक हुन नसक्नुका परिणाम हुन् ।

नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी), मधेसवादी दलहरूले दलमा समानुपातिक, समावेशी, सहभागितामूलक लोकतन्त्रको कुरा गरेका छन् । अझै स–साना टुक्रामा विभाजित केही कम्युनिष्ट दलहरूले र समानुपातिक सहभागिता मात्रै होइन उत्पीडित वर्ग, जाति, क्षेत्रका समुदायलाई दल र सत्ता सबै ठाउँमा विशेषाधिकारको समेत कुरा उठाउँदै आइरहेका छन् । यी व्यवस्थालाई हेर्दा दलहरूलाई अलोतान्त्रिक भन्ने ठाउँ छैन ।

तर, सिद्धान्तमा जेसुकै लेखिएको भए पनि व्यवहारत राजनीतिक दलहरूमा नेतृत्व प्रणाली र संगठनात्मक संरचनामा निकै भिन्नता रहेको छ । बैकल्पिक शक्ति ठान्ने दलहरूले समेत संगठन र नेतृत्वको सवालमा नयाँ प्रभावकारी र फरक मोडेल प्रस्तुत गर्न सकेका छैनन् । दलका लागि विचार र व्यवहारको सन्तुलन मिलाउने सर्वोच्च अङ्ग महाधिवेशन हो । दलको सिद्धान्त, कार्यदिशा, नेतृत्व र संगठनात्मक संरचना (प्रणाली)को छिनोफानो महाधिवेशनले नै गर्दछ । यो प्रक्रियालाई समेत नियमित गर्न दलहरू चुकिरहेको अवस्थामा छन् । पार्टी विधानले निर्देशित गरेको समय गुजारेर गुट, उप-गुट, महा-गुटको जालझेल, तिकडमबाट छिनाझपटी गर्दै कर्मकाण्डीय महाधिवेशन हुने गरेका थुप्रै उदाहरण छन् । जसकारण दलभित्र आन्तरिक लोकतन्त्र कमजोर हुन पुगिरहेको छ । पार्टीको आन्तरिक लोकतन्त्र बलियो नहुनुका विभिन्न कारण छन ।

एक, केही राजनीतिक दलहरूमा सैद्धान्तिक वैचारिक विमर्श गर्ने तर नेतृत्व निर्माणबारे खासै चासो नदिने प्रवृत्ति हाबी छ । नेकपा (माआवादी-केन्द्र)को महाधिवेशन अभ्यास हेर्दा विचारमा बहस बढी गर्ने तर आन्तरिक लोकतन्त्रबारे खासै ध्यान दिने गरेको देखिँदैन । माओवादी-केन्द्रले महाधिवेशनपछि दललाई खासै नयाँपन दिन सकेको छैन भने र पार्टी कार्यकर्ता र जनतामा नयाँ जोश र जाँगर भर्न सकिरहेको छैन ।

दुई, केही राजनीतिक दलहरू विचारलाई गौण ठान्ने र नेतृत्व निर्माणमा जोड दिने प्रवृत्ति छ । नेपाली कांग्रेस, नेकपा (एमाले) र मधेस केन्द्रित दलहरूमा विचार र सिद्धान्तको बहसलाई सामान्य ठान्ने र नेतृत्व निर्माणलाई अनावश्यक महत्व दिने प्रचलन हाबी भएको देखिन्छ । यसले प्रतिस्पर्धाको नाममा गुटबन्दी र गैरराजनीतिक

parties tend to generalize the debate on ideas and principles and instead place undue importance on leadership building. This seems to have established the tradition of actively engaging in factionalism and non-political activities in the name of 'competition' and selecting leaders on the basis of power rather than on the basis of ideas.

Third, the 'governing attitude' of party leaders remain a challenge to the principle of internal party democracy. It is seen that authoritarian tendencies are ever prevailing among leaders at certain levels of the party with the main party leaders aiming to accumulate even more political and personal power and status. Such a trend is dangerous not only for internal party democracy but also for democracy in the country as a whole.

Fourth, the imbalance between the party and division of power within the party is another problem. The tendency to give the responsibility of both party and governmental power to the same person is incompatible with principles underpinning internal party democracy. This tendency does not allow for a proper evaluation of many leaders and cadres who have made sacrifices, shown dedication and affiliation in the party over a long period for little reward to this point. It also affects leadership building and roles. What is even more alarming is that certain figures are always eager to remain in party and government leadership roles, which again hinders the practice of internal party democracy and well understood principle of political rotation.

Fifth, for building the leadership of the party, there should be a clear assessment of the diligence, needs and capacities of the leaders and cadres involved. A series of leaders should be prepared on the basis of the same assessment. However, not all parties in Nepal prioritize building leadership according to these internationally understood organizational norms.

Sixth, while political parties have accepted the principle of proportional inclusion, the policy of proportional inclusion is still being misused. In the name of inclusion, parties tend to give opportunities to those who are in favor of the interests of the leaders rather than the target the community at large. Such behavior has only served to further frustrate honest political leaders and cadres who have sacrificed much for their party. Surely, it is undemocratic to simply ignore the party's policy, method, organizational



गतिविधि गर्न पनि पछि नपर्ने र सिद्धान्तको ठाउँमा शक्तिका आडमा नेतृत्व चयन गर्ने परम्परा स्थापित हुन पुगेको देखिन्छ ।

तीन, नेताहरूमा विकास भएको शासकीय मनोवृत्ति पार्टीको आन्तरिक लोकतन्त्रको चुनौती हो । दलका निश्चित तहका नेतामा अधिनायकवादी प्रवृत्ति हाबी हुँदै गएको देखिन्छ । नेताहरू जबरजस्त हैसियतअनुसारका शासक बन्न उद्धत रहेको देखिन्छ । पार्टीभत्र मौलाइरहेको यस्तो प्रवृति पार्टीको आन्तरिक लोकतन्त्रका लागि मात्रै होइन, सिङ्गो देशकै लोकतन्त्रका लागि निकै खतरनाक छ ।

चार, पार्टीभित्र पार्टी र सत्ताको कार्य विभाजनको सन्तुलन नहुनु पार्टीभित्रको लोकतन्त्रको अर्को समस्या हो । पार्टीका एउटै नेतालाई पार्टी र सत्ता दुवैको जिम्मेवारी दिने प्रवृत्ति पनि पार्टीको लोकतन्त्रसँग नमिल्ने कुरा हो । यो प्रवृत्तिले लामो समय पार्टीमा त्याग, समर्पण, गरेका धेरै नेता कार्यकर्ताको ठीक ढङ्गले मूल्याङ्कन गर्न दिँदैन । यसले नेतृत्व निर्माण र भूमिकामा पनि प्रभाव पार्छ । अझ खतरनाक पक्ष त के छ भने पार्टीका केही निश्चित नेताहरू सँधैभरि पार्टी र सत्ताको नेतृत्वमा रहिरहन लालायित हुन्छन्, जसले पार्टीभित्र लोकतान्त्रिक अभ्यास गर्न अवरोध खडा गर्छ ।

पाँच, पार्टीको नेतृत्व निर्माणका लागि नेता तथा कार्यकर्ताको लगनशीलता, आवश्यकता र क्षमताको स्वच्छ मूल्याङ्कन हुनुपर्छ । सोही मूल्याङ्कनको आधारमा पार्टीको श्रृखलाबद्ध नेतृत्व पंक्ति तयार गरिनुपर्छ । तर, नेपालका सबैजसो पार्टीहरू यस अन्तराष्ट्रिय रूपमै मानिएको संगठनात्मक परिपाटी अनुसार नेतृत्व निर्माण गर्ने कामलाई प्रथमिकता दिँदैनन् ।

छ, पार्टीले सैद्धान्तिकरूपमा समानुपातिक समावेशी सिद्धान्तलाई स्वीकार गरिएको छ । तर, समानुपातिक समावेशीकरणको नीतिलाई राजनीतिक पार्टीहरूले दुरूपयोग गरिरहेका छन् । तर,सबै राजनीतिक दलहरूले समावेशीकरणको नाममा लक्षित समुदायलाई भन्दा पनि नेताका स्वार्थ अनुकूलका व्यक्तिलाई अवसर दिने प्रवृत्ति हावी छ । जुन सैद्धान्तिकरूपमा समानुपातिक समावेशीकरणको दुरूपयोग हो । यसले राजनीतिमा त्याग गरेका इमान्दार नेता कार्यकर्तालाई निराश बनाएको छ । नेतृत्व विकासमा ह्रास आएको छ । निर्णय लिँदा दलको नीति, विधि, संगठनात्मक पद्धति, नेता कार्यकर्ताको मूल्याङ्कन सबै भुलेर स्वार्थअनुकुलका व्यक्तिलाई प्राथमिकता दिनु लोकतन्त्र विरोधी कार्य हो । यसले पार्टीको आन्तरिक लोकतन्त्रलाई थप कमजोर बनाउँछ ।

सात, गैरराजनीतिक व्यक्तिलाई पार्टीको महत्वपूर्ण भूमिका वा जिम्मेवारी दिने प्रवृत्ति दलभित्रको आन्तरिक लोकतन्त्र विपरित छ । राजनीतिक समीकरण मिलाउने

system, evaluation of leaders and cadres by instead giving priority to members on the basis of self-interest. This again further weakens the principle of internal party democracy.

Seventh, the current tendency, prevalent within Nepal's political parties, to give key party roles to non-political persons is contrary to any known principles of internal party democracy. Gifting often important party jobs to a nonpolitical person under the pretext of 'settling the political equation' has only weakened the democratic system as well as serving to yet further demoralize loyal and hardworking party members/officials. Such a trend, which has prevailed within the party due to longstanding political maneuvering, money and power, has fostered a culture of losing the party but not losing the leader, which is surely contrary to democratic norms.

Finally, the inability to develop a timely organizational structure and leadership system is another reason for the weakening of internal party democracy in this country. Let us be clear, there will be no party innovation unless there is a development of new thoughts focused towards moving party structures forward, connecting with citizens and moving forward with a plan for societal change. Parties need to work creatively according to the external circumstances they face. However, it will only be possible to conduct such activities when parties are functioning well internally, and this includes in relation to internal party democracy.

Although political parties in Nepal consider themselves to be the 'guardians of democracy' and make arrangements for inclusive participation, they have resolutely been unable to build democratic parties based on social justice principles. There is a great contradiction between the principles and practices of the party in terms of organizational system, leadership formation, party duties and representation in state bodies. As a result, authoritarian working styles, exhibited by parties and the government, have led to widespread public mistrust over the democratic system, and political parties in particular.

Nevertheless, it is possible to strengthen internal democracy within the party through the adoption of the following recommendations.

1. Party decision making - whether to do with policy, leadership building or organizational planning - should not be guided by the leader's view but



बाहानामा गैरराजनीतिक व्यक्तिलाई दलको महत्वपूर्ण जिम्मेवारी दिँदा लोकतान्त्रिक पद्धति कामजोर भएको छ र इमान्दार नेता कार्यकर्तालाई निराश बनाएको छ । मूलतः राजनीतिक चलखेल, पैसा, शक्ति आदिका कारण दलभित्रको यस्तो प्रवृत्ति हाबी भएको हो । यसले पार्टी हार्ने तर नेता नहार्ने संस्कृति मौलाएको छ, जुन लोकतान्त्रिक मान्यता विपरित छ ।

आठ, समयसापेक्ष संगठनात्मक संरचना र नेतृत्व प्रणालीको विकास गर्न नसक्नु आन्तरिक लोकतन्त्र कमजोर हुनुको अर्को कारण हो । पार्टी संरचनालाई गतिशील बनाउने, जनतासँग जोड्ने र आमूल परिवर्तनका योजनासहित अगाडि बढ्ने सोँचको विकास नहुँदासम्म पार्टीमा नयाँपन आउँदैन । समय र परिस्थितिअनुसार राजनीतिक दलले रचनात्मक र सिर्जनशील काम गर्न जरूरी हुन्छ । आन्तरिकरूपमा दलहरू पद्दतिमा चलेको र आन्तरिक लोकतन्त्रको अभ्यास गरेको अवस्थामा मात्रै यस्ता गतिविधि सञ्चालन गर्न सम्भव हुन्छ ।

नेपालका राजनीतिक दलहरूले आफुलाई लोकतन्त्रको पहरेदार ठानेपनि समानुपातिक समावेशी सहभागिताको व्यवस्था गरे पनि सामाजिक न्यायमा आधारित लोकतान्त्रिक दल निर्माणमा चुकेका छन् । दलको संगठनात्मक प्रणाली, नेतृत्व निर्माण, दलको जिम्मेवारी र राज्यको निकायमा प्रतिनिधित्व गराउने सवालमा सिद्धान्त र व्यवहारबीच ठूलो अन्तरविरोध छ । जसको परिणामस्वरूप अधिनायकवादी र निरङ्कुश कार्यशैली दलदेखि सत्तासम्म हाबी हुनुका कारण राजनीतिक दल तथा सिङ्गो लोकतान्त्रिक प्रणालीमाथि नै अविश्वास देखा पर्न गएको छ ।

यद्यपि, निम्न उल्लेखित प्रक्रियाबाट दलभित्रको आन्तरिक लोकतन्त्र सुदृढ गर्न सम्भव छ ।

१. दलको विचार, नीति, सिद्धान्त, नेतृत्व निर्माण, योजना कार्यान्वयन र संगठन परिचालनलगायतको निर्णय नेताको निगाहबाट नभइ दलको वैधानिक व्यवस्थाबाट गरिनुपर्छ ।
२. पार्टीमा माथिबाट निर्देशन गर्ने परिपाटीको अन्त्य गरी तहगतरूपमा सम्बन्धित पार्टी कमिटिले निर्णय लिन सक्ने व्यवस्था हुनुपर्छ ।
३. एउटै व्यक्ति दल र शासकीय दुवै जिम्मेवारीमा लामो समय रहिरहँदा नेतृत्व अधिनायकवादी र निरङ्कुश हुने खतरा रहन्छ । तसर्थ, एक व्यक्ति एक कार्यकारी जिम्मेवारी र बढीमा दुई कार्यकाल भन्ने व्यवस्था गरियो भने उच्चतम अभ्यास हुनुक्छ ।
४. दलभित्र उमेर समूह, विज्ञता, क्रियाशीलता, दल निर्माणमा गरेको त्यागजस्ता सवालको मूल्याङ्कन गरी आवश्यकता र क्षमताका आधारमा जिम्मेवारी दिने विधि निर्माण गर्नु उपयुक्त हुन्छ ।

only with a full completion of the democratic process as prescribed in the party constitution.
2. The practice of directing from the top should end and instead there should be an arrangement for the relevant party committee to take decisions in an open and transparent manner.
3. There is a clear danger that the party leadership will become authoritarian when the same person remains in charge of the party for too long time. Therefore, the best practice would be to permit an individual executive party office for no more than two terms.
4. It is important to formulate a method of assigning party duties on the basis of capacities by evaluating issues such as age group, expertise, activism, and past work for the party.
5. Inclusive representation should be based on the decisions and recommendations of the party committee and not just the view of the leader. The party should provide proper representation on the basis of gender and broader community on the basis of necessity and not personal whims.
6. It is important to distribute political responsibilities to balance the power relations between the party and the leader when the latter holds high public office.
7. It is important to involve non-political people in organizational methods and processes by providing the appropriate training, before giving them important party or government duties.
8. All levels of the party structures should be mobilized regularly through the implementation of the party's stated constitutional processes. No matter how excellent the party's constitution and documents are, if they are not implemented in practice, they can be seen as nothing more than inanimate set of 'thoughts and muses'.

## Conclusion

If political parties do not discuss the organizational principles and leadership system and follow the rules, then democracy cannot lead on the right path either for the party in question or for the country. For the strengthening of internal democracy, the right methods and regulations along with training are urgently required. Although the Political Parties Act has tried to control political 'opportunism' and limit party change and division, the strengthening of internal democratic practices has received very little focus by the parties



५. समावेशी प्रतिनिधित्व गराउँदा नेताको निगाहाबाट नभई दलको कमिटीको निर्णय र सिफारिसलाई आधार बनाइनुपर्छ । आवश्यकताका आधारमा लैङ्गिक र सामुदायिक आधारमा उचित प्रतिनिधित्व गराउने नीति पार्टीमा हुनुपर्छ ।
६. दल र सत्तामा हुँदा नेताहरूबीचको शक्ति सन्तुलन मिलाउन आलोपालो जिम्मेवारी दिने व्यवस्था गर्नु व्यवहारिक र वैज्ञानिक हुन्छ ।
७. गैरराजनीतिक व्यक्तिलाई दल वा सत्ताको महत्वपूर्ण जिम्मेवारीमा ल्याउनु भन्दा अगाडि अनिवार्यरूपमा विचारद्धारा प्रशिक्षित गर्दै संगठनात्मक विधि र प्रक्रियामा सामेल गर्नुपर्छ ।
८. दलको संरचनाका सबै तहहरूलाई विधिसम्वत प्रक्रियाबाट नियमित परिचालन गरिनुपर्छ । दलको विधान र दस्तावेजमा जतिसुकै उत्कृष्ट लेखिएको भए पनि व्यवहारमा कार्यान्वयन भएनन् भने ती केवल निर्जिव विचारका हरफबाहेक केही पनि हुन सक्दैनन् ।

## निष्कर्ष

राजनीतिक दलहरूमा संगठनात्मक सिद्धान्त र नेतृत्व प्रणालीबारे विमर्श र विधिअनुसार चल्ने प्रतिबद्धता भएन भने पनि पार्टीभित्र र बाहिर लोकतन्त्र सही बाटोमा हिड्न सक्दैन । आन्तरिक लोकतन्त्रको सवलीकरणको निमित्त आवश्यक प्रशिक्षणको साथै विधि र नियमनको पनि आवश्यकता हुन्छ । राजनीतिक दलसम्बन्धी ऐनले अवसरवादको नियन्त्रण र दलबदल तथा विभाजनमाथि अङ्कुश लगाउने प्रयास त गरेको छ तर समस्याको अर्को पाटो आन्तरिक लोकतन्त्रको अभ्यासलाई मजबुत गर्नेतर्फ राजनीतिक दलहरूको ध्यान पुगेको छैन । राजनीतिक पार्टीहरूको विधानमा आन्तरिक लोकतन्त्रको अभ्यासबारे र पार्टी प्रमुखलाई हुने/दिइने अधिकारको सीमाप्रति विधिसम्वत् निर्देशनको अभाव छ । विशेष र महत्वपूर्ण परिस्थितिमा पार्टीका प्रमुखहरू विशेषाधिकारको आवश्यकता भन्दा बढी प्रयोग गर्ने गर्दछन् । यसले ऐन कानुनमा भएको व्यवस्था पनि आफू अनुकुल प्रयोग वा उल्लंघन हुने गर्दछ ।

त्यसकारण, यी र यस्ता कारणले राजनीतिक दलभित्र लोकतान्त्रिक परिपाटी अनुसारको कार्यविधि विकासित गर्न र प्रभावकारी विधि र नियमन आवश्यक भएको छ । तसर्थ, राजनीतिक दलभित्र विचार र व्यवहारबीच पैदा भएको अन्तरविरोध हल गर्न मूलतः समग्र समस्याको पहिचान, समाधानको विधि निर्माण र त्यसको कार्यान्वयन गरिनुपर्छ । नेपाली नागरिकले कम्तीमा यति चाहिँ अनुभव गर्न पाउनुपर्छ ।

themselves. Their respective constitutions also lack legal guidance on the practice of internal democracy and, in particular, the power limitation of the party leader. In important situations, party leaders use their privileges more than is necessary while also regularly violating or at least manipulating the provisions of the law for personal gain.

Therefore, for these and many other similar reasons, it has become increasingly necessary for political parties to start developing procedures in line with democratic norms and regulations. To resolve the contradictions within Nepali political parties between ideas and behaviors, the comprehensive holistic identification of the problem and the formulation and implementation of the solutions are key for solving this longstanding problem. Whatever else, the ordinary citizens of Nepal deserve no less.



# Empowering Marginalized Women in Nepali Political Parties

■ Rita Sah

# नेपाली राजनीतिक दलमा सिमान्तकृत महिलाको सशक्तिकरण

■ रीता साह

In a party system, as political parties are the means for everyone to reach state power, women from different marginalized communities should also have the opportunity to reach state power by joining a political party. However, Nepal's political parties have a random history in terms of the representation of women from marginalized communities. Yet still, after the ten-year Maoist People's War and Madhes movement, the representation of women in political from marginalized communities has increased even though their representation cannot be classified as meaningful. Apart from the JSP, the key party documents of three other main political parties (NC, CPN-UML, and CPN-MC) all mention the issue of women's representation. At point of writing prior to the split within the JSP, due to internal party disputes, their party statutes and other related documents had not been finalized, including in relation to the representation of women. The other three-party documents provided for at least one-third participation of women in party committees at each level. Therefore, this article analyzes the representation of women in political parties.

## The Issue of Women's Representation in Party Documents

According to data made public in 2020, the NC has 852,000 members, of which only 22 percent are women. From the standpoint of inclusion, 42 percent of its members are represented by Khas Aryans, 24 percent by Adhivasi Janajatis, 11 percent by Madhesis, five percent by Dalits, five percent by backward communities, three percent by Tharus and two percent by Muslims. The NC constitution states that at least one-third of the party's committees at all levels should be represented by women. Accordingly, the 167-member central working committee should have 52 women, with four seats for Dalits, seven for Adivasis, six for Khas Aryas, four for Madhesis, two Tharus and one Muslim. Even though the number of active members has not reached one-third, the provision that one-third of women should be represented in the executive committee is a positive sign. However, in the elections held inside or outside the party, except for the reserved seats on the basis of ethnicity and gender, few women are ever fielded as candidates and different marginalized communities are not fielded as candidates even in case of non-reserved seats. Similarly, Khas Arya women seem to be given a priority.

According to the CPN-UML constitution, committees will be elected at all levels of the party and that those committees will be inclusive in character. Similarly, the provision has been made for at least 33 percent women

दलीय व्यवस्थामा राजनीतिक दल नै सबैका लागि राज्यसत्तासम्म पुग्ने माध्यम हो, त्यसैले राजनीतिक दलमा आबद्ध भएरै सिमान्तकृत समुदायका महिलालाई पनि राज्यसत्तामा पुग्ने हो । तर, नेपालको राजनीतिक दलमा छिटफुट रूपमा मात्र सिमान्तकृत समुदायका महिलाको प्रतिनिधित्व भएको इतिहास छ । दशवर्षे माओवादी जनयुद्ध र मधेस आन्दोलनका कारण भने सिमान्तीकृत समुदायका महिलाको राजनीतिक दलमा प्रतिनिधित्व बढ्दै गएको छ । यद्यपि, सिमान्तकृत महिलाको अर्थपूर्ण प्रतिनिधित्व भने हुन सकेको छैन । जनता समाजवादी पार्टी (जसपा) बाहेक अन्य तीन राजनीतिक दल, नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी-केन्द्र)का दस्तावेजमा महिला प्रतिनिधित्वको सवाल स्पष्टरूपमा उल्लेख गरिएको छ । तर, विभाजन हुनुभन्दा अगाडि यो लेख लेखिएको समयसम्म जनता समाजवादी पार्टीले दस्तावेजलाई अन्तिम रूप दिएको थिएन । त्यसैले महिला प्रतिनिधित्वबारे जसपामा पनि स्पष्टता थिएन । अन्य तीन पार्टीले आफ्ना दस्तावेजमा हरेक तहको पार्टी कमिटीमा कम्तीमा पनि एकतिहाई महिलाको सहभागिता गराइने प्रावधान राखेका छन् । त्यसैले यो लेखमा महिला प्रतिनिधित्वका सन्दर्भमा राजनीतिक पार्टीको अवस्थाबारे विश्लेषण गरिएको छ ।

## दलका दस्तावेजमा महिलाको प्रतिनिधित्वको सवाल

वि.सं. २०७७ साउनमा सार्वजनिक भएको तथ्याङ्कअनुसार नेपाली कांग्रेसमा ८ लाख ५२ हजार क्रियाशील सदस्य रहेका छन् । ती सदस्यमध्ये २२ प्रतिशत मात्रै महिला छन् । सामाजिक विविधताको कोणबाट हेर्दा ४२ प्रतिशत खसआर्य, २४ प्रतिशत आदिवासि जनजाति, ११ प्रतिशत मधेसी, ५ प्रतिशत दलित ५२ प्रतिशत पिछडिएको क्षेत्र, ३ प्रतिशत थारु र २ प्रतिशत मुश्लिमको प्रतिनिधित्व रहेको छ । नेपाली कांग्रेसको विधानमा पार्टीको हरेक तहका समितिमा कम्तीमा एकतिहाई महिला प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गरेको छ । विधानमा उल्लेखित यो प्रावधान सकारात्मक छ । यो प्रावधानअनुसार कांग्रेसको १६७ सदस्यीय केन्द्रिय कार्यसमितिमा कम्तीमा ५२ जना महिला हुनुपर्छ । तर, व्यवहारमा महिलाको प्रतिनिधित्व विधानमा उल्लेख गरिएबमोजिम हुन सकेको छैन । कांग्रेसले दलित महिलाका लागि ४ ओटा, आदिवासी जनजाति महिला ७, खसआर्य महिला ६, मधेसी महिला ४, थारु महिला २ र मुस्लिम महिलाको लागि १ सिट छुट्याइएको छ ।

कांग्रेसको क्रियाशील सदस्यमा महिलाको संख्या एकतिहाई नपुगेको भए पनि कार्यसमितिमा एकतिहाई महिलाको प्रतिनिधित्व छैन । दलभित्र वा बाहिर हुने निर्वाचिनमा पनि जातीय र लैङ्गिक आधारमा आरक्षित सिटबाहेक अन्य स्थानमा महिलाललाई अत्यन्तै न्यून मात्रामा उमेद्वार बनाइन्छ । जातीय हिसाबले हेर्दा खुलातर्फ सिमान्तीकृत समुदायलाई निर्वाचनमा उमेद्वारको रूपमा खासै उठाईदैन । त्यसगरी महिलाभित्र पनि खसआर्य महिलालाई नै प्राथमिकता दिने गरिन्छ ।

members in these committees. In the case of non-availability of minimum qualifications and criteria, the position of women members will remain vacant. Similarly, it is stated that the Dalit community should have inclusive representation in party committees at all levels.

In the same way, the CPN-MC has also made the provision in its constitution that 35 percent representation of women should be mandatory across all party committees. The decision was taken by the party's standing committee held on April 27, 2021 and will be implemented after it is passed by the central committee. After that, at least 35 percent representation of women should be made mandatory in all committees at all levels.

### Women in Political Parties

Therefore, the practice of gender and social inclusion within the main political parties shows a clear picture of gender equality. As per the central committee data of these parties, the CPN-UML has 78 central members, of which 25 are women. Of the women, 17 are Khas Aryan women, 6 are Adivasi Janajati, one is Madheshi and one is Dalit. The NC's central committee has 126 central members, with 20 women, of which 10 were Khas Aryas, five Adivasi Janajatis, three Madhesis and two Dalits. The 179-member CPN-MC central committee has 33 women of whom 18 are Aryas, ten Adivasi Janajatis, one Madhesis and two Dalits. Similarly, the JSP has 110 women in its 778-member central committee, of those women members, 62 are Madhesis while other Adivasi, Muslim and Dalit women are under-represented.

### Constitutional and Legal System

Article 38 of the Constitution provides for the rights of women, according to which women can participate in all state bodies based on the principle of proportional inclusion. Article 42 provides for the right to social justice, including for "the socially backward women, Dalit, indigenous people, indigenous nationalities, Madhesi, Tharu, minorities, persons with disabilities, marginalized communities, Muslims, backward classes, gender and sexual minorities, youths, farmers, laborers, oppressed or citizens of backward regions and indigent Khas Arya". They are required to participate in every body of the state on the basis of their population. The constitution specifies that women, Dalits, Adivasi Janajatis, Madhesis, Tharus, Muslims backward communities and Khas Arya should be represented on the basis of a reserved list, when a



नेकपा (एमाले)को विधानअनुसार पार्टीको सबै तहका निर्वाचित कमिटी हुने र ती कमिटी स्थानीय विशेषताअनुसार समावेशी चरित्रका हुने व्यवस्था छ । यसैगरी ती कमिटीमा न्युनतम ३३ प्रतिशत महिला सदस्य अनिवार्य हुने व्यवस्था गरिएको छ । न्यूनतम योग्यता र मापदण्ड नपुगेको अवस्थामा भने महिला सदस्यको स्थान खाली रहनेछ । त्यस्तै सबै तहका पार्टी कमिटीमा दलित समुदायको समावेशी प्रतिनिधित्व हुनुपर्ने व्यवस्था विधानमा गरिएको छ । त्यसै गरी नेकपा (माओवादी-केन्द्र)ले पार्टीको सबै समितिमा ३५ प्रतिशत महिला प्रतिनिधित्व अनिवार्य हुनुपर्ने व्यवस्था विधानमै गरेको छ । वि.सं. २०७८ साल बैशाख १४ मा बसेको पार्टीको स्थायी कमिटी बैठकले उक्त निर्णय गरेको हो । जुन निर्णय पार्टीको केन्द्रिय समितिबाट पारित भएपछि लागू हुनेछ । त्यसपछि भने पार्टीको केन्द्रिय स्थानीय तहसम्मका सबै समितिमा महिलाको कम्तीमा ३५ प्रतिशत प्रतिनिधित्व अनिवार्य गरिनुपर्छ ।

### राजनीतिक दलमा महिला

राजनीतिक दलभित्र गरिएको लैङ्गिक तथा सामाजिक समावेशीकरणको अभ्यासले लैङ्गिक समानताको अवस्थाको चित्र देखाउँछ । देशका प्रमुख चार दलको केन्द्रिय समितिको तथ्याङ्क हेर्दा नेकपा (एमाले)मा ७८ जना केन्द्रिय सदस्य छन्, जसमध्ये २५ जना महिला छन् । महिलामध्ये १७ जना खसआर्य महिला छन् भने ६ जना आदिवासी जनजाति, १ मधेसी र १ जना मात्रै दलित महिला छन् । नेपाली कांग्रेसको केन्द्रिय समितिमा १२६ जना केन्द्रिय सदस्य छन्, जसमध्ये २० महिला छन् । ती महिलामध्ये खसआर्य १० जना, आदिवासी जनजाति ५, मधेसी ३ र दलित २ जना महिलाको प्रतिनिधित्व छ । नेकपा (माओवादी-केन्द्र)को १७९ सदस्यीय केन्द्रिय समितिमा ३३ जना महिला छन् । जसमध्ये खसआर्य १८, आदिवासी जनजाति १०, मधेसी १ र दलित २ जना महिलाको प्रतिनिधित्व छ । यसैगरी जनता समाजवादी पार्टीको ७७८ जनाको केन्द्रिय समितिमा ११० जना महिला छन् । ती महिला सदस्यमध्ये ६२ जना मधेसी महिला छन् भने अरु आदिवासी जनजाति, मुस्लिम र दलित महिलाको प्रतिनिधित्व कमजोर नै छ ।

### संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधान, २०७२ को धारा ३८ मा 'महिलाको हक'को व्यवस्था गरिएको छ, जसअनुसार राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने व्यवस्था गरिएको छ । धारा ४२ मा 'सामाजिक न्यायको हक'को व्यवस्था छ, जसमा "आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्य"लाई पनि उनीहरूको जनसंख्याको आधारमा राज्यको हरेक निकायमा सहभागी हुनुपर्ने व्यवस्था छ ।

party nominates candidates on the proportional list for elections to the House of Representatives.

The Constitution further states that at least one-third of the total number of members elected from each party represented in the federal parliament should be women. However, the Constitution binds parties to women's representation in politics, but is silent on the diversity of women who are represented once they are in parliament. Pursuant to Article 86, the National Assembly shall consist of eight members from each province, one of whom must be a person with disability or a minority. Pursuant to sub-article 2 (b), on the recommendation of the Government, there should be three people with at least one woman nominated by the President.

The Constitution states that when each political party nominates a candidate in the proportional representation system of the Provincial Assembly, "women, Dalits, Adivasi Janajati, Madhesi, Tharu, Muslim, backward areas, minority communities and Khas Arya" will be represented on the basis of a reserved list. There is also a provision to pay attention to the geographical balance of the concerned state when giving such a candidature. The Constitution also requests political parties to have one-third women's representation in the provincial assembly. Pursuant to Article 222, Clause 3, at least two women from each ward will be represented in the village assembly. In addition, Article 269, Clause 4 (c) provides for the representation of diversity in the executive committees of various levels of a party.

In terms of national legislation, according to the Political Parties Act, 2017, election, nomination and appointment should include the participation of its members in such committees on the basis of the inclusive principle so as to reflect diversity in society. In addition, it states that at least one-third of the party's committees at all levels should be women. This provision emphasizes gender equality as well as social inclusion.

### Challenges in Representation of Marginalized Women in Political Parties

While women’s participation in political party committees is likely to increase, the representation of marginalized women is unlikely to greatly improve. There are reasons for this.



सामानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खसआर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउनुपर्ने संविधानमै व्यवस्था छ ।

त्यस्तै संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तीमा एकतिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था छ । नेपालको संविधानले राजनीतिमा महिला प्रतिनिधित्वबारे दललाई बाध्यकारी त बनाएको छ तर, प्रतिनिधित्व हुने महिलाभित्रको विविधताबारे भने मौन छ ।

संविधानको धारा ८६ अनुसार राष्ट्रियसभाको गठनमा प्रत्येक प्रदेशबाट आठजना हुने, जसमध्ये एकजना अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक मध्ये हुनै पर्ने भनिएको छ । यसै उपधारा २(ख) बमोजिम नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित कम्तीमा एकजना महिलासहित तीनजना हुनुपर्ने प्रावधान छ ।

प्रदेशसभाको सामानुपातिक निर्वाचन प्रणालीमा प्रत्येक राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खसआर्य, मधेसी, थारू, मुस्लिम, पिछिडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचिका आधारमा प्रतिनिधित्व हुने व्यवस्था छ । त्यसरी उम्मेदवारी दिँदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने व्यवस्था छ । साथै संविधानले प्रदेशसभामा पनि एकतिहाइ महिला प्रतिनिधित्व गराउनै पर्ने दलहरूलाई बाध्य बनाएको छ ।

संविधानको गाउँसभा गठनसम्बन्धी धारा २२२ को उपधारा ३ अनुसार गठन हुने गाउँसभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुने व्यवस्था छ । साथै धारा २६९ को उपधारा ४ (ग) अनुसार दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्ने व्यवस्था छ ।

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ अनुसार निर्वाचन, मनोनयन र नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिबिम्ब हुनेगरी आफ्ना सदस्यमध्यहरूबाट त्यस्ता समितिमा समावेशी सिद्धान्तको आधारमा सहभागी गराउनु पर्ने भनिएको छ । साथै दलको सबै तहको समितिमा कम्तिमा एकतिहाई महिला सदस्य हुनुपर्ने भनिएको छ । यस व्यवस्थाले लैङ्गिक समानताको साथै समाजिक समावेशीकरणमा जोड दिएको छ ।

**Reluctance:**

While the principle of inclusion is mentioned in the Constitution, laws and regulations, political parties do not want to make it inclusive. Even the major political parties have not been freed from the patriarchal and 'high caste' thinking prevailing in society at large. Even within women, the leadership of marginalized women still does not seem to be acceptable. Non-Dalits, in particular, do not accept the leadership of Dalit women, non-Muslims do not accept Muslim leadership and so on. While efforts are being made to bring Madhesi, Dalit, Muslim and other marginalized women into roles of political leadership, the challenge remains of having such individuals accepted within the party structures.

**Tokenism:**

Political parties have made provision for at least 33 percent representation of women in their party constitution. However, none of the parties actually have 33 percent representation of women in their respective structures. Yet, the women that are represented are also kept in the same group and the diversity within women is flatly ignored. Therefore, the Khas Arya community is still the dominant caste among the women represented in parties with Dalit, Madhesi and Muslim marginalized women having minimal representation.

**Abuse of the proportional system:**

Although the Constitution provides for at least one-third women's representation in elections, if this result is not achieved directly under the majoritarian system, women will have to be represented proportionally. However, the proportional system has been abused in recent times. Non-political persons who have just joined the party are represented on the basis of kinship, nepotism and accessibility. Moreover, proportional seats reserved for marginalized women by some parties seem to include persons from business and other similar 'influential' individuals. As a consequence, marginalized women and women who have contributed to politics are not properly represented.

**Economic dependency of women:**

Although women constitute 51 percent of the population, most women remain economically dependent on men. Due to this, women are unable to



## राजनीति दलमा सिमान्तकृत महिला प्रतिनिधित्वको चुनौती

उल्लेखीत सबै दलहरूको विभिन्न तहको समितिमा महिलाको सहभागिता बढ्ने देखिए पनि सिमान्तकृत महिलाको प्रतिनिधित्वमा खासै फरक आउने सम्भावना कम छ । यसका खास विभिन्न कारणहरू छन्, ती कारणबारे यहाँ संक्षिप्त चर्चा गरिएको छ ।

**अस्वीकृति :**

नेपालको संविधान, ऐन, कानुनमा समावेशी सिद्धान्त उल्लेख भए पनि दलहरू र त्यसको नेतृत्वले खासै समावेशी बनाउन चाहेका छैनन् । नेपाली समाजमा व्याप्त रहेको पितृसत्तात्मक र उच्च जातीय सोचबाट नेपालका प्रमुख दलहरू पनि मुक्त भइसकेका छैनन् । महिलाभित्र पनि सिमान्तकृत महिलाको नेतृत्व अझै पनि स्वीकार्य भइसकेको देखिँदैन । विशेष गरेर दलित महिलाको नेतृत्व गैरदलितले स्वीकार गर्दैनन् । मुस्लिमको नेतृत्व गैरमुस्लिमले स्वीकार गर्दैनन् । बाध्यकारी कानुनी व्यवस्थाका कारण थोरै भए पनि मधेसी, दलित, मुस्लिम आदि सिमान्तकृत महिलाको नेतृत्वमा आउने प्रयत्न भइरहेको छ, तर उनीहरूको नेतृत्वलाई सहजै स्वीकार नगर्ने गम्भीर चुनौती छ ।

**आलङ्कारिकता :**

राजनीतिक दलहरूले विधानमा कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुने व्यवस्था गरेका छन् । तर, कुनै पनि राजनीतिक दलले ३३ प्रतिशत महिलालाई प्रतिनिधित्व गराएका छैनन् । अर्कोतर्फ प्रतिनिधित्व गराइएका महिलालाई पनि एउटै समूहका छन्, महिलाभित्रका विविधतालाई बेवास्ता गरिएको छ अर्थात राजनीतिक दलभित्र प्रतिनिधित्व गर्ने महिलामा पनि खसआर्य समुदायकै वर्चश्व छ । विशेषगरी दलित, मधेसी, मुस्लिम समुदाय सिमान्तीकृत समुदायका महिलाको प्रतिनिधित्व अत्यन्तै थोरै छ ।

**समानुपातिक प्रणालीको दुरूपयोग :**

संविधानले निर्वाचनमा कम्तीमा एकतिहाइ महिलाको प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गरेको छ । प्रत्यक्ष निर्वाचन प्रणालीतर्फबाट यो परिणाम नआए सामानुपातिक प्रणालीबाट महिलाको प्रतिनिधित्व पुऱ्याउनु पर्ने हुन्छ । तर, पछिल्लो समयमा सामानुपातिक निर्वाचन प्रणालीको चरम दुरूपयोग भइरहेको छ । पार्टीमा भर्खरै प्रवेश गरेका, गैरराजनीतिक व्यक्तिलाई नातावाद, परिवारवाद तथा पहुँचको आधारमा प्रतिनिधित्व गराइन्छ । कतिपय दलले सिमान्तीकृत महिलाका लागि छुट्याइएको समानुपातिक सिटमा व्यापारी तथा प्रभुत्वशाली व्यक्ति समावेश गरेका छन् । पणिामत : सिमान्तकृत महिला र राजनीतिमा योगदान दिएका महिलाको सही प्रतिनिधित्व हुन सकेको छैन ।

be politically active. Due to the economic disorder in the election process, it is almost impossible for financially disadvantaged people to contest elections, especially someone from a marginalized community. In this context, do not forget that 90 percent of Dalits do not own land, which reflects the economic status of Dalit women. Therefore, economic hardship has become a key barrier to women's political representation.

## Measures to Politically Empower Women

Here are a number of possible measures that can be taken to politically empower women:

### Inclusive political parties:

Political parties are the most important door for women's participation and representation. Therefore, there should be a mandatory provision of 50 percent women in all structures of political parties. The provision to include 50 percent women from various communities should be included in the party's constitution.

### Reform of the proportional list system:

The reservation of women in the proportional list plays an important role in increasing women's representation. However, political parties have been abusing the loopholes in the current law to get representation in such seats. Therefore, provisions such as becoming a candidate only after five years of party membership, etc. can be implemented as the required criteria to control this phenomena.

### Emphasis on the meaningful participation of marginalized women:

The provision of proportional representation (50 percent) in every structure of a political party should be mentioned in the constitution of every party. It is not sufficient to say that the seats are reserved for women. Instead, diversity within the women should be mentioned in law. More broadly, there also needs to be a wide-ranging change in the perception and attitudes towards marginalized women.

### Emphasis on gender-friendly environment:

A systemic change is needed in the patriarchal thinking and structure towards the women in politics. The tendency of not accepting women's leadership,



### महिलाको आर्थिक परनिरर्भर्ता :

नेपालमा महिलाको जनसंख्या ५१.४ प्रतिशत भएपनि अधिकांश महिला पुरूषमाथि परनिर्भर अवस्थामा छन् । आर्थिकरूपले परनिर्भर हुनु परेका कारण महिला सहजै राजनीतिमा सक्रिय हुन सकिरहेका छैनन् । निर्वाचनमा हुने आर्थिक चलखेलका कारण बिपन्नले चुनाव लड्न असम्भव प्रायः छ, विशेषगरी सिमान्तकृत समुदायका व्यक्तिहरूले । दलित महिलाको आर्थिक अवस्था हेर्दा ९० प्रतिशत दलितसँग पर्याप्त जग्गा जमिन र बस्ने घर छैन । उनीहरू दैनिक ज्यालादारी गरी जिविकोपार्जन गर्नुपर्ने अवस्था छ । त्यसैले आर्थिक बिपन्नता राजनीतिमा महिला प्रनिधित्वको बाधक बन्न पुगेको छ ।

## महिलालाई राजनीतिक सशक्तिकरण गर्ने उपाय

### समावेशी राजनीतिक दल :

राजनीतिक दल भनेको राज्यसत्तामा महिला सहभागीता गराउने सबैभन्दा महत्वपूर्ण र निर्णायक ढोकाको रूपमा रहेका हुन्छन् । तसर्थ राजनीतिक दलहरूको सबै संरचनामा ५० प्रतिशत महिलाको अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था हुनुपर्छ । ती ५० प्रतिशत महिलाभित्र अनिवार्यरूपमा विभिन्न समुदायलाई समेटिनु पर्ने बाध्यात्मक प्रावधान पार्टीको विधानमै राखिनुपर्छ ।

### समानुपातिक निर्वाचन प्रणालीमा सुधार :

राजनीतिमा महिला प्रतिनिधित्व बढाउन समानुपातिकतर्फको सिटमा महिलाको आरक्षणले महत्वपूर्ण भूमिका खेल्छ । तर, त्यस्तो सिटमा प्रतिनिधित्व गराउनको लागि कानुनभित्र रहेको कमजोरीलाई राजनीतिक नेतृत्वले हदैसम्म दुरूपयोग गरेको पाइन्छ । तसर्थ त्यसको नियन्त्रणको लागि आवश्यक मापदण्ड तय गर्नुपर्छ । उदाहरणका लागि पार्टी सदस्यता लिएको पाँच वर्षपछि मात्रै उम्मेदवार बन्ने व्यवस्था आदि लागू गर्न सकिन्छ ।

### सिमान्तकृत महिलाको अर्थपूर्ण सहभागितामा जोड :


राजनैतिक दलको हरेक संरचनामा संविधानले व्यवस्था गरेअनुरूप समानुपातिक प्रतिनिधित्वको (पचास प्रतिशत) व्यवस्था दलको विधानमै उल्लेख हुनुपर्छ । महिलाको लागि छुट्याइएको सिटमा केबल महिला भनेर हुँदैन । महिलाभित्रको विविधताबारे ऐन कानुनमै उल्लेख हुनुपर्छ । साथै सिमान्तकृत महिलालाई हेर्ने सोंच र दृष्टिकोणमा व्यापक परिवर्तन हुनु आवश्यक छ ।

### राजनीतिमा लैङ्गिकमैत्री वातावरणमा जोड :

राजनीतिमा महिलालाई हेर्ने पितृसत्तात्मक सोंच र संरचनामा व्यापक परिवर्तन आवश्यक छ । महिलाको नेतृत्व नस्वीकार्ने, अवसर नदिने, कमजोर ठान्ने प्रवृत्तिलाई निस्तेज गर्नुपर्छ । महिलाको शरीर र यौनिकतामाथि प्रहार गर्ने

not giving those opportunities, or considering them too weak needs to stop. The leaders who negatively affect the rights of women should be brought to justice by establishing an enabling environment for justice. For this, the active and full participation of men is key. Everyone should have the responsibility to eliminate gender discrimination and create equality. For this, political party structures and state bodies should be made gender friendly and behaviors that include caste discrimination, regional discrimination, and discrimination based on language should be eradicated.

नेतालाई कानुनी दायरामा ल्याउने वातावरण निमार्ण गरिनुपर्छ । यसको लागि पुरूष सहभागिता अनिवार्य छ । लैङ्गिक विभेद हटाउनु र समानताको अवस्था सिजना गर्नु सबैको जिम्मेवारी हुनुपर्छ । यसको लागि दलका संरचानामा र राज्यका निकायलाई लैङ्गिकमैत्री बनाउनुपर्छ । जातीय विभेद, क्षेत्रीय विभेद, भाषिक विभेदलगायतको व्यवहारलाई पूर्णरूपले अन्त्य गर्नुपर्छ ।



# How ‘One Member, One Vote’ Changed Party Selections in Britain

■ Robert Evans

# बेलायतमा ‘एक सदस्य, एक मत’ले उमेद्वार छनौट प्रक्रियामा ल्याएको परिवर्तन

■ रोबर्ट एभन्स

UK politics has undergone many far-reaching changes over the past 25 years. Some of the most significant developments have emerged from the main political parties, not least when it comes down to selecting their candidates standing for election. The whole election process has evolved and emerged differently from the 'stuffy' 1960s' era. However, this has not necessarily been positively reflected by participation levels in elections or political parties. In a fast-evolving world, the introduction of multi-channel cable television, changes in shopping patterns and increases in employment opportunities (especially among women), have all contributed to much diminished participation in party politics. Gone are the days when hundreds of people would attend a street corner meeting or political rally. Even during election times, party political campaigning in the UK has changed with traditional methods to be replaced by targeted approaches using new media.

This phenomenon is also reflected in the percentage turnout of voters in the elections. In 1992, almost 80 percent of Britons exercised their right to vote in the general election. By 2001, that figure had fallen below 60 percent, and although in 2019 it was back at 67 percent, many observers predict that participation in future elections may be less than half of the electorate, as is often the case in the US, when the president can often be elected on not much more than a 50 percent turn-out. Added to this, is the suggestion that national politics is no longer as relevant as it was. The rise of regional parties, for example in Scotland, and the growth of new parties has made traditional politics seem less relevant. With this in mind, it is not surprising that both main UK parties - the Conservative and Labor parties – have seen a long-term decrease in their membership. By contrast, the number of people who see themselves as promising politicians, stays just as high as ever.

Whenever a 'safe' parliamentary constituency for either party becomes available as many as a hundred aspiring candidates invariably rush to gain selection. Yet, even in 'hopeless constituencies', many selections often turn into closely contested battles because the experience of participating in them can be invaluable and campaigning can still be just as exciting.

The UK Labor Party was founded over a century ago to elect active trade union members to parliament to be a voice to defend the interests of the workers. Until recently, there were many constituencies in different parts



बिगत २५ वर्षमा संयुक्त अधिराज्य (युके)को राजनीतिमा दिर्घकालीन प्रभाव पार्ने थुप्रै परिवर्तन भएका छन् । यस्ता महत्वपूर्ण परिवर्तन मूलतः राजनीतिक दलबाट भएका हुन् । यसका साथै निर्वाचनका लागि उमेद्वार छनौट प्रक्रियामा पनि परिवर्तन भएका छन् । सन् १९६० तिर सम्पूर्ण निर्वाचन प्रक्रिया अव्यवस्थित थियो । त्यसपछि बिस्तारै निर्वाचन प्रक्रिया परिस्कृत र परिमार्जित हुँदै आइरहेको छ । तर, यस परिवर्तनबाट निर्वाचन र राजनीतिक दलमा हुने सहभागिताको अवस्थामा भने सकारात्मक नतिजा देखिएको छैन । संसारभरि नै धेरै किसिमका परिवर्तन तीब्र गतिमा भइरहेका छन् । जस्तै : विभिन्न च्यानल आउने टेलिभिजनको सुरुवात भएको छ, किनमेलका तरिकामा व्यापक परिवर्तन (हप्ताको सातै दिन र कतिपय अवस्थामा दिनको २४ घण्टा) आएको छ भने रोजगारीमा पनि बृद्धि (खासगरी महिलामा) भएको छ । यी विषयले राजनीतिक दलका सबै तहमा सहभागीता र क्रियाकलापमा भने कमी ल्याएको छ । पक्कै पनि अहिले सडकको कोणसभामा वा राजनीतिक ऱ्यालीमा सयौँ मानिस सहभागी हुने अवस्था छैन । निर्वाचनकै समयमा पनि निर्वाचन प्रचार-प्रसारका परम्परागत विधिको प्रयोग हुन छोडेको छ । संयुक्त अधिराज्य (युके)मा यस्ता परम्परागत विधिबाट लक्षित समुदायमा प्रचार-प्रसार गर्ने चलनलाई इन्टरनेट र सामाजिक सञ्जालले बिस्थापित गरिसकेको छ ।

निर्वाचनमा हुने मतदाताको सहभागीताले पनि निर्वाचनको विकास क्रमलाई प्रतिबिम्बित गर्छ । सन् १९९२ मा बेलायती जनसंख्यामध्ये झण्डै ८० प्रतिशत नागरिकले आमनिर्वाचनमा मतदान गर्न पाउने अधिकारको उपयोग गरे । सन् २००१ सम्ममा भने यो अनुपात ६० प्रतिशतमा झरिसकेको थियो । सन् २०१९ मा यो अनुपात ६७ प्रतिशत पुगेको थियो । धेरै विचारकले बेलायतमा पनि भविष्यमा मतदाताको संख्या, संयुक्त राज्य अमेरिकाको राष्ट्रपति निर्वाचन जस्तै ५० प्रतिशतभन्दा थोरै हुनसक्ने पूर्वानुमान गरेका छन् । यसका अतिरिक्त धेरै मानिसलाई राष्ट्रिय राजनीति पहिलेजस्तो महत्वपूर्ण छैन भन्ने लागेको पाइन्छ । विभिन्न देशमा क्षेत्रीय पार्टीहरूको उदय भइरहेको छ । जस्तै स्कटल्याण्डमा नयाँ पार्टीहरूको विकासले परम्परागत राजनीतिलाई कम सान्दर्भिक बनाइदिएको छ । यी विकासक्रमलाई हेर्दा बेलायतका दुई मुख्य दलहरू, कन्जर्भेटिभ र लेबर पार्टीमा पनि समयक्रमसँगै सदस्यता संख्या घट्दै गएको यथार्थ छ, जुन त्यत्ति अनौठो होइन । यसको विपरित आफूलाई सफल हुनसक्ने राजनीतिज्ञको रूपमा हेर्ने मानिसको संख्या भने पहिले जस्तै धेरै छ ।

निर्वाचित सांसदको मृत्यु वा अवकाशका कारण कुनै पनि दलको सुरक्षित संसदीय क्षेत्र खाली हुन्छ । यसो हुनासाथ सो निर्वाचन क्षेत्रमा सय जनासम्म आकांक्षी उमेद्वार मनोनयनको प्रतिस्पर्धामा लाग्छन् । निर्वाचन जित्ने 'आशै नभएका निर्वाचन क्षेत्रमा' पनि कडा प्रतिस्पर्धा हुने गरेको छ किनभने निर्वाचनमा सहभागी

of the country that have always been 'reserved' for 'favored sons' (or to a lesser extent daughters) of the local union. The National Union of Miners once dominated the parliamentary seats coming from constituencies in traditional coal mining areas. Similarly, MPs representing a railway town would nearly always be a former train driver or a railways employee. Such examples happen as local Labor Party branches are made up of a range of interested parties. Affiliated organizations, trade unions, local cooperatives, socialist societies and party branches have members in proportion to their membership. For generations, the larger trade unions tended to dominate the process so that their candidate would be likely to win. A bloc of union delegates that probably would be made up to 50 percent of all delegates could easily vote unanimously in support of a candidate nominated before even the final selection meeting even took place.

During the years of the Conservative government (1979-1990), many of the large unions fought against the 'mountain' of anti-union legislation that was introduced. Union membership fell rapidly while unemployment was rising. This despair peaked in the protests during the 1994 miners' strike and in opposition to the introduction of the poll tax in1990. Yet, despite all of this social tumult, it did not bring about any massive increase in Labor's membership.

After three general election defeats in 1979, 1983 and 1992, the Labor Party finally began a process of modernization, in particular to ensure the candidate selection process better reflected the views of the ordinary members instead of the old traditional power blocks. Under the leadership of Neil Kinnock and later under John Smith, Labor changed from an opposition party to a government party. Ironically, by the time Labor next won an election in 1997, John Smith had died and Neil Kinnock had left UK politics to become an EU Commissioner. It fell to Tony Blair, to reap the benefits of the changes as 'new Labor' won landslide victories in 1997, 2001 and later 2005, wins that demoralized the Conservative opposition. Labor's huge majority in 1997 (when they won twice as many seats as the Conservatives) undoubtedly reflected the changes in the way candidates were selected. A quarter of its 418 MPs elected were women and there were also many more former teachers and doctors than ever before. Today, even though the number of Labor MPs has fallen back to pre-1992 levels, over a half are still women.



भएपछि प्राप्त हुने अनुभव अमूल्य हुन्छन् । यसैगरी निर्वाचन प्रचार-प्रसारको काम पनि निकै उत्साहजनक हुनसक्छ ।

बेलायतको लेबर पार्टीको स्थापनाको एक मात्र उद्देश्य भनेको मजदुर आवाजको रक्षा गर्नलाई सक्रिय र प्रतिबद्ध ट्रेड युनियन सदस्यलाई संसदमा निर्वाचित गराउनु थियो । केही समय अगाडिसम्म पनि देशका विभिन्न भागका निर्वाचन क्षेत्रहरू स्थानीय युनियनले चाहेको व्यक्ति वा 'रूचाइएको छोरा' (र कहिलेकाहीँ छोरी)का लागि आरक्षित हुने गर्दथे । परम्परागत कोइला खानी भएका क्षेत्रका संसदीय सीटमा नेशनल युनियन अफ माइनर्सको धेरै प्रभाव रहन्थ्यो । यसैगरी रेलवे नगर क्षेत्रबाट प्रतिनिधित्व गर्ने सांसदमध्ये पनि धेरैजसो पूर्व रेल चालक र रेलवेका कर्मचारी हुने गरेका छन् ।

स्थानीय लेबर पार्टीमा संलग्न हुन इच्छुक विभिन्न समुहको सम्मिश्रणबाट गठन भएको हुनाले पनि यस्तो अवस्था बन्न पुगेको हो । स्थानीय सहकारी, समाजवादी समूहहरू र पार्टीका शाखा समिति र विभिन्न आबद्ध संस्थाका सदस्यहरू लेबर पार्टीमा आफ्नो संस्थागत सदस्यताको अनुपातमा पार्टीभित्र रहेका छन् । निकै लामो समयदेखि ठूला ट्रेड युनियनका सदस्य उमेद्वार बन्ने र निर्वाचन प्रक्रियामा प्रभाव पार्ने गरेका छन् । जस्तै, सबै प्रतिनिधिको ५० प्रतिशत हिस्सा भएको ट्रेड युनियन प्रतिनिधिको समूहले उमेद्वारको अन्तिम छनौट हुनुभन्दा पहिले नै युनियनले छानेको उमेद्वारको पक्षमा सर्वसम्मत मत प्रदान गर्न सक्छ ।

सन् १९७९ देखि १९९० सम्म श्रीमती थ्याचरको कन्जर्भेटिभ सरकारको पालामा थुप्रै ठूला ट्रेड युनियनहरू सरकारले बनाएका युनियनविरोधी कानुनको विरूद्धमा लडे । बरोजगारी बढ्दै जाँदा युनियनको सदस्यता तीब्र दरमा घट्यो । यो निराशा सन् १९९० मा निर्वाचन करको विरूद्ध भएको आन्दोलन र सन् १९९४ को खानी कामदारको हड्तालका क्रममा सशक्तरूपमा प्रकट भयो । यस्ता सामाजिक संघर्षका बाबजुद लेबर पार्टीको सदस्यतामा खासै बृद्धि हुन सकेन ।

लेबर पार्टी सन् १९७९, १९८३ र १९९२ मा भएका आमनिर्वाचनमा ठूलो मतान्तरले पराजित भयो । त्यसपछि लेबर पार्टीले अत्यन्त खुला प्रकृतिको उमेद्वार छनौट प्रक्रिया अपनायो । आन्तरिकरूपमा धेरै विरोध भए पनि लेबर पार्टीले यो प्रक्रियामा आधुनिक विधि अपनायो । यसो गर्नुको मुख्य कारण चाहिँ उमेद्वार चयन प्रक्रियाले लेबर पार्टीका शक्ति समूहको भन्दा सबै तहका सदस्यको भावनालाई राम्ररी प्रतिनिधित्व गरोस् भन्ने थियो । नील किन्नक र त्यसपछि जोन स्मिथको कार्यकालमा लेबर पार्टी प्रतिपक्षी पार्टीबाट सरकार सञ्चालन गर्ने पार्टीमा रूपान्तरित भयो । सन् १९९७ मा लेबर पार्टीले निर्वाचन जित्यो । तर,

A generation ago, in local Labor Party branches, the victorious candidate could often be chosen by a single powerful individual or by a small influential cabal. This does not mean that all selections were signed and sealed beforehand. There were, of course, meetings in which the victorious candidate would have to see off strong competition from a series of rivals, each with a strong body of support. In the final selection meeting, with perhaps hundreds of members participating, speeches were heard and questions were addressed to all candidates. A series of ballots with proportional representation-based elimination systems were held, until one candidate won. Occasionally, if one nominee failed to build trust or another candidate presented badly, surprises were possible. With two (or more) competing factions, it was also possible that delegates deliberately voted against the leading candidate to stop him (or her) from winning, thus allowing a third candidate to rise to the top and defeat the two main candidates.

Today, the candidate selection process within Labor, while still far from perfect, is much more open and, in fact, more time consuming for prospective candidates. It is no longer possible to be selected through only appearing at a final meeting, in the hope of doing well on that night of the meeting. Now, more and more candidates need to have a track-record of work within the area, within their party or have a high profile in some other aspect. Council leaders, tireless party employees and even television celebrities are more often just as likely to be selected.

The process has moved slowly, but nevertheless clearly towards the principle of 'one member, one vote'. Each party member in a branch has the chance to cast their vote to choose candidates. This has led to a large increase in the number of meetings with ordinary members. Aspiring candidates who are serious about winning may decide to spend more hours meeting as many members as possible, to seek their support and encourage them to attend the closing selection meeting. In addition, postal voting is allowed for those who cannot attend the meeting.

All of this has the advantage that fewer and fewer 'unknown' candidates can gain selection in solid Labor areas. Candidates who are well-known or with strong local connections tend to be successful compared with others, perhaps more able or experienced, belonging to another geographical area.



दुःखद कुरा पार्टीका नेता जोन स्मिथको भने हृदयाघातका कारण असामयिक निधन भयो । त्यतिबेला नील किन्नक पनि बेलायती राजनीति त्यागेर युरोपेली आयोगका आयुक्त बनेका थिए । उक्त परिवर्तनको लाभ पाउने भाग्यमानी व्यक्तिको रूपमा टोनी ब्लेयर आइपुगे । त्यसपछि लेबर पार्टीले सन् १९९७, २००१ र २००५ मा भएको निर्वाचनमा अत्याधिक बहुमतले विजय प्राप्त गऱ्यो । लेबर पार्टीको यो विजयले विपक्षी कन्जरभेटिभ पार्टीलाई निराशाजनक अवस्थामा पुऱ्याएर कमजोर शक्तिमा खुम्च्याइदियो । सन् १९९७ मा लेबर पार्टीले कन्जरभेटिभभन्दा दोबर संसदीय सीटमा विजय हासिल गरेको थियो । पार्टीले संसदीय निर्वाचनमा यसरी प्रचण्ड बहुमतसहित विजय प्राप्त गर्नुको मुख्य कारण पार्टीले उमेद्वार छनौटमा गरेको परिवर्तन नै थियो । उक्त निर्वाचनबाट निर्वाचित ४१८ सांसदमध्ये एक चौथाइ महिला थिए । यसैगरी ठूलो संख्यामा पूर्व डाक्टर र शिक्षकलाई निर्वाचनमा उमेद्वार छनौट गरिएको थियो र उनीहरू निर्वाचित भएका थिए । अहिले लेबर पार्टीको सांसद संख्या घटेर सन् १९९२ पहिलेको स्तिथिमा पुगेको भए तापनि, लेबरमा आधाभन्दा बढी महिला सांसद छन् ।

अघिल्लो पुस्तामा पार्टीको तर्फबाट उमेद्वार चयन हुने व्यक्तिलाई एउटा शक्तिशाली व्यक्ति र सानो प्रभावशाली समूहले छनौट गर्न सक्थ्यो । त्यसको अर्थ यो पनि होइन कि उमेद्वारको छनौट पूर्वनिर्धारित हुन्थ्यो । उमेद्वार छनौटका लागि पार्टीको बैठक हुन्थे । पार्टीका सफल उमेद्वारले बलिया समर्थक भएका प्रतिद्वन्द्वीको सामना गर्नुपर्थ्यो । उमेद्वार छनौट गर्नको लागि पार्टीले आयोजना गर्ने अन्तिम चरणको बैठकमा सयौँ व्यक्ति उपस्थित हुन्थे र त्यहाँ भाषण गरिन्थ्यो । सबै उमेद्वारलाई लक्षित गरी प्रश्नहरू सोधिन्थ्यो । एकजना उमेद्वार विजयी नहुँदासम्म समानुपातिक प्रतिनिधित्व प्रणालीबाट आन्तरिक निर्वाचन गराइन्थ्यो । यस्तो अवस्थामा कुनै एउटा उमेद्वारले विश्वासको वातावरण बनाउन सकेन वा उमेद्वारले प्रस्तुती नराम्रो भयो भने नचिताइएका परिणाम पनि देखिन्थे । दुई वा त्योभन्दा बढी प्रतिस्पर्धी गुट भएको अवस्थामा प्रतिनिधिले जानाजान सबभन्दा अगाडि भएको उमेद्वारको विपक्षमा मतदान गर्न सक्थे । यस्तो अवस्थामा उक्त उमेद्वारले जित्न सक्दैन थियो । त्यस्तो रणनीतिक मतदानका कारण तेस्रो उमेद्वार माथि गएर प्राथमिकतामा रहेका दुईजना प्रतिद्वन्द्वीलाई हराउन सक्थे ।

अहिले लेबर पार्टीको उमेद्वार चयन प्रक्रिया उत्कृष्ट नै नभए पनि खुल्ला छ । यो वास्तवमा सम्भावित उमेद्वारको लागि बढी समय लिने किसिमको छ । आजकल सम्भावित उमेद्वारले छनौट प्रक्रियाको अन्तिम दिन बैठकमा आएर राम्रो प्रस्तुती दिएको आधारमा मात्रै उमेद्वारी प्राप्त गर्न सम्भव छैन । त्यसैले धेरैभन्दा धेरै उमेद्वारले उक्त क्षेत्रमा स्थानीय काउन्सिलरको रूपमा काम गरेको हुनुपर्छ वा पार्टीभित्र वा अन्य क्षेत्रमा उच्चस्तरको सफलता हासिल गरेको प्रस्टसँग देखाउन सक्नुपर्छ । निर्वाचनमा काउन्सिलको नेतृत्व गरेको वा पार्टीमा निरन्तर काम

Consequently, it is rare for an incumbent Labor MP not to be re-elected when he/she has become the 'representative of the people' instead of being held hostage by a small influential group. MPs who work tirelessly often develop strong local support inside and outside the party, which is important at election time. There are always more members prepared to assist in the campaign if they feel 'ownership' or are associated with their MP and voters are more inclined to re-elect someone known because of their past community activity. For example, the powers of incumbency in US politics is well documented, and it is argued that this influence is growing in the UK too.

This selection system works well when choosing a candidate in a majoritarian seat. As such it was originally used to select candidates for the European Parliament prior to 1999. By this time, it became evident that the UK would have to move towards a proportional system for electing MEPs in line with other EU countries. In the face of opposition within political parties themselves, the Labor government decided on a closed-list system. Under this process, voters chose between a list of candidates under a party label or from independent candidates. As the order of the list is predetermined, voters cannot change the order. It was then followed by a complicated counting procedure under the D'hondt system.[1] Roughly, in a region of eight places, the party that won 50 percent of the popular vote would win five MPs and a party winning 10 percent will get one seat.

Yet, this process proved to be highly unpopular. Political parties found it almost impossible to maintain internal democracy when the list was prepared, and voters felt left out of the electoral process. As a result, public participation, in the first European election under this system, fell to just 23 percent. A second round of elections under this system was somewhat better regulated with a more acceptable turnout of 39 percent. Whilst the list system was unpopular with both the main parties, by contrast, smaller parties, regional nationalists and even the ultra-right have succeeded when traditionally, they would not have been able to under a majoritarian system. With the UK leaving the EU, this system seems destined for the history books. For elections to the devolved parliaments, a new hybrid system has been adopted. This has seen some members elected for individual constituencies with supplementary lists to allow for minor parties to gain representation.



गरेका पदाधिकारी र टेलिभिजनमा नाम चलेका व्यक्तिसमेत निर्वाचित हुने सम्भावना बढी रहन्छ ।

यस प्रक्रिया बिस्तारै एक सदस्य एक मतको सिद्धान्ततिर अगाडि बढ्दै गइरहेको छ । पार्टीको हरेक शाखामा रहेका सदस्यले आफ्नो भावी उमेद्वार चयन गर्नको लागि मतदान गर्न पाउँछन् । यसले गर्दा पार्टीका साधारण सदस्यसँग हुने बैठकको संख्या बृद्धि हुँदै गएको छ । उमेद्वारी पाउनका लागि गम्भीररूपमा लागेका आकांक्षीले आफ्नो पक्षमा समर्थन हासिल गर्न र उमेद्वारको अन्तिम छनौट हुने बैठकमा सहभागिताको लागि सदस्यलाई प्रोत्साहित गर्छन् । यसका लागि सम्भावित उमेद्वार सदस्यसँग बढीभन्दा बढी समय बिताउन चाहन्छन् । यसका साथै ती बैठकमा सहभागी हुन नसक्नेको लागि हुलाकबाट मतदान गर्ने अवसर पनि उपलब्ध हुन्छ ।

यस्तो प्रक्रियाको फाइदा के छ भने लेबर पार्टीको बहुलता रहेको भनेर चिनिएका क्षेत्रमा नचिनिएका उमेद्वारहरू कम नै छनौट हुन्छन् । अर्कै क्षेत्रको र तुलनात्मक रूपमा सक्षम र अनुभवी नै भएता पनि, स्थानीय क्षेत्रमा बढी चिनिएका र बलियो सम्बन्ध भएका व्यक्तिलाई नै प्राथमिकतामा राखेर छनौट गरिन्छ किनभने स्थानीय क्षेत्रमा उनीहरूले नै जित्ने सम्भावना बढी हुन्छ । यसरी, वास्तविक जनताको प्रतिनिधिका रूपमा भन्दा पनि कुनै निश्चित सानो प्रभावशाली समूहको नियन्त्रणमा रहेका सांसद पूनः निर्वाचित हुने सम्भावना अत्यन्तै कम हुन्छ । कडा मेहेनतका साथ काम गर्ने सांसदले स्थानीय रूपमा पार्टीभित्र र बाहिर बलियो समर्थन प्राप्त गरेका हुन्छन्, जुन निर्वाचनका बेला निकै महत्वपूर्ण हुन्छ । आफ्ना सांसदसँग राम्रो सम्बन्ध भएका र अपनत्व महशुस गर्ने नागरिकले उक्त उमेद्वारको चुनावी अभियानमा सहयोग गर्न पनि तयार हुन्छन् । त्यस्तै सामान्य मतदाताले पनि बिगतको सामुदायिक कामबाट प्रभावित भएका छन् भने पूनः मतदान गरी विजयी बनाउन सक्छन् । उदाहरणको लागि अमेरिकी राजनीतिमा बहालवाला उमेद्वारको निकै शक्ति रहेको त प्रस्ट थियो र त्यसको प्रभाव बेलायती राजनीतिमा पनि बढ्दो छ भन्ने तर्क गर्न थालिएको छ ।

यस प्रक्रियाबाट बहुमतीय वा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा उमेद्वार छनौट गर्दा राम्रो परिणाम आउने देखिन्छ । सन् १९९९ अगाडि युरोपेली संसदको निर्वाचनमा पनि यस्तै किसिमको उमेद्वार छनौट विधिको प्रयोग गरिन्थ्यो । त्यस समयसम्म के प्रस्ट हुँदै गएको थियो भने संयुक्त अधिराज्य (बेलायत)ले पनि अन्य युरोपेली देशसँग तादात्मयको लागि युरोपेली संसदको निर्वाचनमा समानुपातिक प्रणालीलाई अङ्गीकार गर्नुपर्ने देखिएको थियो । राजनीतिक दलभित्रै र संसदको माथिल्लो सदनमा विरोध भए पनि लेबर पार्टीको सरकारले बन्द सूची प्रणाली लागू गर्‍यो । यस प्रक्रियाअनुसार मतदाताले पार्टीको चिह्नमा भएका उमेद्वार र स्वतन्त्र

Today, in the selection of candidates for parliament, all political parties are trying to ensure their parliamentary groups reflect the changing nature of UK society. A generation ago, all parties selected very few candidates from different marginalized communities and far fewer women than men. In the Conservative Party, bankers, businessmen and lawyers seemed to dominate the list of candidates, despite the significant efforts made for a better range of aspirants. Yet, in terms of gender, race and sexuality, following the 2019 general election, the UK House of Commons is far more diverse. While the number of MPs from ethnic minorities is increasing, it is still below a figure that accurately reflects the make- up of the UK as a whole. Out of 650 MPs, 220 are now women, with both Labor and the Liberal Democrats being represented by more than 50 percent women. Additionally, about 45 MPs are openly LGBTQI+.

Sadly, none of this seems to be reflected in a higher voter turnout on election day. Voters seem to be increasingly of the view that voting will not bring about change and that their participation is not necessary. Alternatively, they may have the impression that everything is more or less satisfactory in the UK and the need to participate in the democratic process becomes less important. So, unless the party leaders or local activists can generate a mood for change, voters do not seem motivated enough to participate. In the 2019 elections, the public mood was more inclined to support the Conservatives who promised to 'get Britain out of the EU' once and for all than to support the 'status quo' position of the Labor Party.

Whatever the reason, it is unfortunate that after years of effort, citizens seem more and more apathetic towards the process. However, the process of democratization within UK political parties continues to evolve. Parties that do not fit into society or seem to be changing will not survive. Labor rightly switched to the 'one member, one vote' system but tinkering and widening it to include supporters not just paid-up members arguably back-fired. Similarly, when the Conservatives used 'open selections' - where any member of the public could help them choose their candidates - the results were not always as expected as some maverick choices were made.

As the UK is now in its second decade of Conservative government, the Labor years under Tony Blair seem a long time ago now with the next Labor



उमेद्वारको सूचीबाट प्रतिनिधि छनौट गर्नुपर्छ । यो प्रणालीमा उमेद्वारको सूची पूर्वनिर्धारित हुने भएकाले मतदाताले उक्त सूचीको क्रमलाई प्रभावित पार्न वा परिवर्तन गर्न सक्दैनन् । यसपछि उक्त निर्वाचनको मत डी होन्ड्ट प्रणालीबाट मतगणना गरिन्छ जुन प्रक्रिया केही मात्रामा जटिल छ ।[1] समग्रमा ८ सीट भएको क्षेत्रमा ५० प्रतिशत लोकप्रिय मत ल्याउने पार्टीले पाँच सीट जित्छ भने दश प्रतिशत मत ल्याउनेले एउटा मात्रै सीट जित्छन् ।

तर यो प्रक्रिया एकदमै अलोकप्रिय भयो । उमेद्वारको सूची तयार गर्दा पार्टीले आन्तरिक लोकतन्त्रको अभ्यास गर्न नसक्ने अवस्था आयो भने आम मतदाताले निर्वाचन प्रक्रियाबाट बाहिर परिएको महशुस गरे । त्यसैले पहिलो युरोपेली संसदको निर्वाचनमा आमसहभागिता २३ प्रतिशतमा झऱ्यो । यो प्रणाली अभ्यासको दोस्रो चरणमा यसको स्वीकार्यता केही मात्रामा बढ्यो र सहभागीताको प्रतिशत ३९ पुग्यो । यो सूची प्रणाली मुख्य दुई दलमा अलोकप्रिय भए तर पनि लिबरल डेमोक्रेट, क्षेत्रीयवादी र चरम दक्षिणपन्थी पार्टीले भने परम्परागत पहिलो हुने विजयी हुने निर्वाचन प्रणालीको तुलनामा राम्रो सफलता हासिल गरे ।

बेलायत युरोपेली संघबाट बाहिरिने अवस्थासँगै यस्तो अलोकप्रिय सूची प्रणाली पनि इतिहासमै सीमित रहने सम्भावना बढेको छ । स्कटल्यान्ड, वेल्स र लन्डनका अधिकार प्राप्त संसद र क्षेत्रीयसभाले एउटा नयाँ मिश्रित प्रणालीको विकास गरेका छन् । यस प्रणालीअन्तर्गत केही सांसद व्यक्तिगतरूपमा चुनावी क्षेत्रबाट निर्वाचित हुन्छन् भने पूरक सूचीबाट साना पार्टीले पनि प्रतिनिधित्व हासिल गर्न सक्छन् ।

अहिले बेलायती राजनीतिक दलहरूले संसदको लागि उमेद्वार छनौट गर्दा आफ्ना संसदीय समूहले समाजको बदलिँदो अनुहारलाई प्रतिविम्बित गरोस् भनेर प्रयासरत हुन्छन् । एक पुस्ता अगाडि पार्टीहरू सीमान्तकृत समुदायबाट प्रतिनिधित्व छनौट गर्न हिच्किचाउँथे वा कम मात्रामा उमेद्वारी दिन्थे । उमेद्वारी पाउनेमा महिलाभन्दा पुरूष धेरै हुन्थे । विविध समुदायले उमेद्वारी दिन आकांक्षा राखे पनि कन्जरभेटिभ पार्टीमा ब्याङ्कर, व्यापारी र वकिल नै उमेद्वारको सूचीमा हाबी हुन्थे ।

तर पनि, लैङ्गिक, जातीय र यौनिकताको कोणबाट हेर्दा सन् २०१९ को आम निर्वाचनपछि बेलायतको तल्लो सदन विविधतायुक्त भएको देखिन्छ । संसदमा जातीय अल्पसंख्यकको प्रतिनिधित्व बढ्दो क्रममा छ । यद्यपि अहिले भएको प्रतिनिधित्वको अनुपातले समग्र बेलायती समाजको यथार्थको प्रतिनिधित्व गर्दैन । जम्मा ६५० जना सांसदमध्ये २२० जना महिला छन् र लेबर पार्टी र लिबरल डेमोक्रेट पार्टीबाट ५० प्रतिशतभन्दा बढी महिला निर्वाचित भएका छन् । यसरी निर्वाचित भएका सांसदमध्ये १० जनामा एकजना जातीय अल्पसंख्यक समुदायका प्रतिनिधि रहेका छन् । तर, त्यो संख्या बेलायतमा बसोबास गर्ने १४५ अश्वेत

government still some distance away. While Labor is increasingly gaining support among younger and more intellectual voters, the Conservatives are making inroads into traditional working-class 'Labor' areas. So, voting patterns and traditional party loyalties seem to be changing at every election, and as we have seen in France and elsewhere, new parties and those from outside the mainstream seem to be successful.

---

## Endnotes

1 Under the D'hondt method, each party's total number of votes is repeatedly divided, until all seats are filled, by the divisor 1 + the number of seats already allocated (i.e. 1, 2, 3, 4, etc.). Each division produces an average, and the list with the 'highest average vote' is awarded the first seat, the next highest the second seat, and so on, until all seats have been allocated.



समुदायको संख्या भन्दा कम हो । यस बाहेक ४५ सांसद एलजीबीटीक्यूआई+ समुदायका छन् र निर्वाचन प्रक्रियामा उनीहरूले आफ्नो यौनिक पहिचान खुलेर राखेका थिए ।

दुःखद कुरा के छ भने, यो यथार्थ निर्वाचनको दिन भने मतदाताको संख्यामा प्रतिबिम्बित भएको देखिएन । निर्वाचनमा मतदान गरेर पर्याप्त मात्रामा परिवर्तन आउँदैन र त्यस्तो परिवर्तन नआउने निर्वाचनमा उनीहरू सहभागी हुन आवश्यक ठान्दैनन् भन्ने सोच मतदाताहरूमा विकसित भएको देखिन्छ। यसको बिकल्पमा आएको अर्को धारणा के छ भने मतदातालाई बेलायतमा भएको समग्र राजनीतिक व्यवस्था मोटामोटीरूपमा ठीकै लागेको छ । तर, उनीहरू मतदानको प्रक्रियामा सहभागी हुने कुरालाई खासै महत्व दिँदैनन् । पार्टीका कार्यकर्ता र नेतृत्व मण्डलले परिवर्तनको अनुभूति दिलाउन सकेनन् भने मतदाता मत हाल्नको लागि उत्साहित हुने छैनन् । सन् २०१९ मा सम्पन्न निर्वाचनमा बेलायतका मतदाताले लेबर पार्टीको यथास्थितिवादी राजनीतिक लाइनभन्दा कन्जरभेटिभ पार्टीलाई समर्थन गरे जसले 'बेलायत ईयुबाट सधैंको लागि बाहिर निस्कनु पर्छ' भन्ने अडान लिएको थियो ।

बेलायतमा वर्षौंको प्रयत्न पछि पनि नागरिकहरू निर्वाचन प्रक्रियालाई बढी नै बेवास्ता गर्ने स्थितिमा पुगेका छन् । यद्यपि, बेलायतका राजनीतिक दलको लोकतान्त्रीकरणको प्रक्रिया पनि विकास हुँदै गइरहेको छ । समाजमा भिज्न नसक्ने र परिवर्तन गर्न नसक्ने राजनीतिक दलले निरन्तरता पाउन सक्दैनन् । लेबर पार्टीले एक सदस्य एक मतको प्रणालीमा गएर सही निर्णय गरेको थियो । तर, उक्त प्रणालीमा परिवर्तन गरी लेवी तिर्ने सदस्यको अलावा समर्थकलाई पनि समावेश गर्न खोज्दा यसबाट अपेक्षित नतिजा प्राप्त गर्न सकेन भन्न सकिन्छ । त्यस्तै कन्जरभेटिभले खुला प्रतिनिधि चयन प्रक्रियाअन्तर्गत जोसुकै सर्वसाधारणले पनि आफ्ना उमेद्वार चयन गर्न सक्ने व्यवस्था गर्‍यो । तर, यसबाट पनि सोचेजस्तो नतिजा आएन र पार्टीले छनौट गर्ने उमेद्वार भन्दा फरक प्रकृतिका उमेद्वारले निर्वाचन जिते ।

बेलायतमा कन्जरभेटिभ पार्टीको नेतृत्वमा सरकार सञ्चालनको अवधि दोस्रो दशकमा छ । लेबर पार्टीको तर्फबाट टोनी ब्लेयरले बिगतमा धेरै वर्ष सरकारको नेतृत्व गरे र उनको पार्टी फेरि सरकारको नेतृत्वमा आउन निकै समय लाग्न सक्ने देखिन्छ । लेबर पार्टीले छोटो समयमा धेरै बौद्धिक र युवा मतदाताको बढी समर्थन पाइरहेको छ भने कन्जरभेटिभ पार्टीले परम्परागत श्रमिकको दबदबा भएको श्रमिक वर्गको क्षेत्रमा प्रवेश गरिरहेको छ । त्यसकारण निर्वाचनमा परम्परागत पार्टीलाई गरिने समर्थन र पार्टीमा आबद्धताको अवस्थामा निकै परिवर्तन आएको देखिन्छ । हामीले फ्रान्स र अन्य देशमा पनि के देखेको छौं भने समयक्रमसँगै निर्वाचनमा मूलधारका पार्टी शक्तिबाट बाहिरिने र नयाँ पार्टीहरू सफल हुँदै गइरहेका छन् ।

## पाद टिप्पणी

१ संसदमा सिट बाँडफाँडसम्बन्धी 'डीहोंट' विधिअन्तर्गत प्रत्येक पार्टीले प्राप्त गरेका सिट जबसम्म पूर्ण हुँदैनन्, तबसम्म सो पार्टीले प्राप्त गरेको जम्मा मतसंख्या बारम्बार विभाजित भइरहन्छ । प्राप्त मतका आधारमा पार्टीले अगाडि नै सिट संख्या (जस्तै : १, २, ३, ४, ५, आदि) छुट्याइसकेको हुन्छ । यसरी प्राप्त गरेको सिटमा पार्टीले प्राप्त मतको विभाजित गर्दै गएर सो पार्टीले प्राप्त गरेको सिट पूर्ण बनाइन्छ । यसरी मत विभाजित गर्दा औषतमा 'सबैभन्दा धेरै मत' पाउने व्यक्ति पहिलो सिटका लागि विजयी हुन्छ । त्यसैगरी दोस्रो धेरै मत पाउने व्यक्ति दोस्रो सिटका लागि निर्वाचित हुन्छ र यो क्रम जबसम्म पार्टीले प्राप्त गरेको सिट पूर्ण हुँदैन तबसम्म चलिरहन्छ ।

# Internal Party Democracy in Southeastern Europe: A Case Study

■ Roman Jakič

# दक्षिणपूर्वी युरोपमा आन्तरिक पार्टी लोकतन्त्र : एक अध्ययन

■ रोमन याकिच

The development of political parties in Southeastern Europe has been a complex process, often depending on the links between other political groups and the external environment in which the polity was established. The development model of each party has been unique and has been conditioned by the relationships in which the political party was formed and the interactions with other political organizations and institutions. In defining the 'development' model, in addition to the spatial mode of organizational development, the existence of a charismatic leader and the role of sponsorship institutions in the development of the client must also be considered. It is also necessary to consider the way in which a party is formed, as the development of the organizational structure may differ when a political party is formed as either a ruling majority or as an opposition.

According to political scientists, the organizational characteristics of a political party that has spend most of its political life in opposition will differ from those parties that have been in government over a long time. Opposition parties often have a greater need for a strong and consolidated organization than the ruling parties, because opposition parties do not have such a large number of state resources at their disposal. Therefore, these parties can only count on themselves and try to consolidate their organization against the external institutional environment they face. The only way opposition parties can effectively survive in such a competitive environment is to consolidate themselves organizationally and look to mobilize their supporters.

Of course, the opposite is true for the ruling parties, which have a wealth of state resources at their disposal. It is these resources that often provide an effective substitute for mobilizing party supporters. Based on this, one would expect the form and development of opposition parties to develop a strong institutional nature and thus become less dependent on the environment than on those in power who took power immediately after their organizational formation or transformation and usually develop a weak internal organizational structure.

When studying the development of political parties and their internal structure, it is also necessary to consider a variety of external influences, which can change the dynamics in terms of organizational needs in a way that is often



दक्षिणपूर्वी युरोपमा राजनीतिक पार्टीहरूको विकास निकै जटिल प्रक्रियाबाट भएको छ । प्रायः अन्य राजनीति समूह र बाह्य वातावरणसँगको सम्बन्धको आधारमा यहाँको राजनीति निर्भर रहने गर्छ । हरेक पार्टीको विकासको ढाँचा फरक-फरक छ । कुनै पनि देशमा राजनीतिक पार्टीको गठन हुँदा त्यहाँका अन्य राजनीतिक संस्थासँगको अन्तरक्रिया हुन्छ र तिनै सम्बन्धका आधारमा राजनीतिक पार्टी निर्माण हुन्छ । यसरी गठन भएका राजनीतिक पार्टीको विकासबारे छलफल गर्दा ती पार्टीको संगठनात्मक विकासको मौलिक ढाँचा, प्रभावशाली नेतृत्व र आर्थिकरूपमा सहयोग गर्ने संस्था वा स्रोतले खेलेको भूमिकाको पनि चर्चा गर्न आवश्यक हुन्छ । यसका अतिरिक्त पार्टीको संस्थागत संरचनाको निर्माण हुँदा सत्ता सञ्चालक वा प्रतिपक्षी कुन रूपमा गठन भएको हो भन्ने तथ्यले पनि पार्टी विकासमा फरक पार्न सक्छ ।

राजनीतिकशास्त्रीहरूका अनुसार अधिकांश समय बिपक्षमा रहने राजनीतिक पार्टीको संगठनात्मक गुण, लामो समयदेखि सत्तामा बसेर शक्तिको उपयोग गरिरहेका पार्टीको भन्दा फरक हुन्छ । सत्तासीन पार्टीलाई भन्दा विपक्षीलाई बलियो र एकताबद्ध संगठनको आवश्यकता पर्छ किनभने विपक्षी पार्टीसँग सरकारमा भएको पार्टीको जस्तो राज्यका स्रोतमा पहुँच हुँदैन । त्यसैले उनीहरूले भोगिरहेका बाहिरी चुनौतीसँग सामना गर्न आफैंमाथि विश्वास गर्दै आफ्ना संगठनलाई बलियो बनाउने प्रयास गर्छन् । प्रतिस्पर्धात्मक वातावरणमा बिपक्षी पार्टीले साँच्चिकै प्रभावकारी काम गर्न सक्ने अवस्था निर्माण गर्ने हो भने उनीहरूले संगठनात्मक रूपमा आफूलाई बलियो बनाउने र आफ्ना समर्थकलाई परिचालन गर्नै पर्ने हुन्छ ।

सरकारमा बसेर राज्यको प्रशस्त स्रोतमा पहुँच भएका पार्टीको लागि भने त्यसको विपरितको अवस्थानै उपयुक्त हुन्छ । राज्यका स्रोतको उपलब्धताले गर्दा ती पार्टीले विपक्षी पार्टीले जस्तो समर्थकको परिचालन गर्नुपर्ने आवश्यकता नै हुँदैन । यसको साटो उनीहरूसँग विभिन्न प्रभावकारी बिकल्प उपलब्ध हुन्छन् । यसको आधारमा भन्दा संगठनको गठन वा पुनर्गठनको लगत्तै सत्तामा पुगेका पार्टीहरूका आन्तरिक संरचना प्रायः कमजोर नै हुन्छन् भने विपक्षमा रहेका पार्टीको संरचनागत स्वरूप र विकास संस्थागतरूपमै बलियो प्रकृतिका हुन्छन् । यसले उनीहरूलाई बाह्य वातावरणमा थोरै भर पर्दा पनि प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने अवस्था सिर्जना हुन्छ भन्ने अपेक्षा गर्न सकिन्छ ।

राजनीतिक पार्टी र तिनको आन्तरिक संरचनाको विकासबारे अध्ययन गर्दा के देखिन्छ भने बाहिरी प्रभावहरूको पनि विचार गर्न आवश्यक छ, जसले पूर्वानुमान गर्न कठिन संगठनात्मक आवश्यकताहरूमा परिवर्तन ल्याउन सक्छन् । राजनीतिक पार्टीलाई एउटा परिवर्तनप्रति कस्तो प्रतिक्रिया दिने भन्ने सवालमा विविध बिकल्प उलपब्ध हुन्छन् । त्यसैले पार्टी सञ्चालनको आधारभूत तत्व भनेको ती पार्टी

difficult to predict. A political party has a wide range of choices available to them in terms of how to react to these changes. Therefore, the basic elements of a party's organization - which it develops for its operation and survival in the political environment and between which more lasting relationships are established - should not be neglected.

Like all other organizations, a political party has its own internal and external life. By internal life, I refer mainly to a series of activities that include the mobilization of membership, formulation of political goals, resolution of internal and external conflicts, determination of rules on internal structure, ways of working, and election of representatives and officials, etc. Each of these activities will have a major impact on the nature of a political party, which is reflected in its external actions and its external strategies in relation to other political parties.

## Political Parties are Key Actors and Representatives of Democracy

Political parties are key actors in maintaining and strengthening a democracy. Internal party democracy is a broad concept that describes a range of methods, including the involvement of party members in debates and consequently in decision-making. Some proponents of internal democracy argue that if parties use democratic procedures within their internal organizational structures, they are more likely to choose more capable leaders who will have more recognizable public policies and, therefore, enjoy greater long-term electoral success.

Some academics recognize the process of candidate selection as an important indicator of whether internal democracy actually exists within a party, in particular, who can be selected as a candidate. Likewise, academics are interested to know which level of the party decides on the selection of candidates. Therefore, in defining indicators relating to internal party democracy, the question arises what happens with regard to the influence of ordinary party members in the decision-making process. If the answer is that there is neither a reduction nor an increase in the level of internal democracy, the question then arises whether there is or is any other patterns observed. Certainly, the selection of candidates has been recognized in many key academic texts as a key issue. The political scientist Elmer Eric Schattscneider



तत्कालीक राजनीतिक वातावरणमा कसरी सञ्चालित हुन्छन्, दिर्घकालीनरूपमा कसरी अगाडि बढ्छन्, लामो समयसम्मका लागि कस्तो सम्बन्ध स्थापित गर्छन् र कस्ता सम्बन्धहरू अन्त्य हुन्छन् भन्ने कुरालाई गम्भीरतापूर्वक लिनुपर्छ ।

हरेक संस्थाको जस्तै राजनीतिक पार्टीको पनि आफ्नै आन्तरिक तथा बाह्य जीवन हुन्छ । आन्तरिक जीवनका सन्दर्भमा मैले यहाँ सम्बोधन गर्न खोजेका पक्षहरू के हुन् भने पार्टीका सदस्यको परिचालन, राजनीतिक लक्ष्यको विकास, आन्तरिक तथा बाह्य द्वन्द्वको निरूपण, कार्यशैली, आन्तरिक संरचनाको सम्बन्धमा नीति-नियमको निर्धारण, प्रतिनिधि तथा पदाधिकारीको निर्वाचन आदि जस्ता श्रृंखलाबद्ध कार्य आदि हुन् । यीमध्ये हरेक कार्यले पार्टीको प्रकृतिमा ठूलो प्रभाव पार्दछ, जुन उक्त पार्टीको बाह्य गतिविधि तथा अन्य राजनीतिक पार्टीको सम्बन्धमा प्रतिबिम्बित हुन्छन् ।

## राजनीतिक पार्टीहरु लोकतन्त्रका प्रमुख पात्र र प्रतिनिधि हुन्

लोकतन्त्रलाई कायम राख्न तथा बलियो बनाउनको लागि राजनीतिक पार्टीहरू नै प्रमुख शक्ति हुन् । राजनीतिक पार्टीभित्रको आन्तरिक लोकतन्त्र भनेको एउटा बृहत् अवधारणा हो । आन्तरिक लोकतन्त्रको अभ्यासमा सैद्धान्तिक बहसका साथै अन्ततः निर्णय प्रक्रियामा पार्टीको सदस्यका संलग्नताजस्ता विविध सवाल समेटिएका हुन्छन् । आन्तरिक लोकतन्त्रका कतिपय पक्षधरले के तर्क गर्ने गरेका छन् भने, यदि पार्टीले आफ्ना आन्तरिक संगठनात्मक संरचनामा लोकतान्त्रिक प्रक्रियाको अभ्यास गर्ने हो भने ती पार्टीले योग्य नेतृत्व चयन गर्ने सम्भावना बढी हुन्छ । यस्तो नेतृत्वले जनसरोकारमा सकारात्मक प्रभाव पार्ने सार्वजनिक नीति बनाउन सक्छन् । यसको परिणामस्वरूप पार्टीले दिर्घकालीन रूपमा चुनावी सफलता हासिल गर्ने सम्भावना बढाउँछ ।

वास्तवमा केही प्राज्ञिकहरूले पार्टीमा आन्तरिक लोकतन्त्र छ कि छैन भन्ने थाहा पाउन त्यस पार्टीको उमेद्वारको छनौट प्रक्रियालाई हेर्नुपर्ने बताएका छन् । पार्टीभित्र काम गर्ने उमेद्वार कसरी चयन गरिन्छ, कसलाई छानिन्छ र उमेद्वार चयनको निर्णय पार्टीको कुन तहले निर्णय गर्छ भन्ने प्रश्नहरूले महत्व राख्छन् । साथै आन्तरिक पार्टी लोकतन्त्रका सूचकलाई परिभाषित गर्दा निर्णय प्रक्रियामा पार्टीका सदस्यको प्रभाव के हुन्छ भन्ने विषयमा पनि प्रश्न उठ्छ । यदि यस्ता प्रश्नको जवाफमा आन्तरिक लोकतन्त्रको सम्बन्धमा न कुनै वृद्धि न त कमी देखियो भने, अरू नदेखिएका पाटाहरू पनि छन् कि भनेर अनुसन्धान गर्न सकिन्छ । वास्तवमा उमेद्वार चयनलाई थुप्रै प्राज्ञिक अध्ययनहरूमा एक मुख्य विषयको रूपमा लिइएको छ । राजनीतिकशास्त्री स्काटस्नाइडरले भनेजस्तै 'उमेद्वार चयनको प्रक्रियाले नै पार्टीको प्रकृतिलाई निर्धारण गर्छ । जसले पार्टीको उमेद्वारको चयन गर्छ उनीहरू नै पार्टीको वास्तविक मालिक हुन् । पार्टीभित्र शक्तिको बाँडफाँड अवलोकन गर्नको लागि यो एक उत्कृष्ट तथ्य हो ।'

states that "The nature of the nomination process determines the nature of the party. The one who can nominate candidates is the owner of the party. This is one of the best points for observing the distribution of power within a party."

Increased attention to the issue of internal party democracy further arises when the concept is viewed as a key factor in determining the democratic credentials of a nation. Those who stress the participatory aspects of democracy place most emphasis on the importance of internal party democracy. Externally, political parties may want to show that they have a high degree of internal democracy mainly because this has a positive sign in society, although, in actual practice, such parties may also elect to neglect such practices.

Some academics place a particular emphasis on the study of internal party democracy as they believe that its importance is in understanding organizational structures, procedures, patterns of participation and decision-making processes. As a result, over the last two decades, scholars have increasingly focused on exploring internal democracy in political parties and on improving the overall levels of democracy in already established as well as emerging democracies. The question that then arises is to what extent must political parties be internally democratic to promote democracy in wider society. Of course, answers to this question will vary as it depends on the emphasis placed by political parties on internal party democracy.

The processes for selecting election candidates can serve to weaken the cohesiveness of parliamentary parties as national party leaders lose the power to deny reappointment. This is one example of how changes in internal processes can have an impact on political outcomes. Likewise, internal party democracy is also governed by the degree of distribution of power between party members and leaders along two dimensions:

i) the involvement, which refers to the wide range of decision-makers in the party; and
ii) decentralization, which refers to how decisions are made: whether they are taken by a specific group of members or the decision-making body of the party?



पार्टीको आन्तरिक लोकतन्त्रको सवालमा धेरै महत्व दिइनुको कारण के हो भने जब यो अवधारणालाई लोकतान्त्रिक समाजको एउटा मुख्य पक्षको रूपमा हेरिन्छ, तब लोकतन्त्रको सहभागितामूलक पक्षबारे स्वभाविरूपमै बढी जोड दिइन्छ । त्यसले नै पार्टीको आन्तरिक लोकतन्त्रलाई बढी महत्व दिन्छ । समाजमा पार्टीको सकारात्मक छवि स्थापित गर्न र प्रभावित पार्ने उद्देश्यले बाह्यरूपमा पार्टीको आन्तरिक लोकतन्त्रको अभ्यास उच्चस्तरको छ भनेर देखाउन खोजिन्छ । यद्यपि, ती पार्टीले पनि व्यवहारमा आन्तरिक लोकतान्त्रिक अभ्यासलाई बेवास्ता गरेको हुन सक्छन् ।

कतिपय प्राज्ञिकले पार्टीको आन्तरिक लोकतन्त्रबारे अध्ययनलाई निकै महत्व दिएका छन् । उनीहरू पार्टीको संगठनात्मक संरचना, प्रक्रिया, सहभागिताको प्रवृत्ति र निर्णय लिने प्रक्रियामा आन्तरिक लोकतन्त्र निकै महत्वपूर्ण हुन्छ भन्ने विचारमा विश्वास गर्छन् । यसैको परिणामस्वरूप, बिगतका २० वर्षमा प्राज्ञिक तथा विद्वानहरू पार्टीको आन्तरिक लोकतन्त्रका साथै स्थापित भइसकेका र उदाउँदो लोकतन्त्रमा थप सुधार ल्याउने विषयको अन्वेषणमा केन्द्रित भएका छन् । त्यसपछि उठ्ने प्रश्न भनेको समाजमा लोकतन्त्रको प्रबर्द्धनका लागि कुन हदसम्म पार्टीहरू आन्तरिकरूपमा लोकतान्त्रिक हुनुपर्छ भन्ने नै हो । पार्टीले आन्तरिक लोकतन्त्रमा कति जोड दिन्छन् भन्ने आधारमा यसको उत्तर फरक-फरक हुनसक्छ ।

निर्वाचनमा उमेद्वारको चयनको प्रक्रियाले संसदीय पार्टीको एकतालाई कमजोर बनाउन पनि सक्छ किनकि यो प्रक्रियाले पार्टीका केन्द्रिय नेतृत्वले पुनःनियुक्ति गर्ने शक्ति गुमाउन सक्छन् । आन्तरिक प्रक्रियामा गरिने परिवर्तनले राजनीतिक परिणामलाई कसरी असर पार्छ भन्ने सवालको यो एउटा उदाहरण हुनसक्छ । पार्टीको नेतृत्व र सदस्यबीच कुन हदसम्म शक्तिको बाँडफाँड गरिएको छ भन्ने विषयले पार्टीको आन्तरिक लोकतन्त्रलाई निर्देशित गरेको हुन्छ । यसका मूलतः दुई आयाम छन् :

क) सहभागिता, जसले पार्टीको नीति-निर्माणमा संलग्न विविधतालाई संकेत गर्छ,
ख) लोकतान्त्रिकरण, जुने पार्टीले कसरी निर्णय गर्छ भन्ने विषयसँग सम्बन्धित छ । पार्टीको निर्णय कुनै निश्चित समूहले गर्छ वा पार्टीको निर्णय गर्ने संरचनाले गर्छ भन्ने आधारमा आन्तरिक लोकतन्त्रलाई हेर्न सकिन्छ ।

### के पार्टीको आन्तरिक लोकतन्त्रले सामाजिक लोकतन्त्रको सवलीकरण गर्छ ?

कतिपयको तर्क के छ भने पार्टीभित्रको आन्तरिक लोकतन्त्रको अभ्यासले क्षमतावान र प्रभाव पार्न सक्ने नेतृत्वको चयन हुने सम्भावनालाई बढाउँछ । जुन व्यक्तिसँग जनउत्तरदायी नीति छ तिनले निर्वाचनमा बढी सफलता हासिल गर्न सक्छन् । यदि त्यसो हो भने के पार्टीमा आन्तरिक लोकतन्त्रको सुरूवात गर्दा सामान्यरूपमा लोकतान्त्रिक संस्कारको बढोत्तरी हुन्छ त ? स्कारोले पार्टीको आन्तरिक लोकतन्त्रको फाइदा र जोखिमबारे गरेको अध्ययनमा के तर्क गरिएको छ भने प्रतिनिधिमूलक

### Does the Introduction of Internal Party Democracy Strengthen a Democracy in Society?

Some argue that using such practices is more likely to select capable, appealing leaders who will then have more responsive policies and subsequently go on to enjoy greater electoral success. So, does the introduction of internal party democracy strengthen a democratic culture more generally? The political Scientist Susan E Scarrow has examined the advantages and risks of intra-party democracy and contends that parties are key actors in representative democracies – but that it also matters how they arrive at policies decisions they present to voters. Her main conclusions are that if a party's role is to nurture the public's political competence, then participation in the democratic process must begin within the party's internal structures. However, if the outcome – clear and distinct electoral choices and a strong mandate by which to govern – is the priority, then a party's organizational structure requires strong leadership, which may, in turn, serve to curtail the extent of internal democracy where it may threaten to dilute policy decision making. However, of course, these 'process' and 'outcome' views are not necessarily incompatible.[1]

### The Context of Southeastern Europe

Internal party democracy is a burning issue within the emerging democracies of southeastern Europe. Autocratic political leaders and the inability of parties to adequately absorb the public need in their policies are key factors behind what is a growing crisis, reflected at the moment in declining voter participation. Knowing well the political situation in the region, I can say that internal party democracy in those states is like the 'Roman god Janus', who had two faces: one that is 'statutory-democratic' and another is 'realistic-authoritarian and oligarchic'. One can move further or closer to the normative guarantees, depending on the ethical capacity of the political and legal culture of a party leader, the party's leadership, and its wider membership. Although the situation within the parties in these countries herein analyzed on the normative-realistic level are different from each other, there are some general tendencies, which are
as follows:

- The authoritarian: where presidential and oligarchic elements dominate polyarchic ones;
- Centralized decision-making suppresses decentralized action;



लोकतन्त्रमा पार्टीहरू नै मुख्य शक्ति हुन्, तर ती पार्टी मतदातालाई नीतिगत बिकल्प दिने अवस्थामा कसरी आइपुगे भन्ने कुराले पनि निकै महत्व राख्छ । स्कारोको मुख्य निष्कर्ष के छ भने यदि पार्टीको भूमिका आम जनताको राजनीतिक क्षमतालाई बढाउनु हो भने लोकतान्त्रिक सहभागितामुलक प्रक्रियाको सुरुआत नै पार्टीको आन्तरिक संरचनाबाट सुरु गरिनुपर्छ । यदि प्रष्ट चुनावी बिकल्प प्रदान गर्ने र बलियो जनादेशको आधारमा शासन गर्ने परिणामलाई प्राथमिकतामा राख्ने हो भने पार्टीको सांगठनिक संरचनालाई बलियो नेतृत्वको आवश्यकता पर्दछ । यसको लागि उमेद्वार छनौट र शासन सञ्चालन गर्नका लागि आवश्यक मजबुत जनादेश प्राथमिकतामा हुनसक्छन् । यसका लागि पार्टी संरचनामा सशक्त नेतृत्वको आवश्यकता पर्छ । यस्तो नेतृत्वले पार्टीका नीति-निर्माण प्रक्रियामा रहेका चुनौतीको सामना गर्न पार्टीको आन्तरिक लोकतन्त्रको कटौती पनि गर्न सक्छ । यद्यपि, यस्तो अवस्थामा पनि 'प्रक्रिया' र 'परिणाम' एक-आपसमा मेल खान सक्छन् ।[1]

### दक्षिण-पूर्वी युरोपको सन्दर्भ

दक्षिण-पूर्वी युरोपका उदियमान लोकतान्त्रिक देशहरूमा पार्टीको आन्तरिक लोकतन्त्रको विकास निकै जल्दोबल्दो विषय हो । नागरिकका आवश्यकतालाई पार्टीले आफ्ना नीतिमा समावेश गर्न नसक्नु र पार्टीका नेताको तानशाही प्रवृत्ति बढ्दो संकटका मुख्य कारण हुन् । यस्तो कुरा निर्वाचनमा मतदाताको कम सहभागिताले पनि प्रतिबिम्बित गरेको छ । यस क्षेत्रको राजनीतिक अवस्थाबारे मलाई जानकारी भएको हुँदा, म दाबी गर्न सक्छु ती राज्यमा पार्टीको आन्तरिक लोकतन्त्र भनेको रोमन देवता 'जानुस'को जस्तै अवस्थामा छ । उनका दुई अनुहार थिए : एउटा वैधानिकरूपमा लोकतान्त्रिक भने अर्को वास्तविक तानाशाही । एउटा पार्टीको नेता पार्टीको नेतृत्व र सदस्यको राजनीतिक-नैतिक क्षमता र कानुनी संस्कृतिमा आधारित रहेर लोकतान्त्रिक मान्यताअनुरूप अगाडि बढ्न सक्छ । तथापि, यी देशका राजनीतिक पार्टीहरूको अवस्था विश्लेषण गर्दा उनीहरूको वास्तविक नैतिक मान्यतामा केही फरकपना छन् भने केही मात्रामा आधारभूत प्रवृत्तिमा समानता पनि छन् । यसबारे तल चर्चा गरिएको छ :

- तानाशाही : राष्ट्रपतीय र सीमित तत्वले ठूलो समूहमाथि नियन्त्रण गर्छ,
- केन्द्रीकृत नीति-निर्माण प्रक्रियाले विकेन्द्रीकृत गतिविधिलाई दबाउँछ,
- निजामती सेवामा हुने नियुक्ति उच्च तहका राजनीतिक नेतृत्वको प्रभावमा हुन्छ,
- नियमअनुसार सदस्यता निष्क्रिय, अनुशासित वा नियमित ढाँचाको अनुसरण गर्नेलाई दिइन्छ ।
- संसदीय वा स्थानीय निर्वाचनमा हार बेहोरे पनि पार्टीको नेतृत्वलाई हारको जिम्मेवारी दिईंदैन,
- निश्चित मापदण्ड तथा प्रक्रियाको अभावमा उमेद्वारको चयन गर्दा व्यवहारिकरूपमा आफ्ना निकटकालाई रोज्ने गरिन्छ,

- Civil service recruitment is in the direct hands of senior political leaders or under its influence. Membership is, by rule, inactive, disciplined or follows a routine pattern;
- The responsibilities of the party leadership and public functionaries are relativized and suspended, even following the loss of public elections;
- In the absence of precise criteria and procedures, a 'patronage model' for putting forward candidacies by those in power is what works in practice;
- A submissive political culture becomes the 'modus vivendi' because critical opinion and behavior is sanctioned with expulsion while obedience is rewarded;
- In the name of electoral victory, hate speech is tolerated and stimulated;
- Party statutes guaranteeing different or separate opinions is broken;
- While party statutes include provisions for co-operation with civil society, a partnership relation has not yet been established with them, and often the parties in power abuse this sector for their own political goals;
- Policy and think-tanks are often more decorative ornaments for political parties than authentic policy making bodies; and
- The ability to establish factions are not guaranteed in party statutes and attempts to change this situation are sanctioned with expulsion from the party.

### Possible Reform in Southeastern Europe

In terms of the possible reforms that could be introduced in regard to internal party democracy these include:

- Power sharing between the local and central level party structures;
- Regulating party factions;
- Greater inclusion of party members in the election of party office holders;
- Direct member participation in the strategic policy decision-making processes of the party;
- Re-examining the differences between proportional and majoritarian electoral models and the principle of internal party democracy;
- Greater inclusion of horizontal structures in party policy decision making processes;
- Limiting of the mandate of the party officers and deaccumulation of functions;
- Increasing transparency and oversight over the work of party officers at all levels;



- आलोचनात्मक विचार तथा व्यवहारलाई निस्तेज पारिन्छ । त्यस्तो विचार राख्नेलाई पार्टीबाट निष्काशन गरेर दण्डित गरिन्छ भने आज्ञाकारितालाई पुरस्कृत गरिन्छ । यस्तो प्रवृत्तिका कारण यहाँको राजनीतिक संस्कार नै नेतृत्वलाई चुनौती नदिने प्रकृतिको हुन जान्छ,
- निर्वाचनमा जीतको नाममा घृणाजन्य अभिव्यक्तिलाई सहिन्छ र त्यस्ता अभिव्यक्तिलाई प्रोत्साहन समेत गरिन्छ,
- पार्टीको विधानमा सुनिश्चित वा उल्लेख भएका विचार व्यवस्था कार्यान्वयन हुँदैनन्,
- पार्टीको विधान र नीतिमा नागरिक समाजसँग सहकार्य गर्ने कुरा समावेश गरिएको छ, तर त्यस्ता संगठनसँग पार्टीहरूले अहिलेसम्म पनि साझेदारी सम्बन्ध स्थापित गर्न सकेका छैनन् । प्रायः सत्तासीन पार्टीले गैरसरकारी संस्थाले काम गर्ने क्षेत्रलाई आफ्नै राजनीतिक उद्देश्य प्राप्तिका लागि दुरूपयोग गर्छन्,
- नीति र थिङ्कट्याङ्क प्रायजसो नीति-निर्माण गर्नका लागि भन्दा पनि राजनीतिक पार्टीका देखावटी गहनाका रूपमा मात्र प्रयोग गरेका छन्,
- पार्टीका विधानमा विभिन्न समूह र प्रवृत्तिलाई सम्बोधन गर्ने व्यवस्था सुनिश्चित गरिएको छैन । त्यसैले पार्टीमा रूपान्तरण चाहने पक्षलाई पार्टीबाटै निष्कासन गरी दण्डित गरिन्छ ।

### दक्षिण-पूर्वी युरोपमा सम्भाव्य सुधार

- दक्षिण-पूर्वी युरोपका पार्टीको आन्तरिक लोकतन्त्रमा गरिनुपर्ने सुधारबारे यहाँ चर्चा गरिएको छ :
- पार्टीको स्थानीय र केन्द्रीय संरचनाबीच शक्तिको बाँडफाँड गर्ने,
- पार्टीका समूहहरूको नियमन गर्ने,
- पार्टीका पदाधिकारीको निर्वाचनमा धेरै भन्दा धेरै सदस्यलाई समावेश गर्ने,
- पार्टीका नीति-निर्माण प्रक्रियामा सदस्यहरूको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्ने,
- समानुपातिक र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका फरकको समीक्षा गर्ने; र आन्तरिक पार्टी लोकतन्त्रको सिद्धान्तको समीक्षा गर्ने,
- नीति-निर्माण प्रक्रियामा पार्टीको संरचनालाई बृहतरूमा समावेशीकरण बनाउने,
- पार्टीका पदाधिकारीको क्षेत्राधिकार सीमित बनाउने र सञ्चालनलाई विकेन्द्रित गर्ने,
- सबै तहका पार्टी पदाधिकारीको कामको पारदर्शिता बढाउने र सबै तहका कार्यकर्ताको अनुगमन गर्ने,
- संसदीय समूहलाई स्वायत्तता दिने व्यवस्था गर्ने,
- प्रतिनिधित्व कम भएका विभिन्न समूहको उपयुक्त प्रतिनिधित्व गराउने ।
- थिङ्कट्याङ्कको सक्रिय सहभागीता गराउने,
- पार्टीका सदस्य र समर्थकको बृहत सहभागितामार्फत समावेशी आन्तरिक पार्टी लोकतन्त्रको अभ्यास मजबुत बनाउने,

- Providing greater autonomy for parliamentary groups;
- Increasing the representation of different currently underrepresented groups;
- Involving policy think-tanks more heavily within party policy making.
- Reinforcing an 'inclusive' model of inter-party democracy through the wider participation of party members;
- Continuing training for party members on policy making and good governance;
- Building of a civic political culture;
- Building real partnerships with civil society;
- Ensuring the long-term implementation of gender equality and social inclusion principles;
- Promoting a philosophy of dialogue, tolerance, and cohabitation; and
- Expression of readiness for compromise within parties over issues of significance.

Party organization models can be characterized and compared by assessing their inclusiveness (i.e. the number of decision-makers), centralization (i.e. the level of control a national executive committee exerts over regional party structures), and institutionalization (i.e. the established identity and procedures of the party, and its status as a significant actor). On this basis, what then are some of the ways of participating within party procedures, and how might these be restricted?

- **Selecting candidates and leaders:**
  To what degree can members get involved in the selection process? Limitations include requiring members to be fully enrolled, paying fees and waiting for a period before being eligible to participate in election processes. Candidate nominations can be vetted by central party authorities, or a demographic quota be set on the selection.

- **Setting party policies:**
  A variety of measures can be used to develop party policies, including party consultations and internal party votes. When a specific policy is disputed, who may call referendums in order to finally decide the issue? Is this solely the prerogative of national leadership? Will a vote be considered advisory or binding?



- नीति-निर्माण र असल शासनबारे सदस्यहरूलाई निरन्तर प्रशिक्षित गर्ने,
- नागरिक राजनीतिक संस्कारको निर्माण गर्ने,
- नागरिक समाजसँग व्यवहारिक साझेदारीको विकास गर्ने,
- दिर्घकालीनरूपमा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी सिद्धान्तको कार्यान्वयन गर्ने,
- संवाद, स्वीकार्यता तथा सह-अस्तित्वको दर्शनको प्रबर्द्धन गर्ने,
- पार्टीभित्र महत्वपूर्ण विषयमा सहमती निर्माण गर्न पार्टीभित्रै विचार व्यक्त गर्ने ।

राजनीतिक पार्टीमा हुने समावेशीकरण (जस्तैः नीति निर्माताको संख्या) केन्द्रीकरण -केन्द्रिय कार्यसमितिले क्षेत्रीय समितिमाथि गर्ने नियन्त्रण), संस्थागत (पार्टीका स्थापित पहिचान, पार्टी प्रणाली र महत्वपूर्ण व्यक्ति)का आधारमा चित्रण र तुलना गर्न सकिन्छ । त्यसकारण पार्टीमा सहभागी हुने पद्धती के हो र कसरी सीमित गरिन्छ ? भन्ने प्रष्ट हुनुपर्छ ।

- **उमेद्वार तथा नेतृत्वको चयन :**
  उमेद्वार र नेतृत्व चयनको प्रक्रियामा सदस्यहरू कुन स्तरसम्म सहभागी हुन मिल्छ ? सहभागी गरिँदाका सीमितता हुन्छन्, जस्तै, सदस्य पूर्णरूपमा सदस्य बनेको हुनुपर्ने हुन्छ । यसैगरी सदस्यता शुल्क तिरेको र आन्तरिक निर्वाचन प्रक्रियामा सहभागिताको लागि तयार गरिएको मापदण्डअनुसार निश्चित समय पार गरेको हुनुपर्छ । उमेद्वारको मनोनयनलाई केन्द्रिय पार्टी पदाधिकारीले स्वीकृति दिनुपर्ने र छनौटका लागि निश्चित जनसांख्यिक कोटा तोकिएको हुनुपर्छ ।

- **पार्टीको नीति निर्धारण :**
  पार्टीका नीति-निर्माण गर्दा विभिन्न किसिमका परामर्श र पार्टीको आन्तरिक मतदानजस्ता विधि अपनाउन सकिन्छ । यदि कुनै निश्चित सवालमा नीतिगत विवाद भएको खण्डमा ती विवाद निरूपणका लागि कसले बहस, छलफल र जनआव्हवान गर्न सक्छ । 'के यस्तो आव्हवान गर्ने अधिकार केन्द्रिय नेतृत्वलाई मात्रै छ ?' 'के त्यसरी आव्हवान गरिएको मतदान सल्लाहका लागि हुन्छ वा बाध्यकारीरूपमा लिइन्छ ?' भन्ने प्रश्नको स्पष्ट जवाफ हुनुपर्छ ।

- **सदस्यता :**
  सदस्यता हुनका लागि के-के आवश्यकता पर्छ ? सदस्यको विवरण कसले संग्रहित गरेको हुन्छ र उनीहरूको योग्यता कसले निर्णय गर्छ ? मतदान अधिकारसहितको एउटा बृहत समावेशी पार्टी गठन गर्न कस्ता चुनौतीहरू छन् ?

- Membership:
  What are the requirements of membership? Who keeps the members records and determines eligibility? What are the implications of creating an inclusive party with wide voting rights?

- Parties enroll members to establish their legitimacy through mass support, to build links between leaders and supporters, to raise funds, use volunteer labor and source out possible candidates to stand for the party.

- Supporters enroll as members to express a conviction, to get more politically involved, to create social links and to benefit from economic perks linked to membership.

## Conclusion

Different party structures have different starting points for increasing internal party democracy. Scarrow talks about five general models of party organization (the Dominant Leader, the Party of Notables, Individual Representation, Corporatist, and Basis Democracy) with different combinations of inclusiveness, centralization, and institutionalization in their internal democracy processes. Therefore, when building effective party structures, a variety of factors must be fully considered, including: the institutional environment, the accessibility of communications, the cultural and historical settings, ideological commitments to democratic values, and the urge to imitate prospering parties' structures. Internal and external pressures, such as changes in legislation affecting political parties or electoral losses, both force change within a party's structure: they may also be primarily ideological or tactical. Despite a lack of consensus on whether increasing intra-party democratic procedures results in a general democratic benefit, there is an argument for increased transparency and greater inclusivity in those countries where there is currently widespread disillusionment with politics and political parties in particular.

## Endnotes

[1] 2005, 'Implementing Intra-Party Democracy,' National Democratic Institute for International Affairs, Washington).



- पार्टीहरूले सदस्य बनाउनुका कारण जनसमर्थनमार्फत आफ्नो वैधानिकता कायम गर्नु हो । यसैगरी पार्टीका नेतृत्व र समर्थकबीच सम्बन्ध स्थापित गर्नु, आर्थिक स्रोत सङ्कलन गर्नु र स्वयंसेवी श्रमको उपयोग गर्नु र उम्मेद्वारका लागि आवश्यक स्रोत तयार पार्नु पनि हो ।

- समर्थक पार्टीको सदस्य बन्नु भनेको आफ्नो विश्वासलाई व्यक्त गर्नु हो । यसैगरी राजनीतिकरूपमा संलग्न भएर सामाजिक सम्बन्ध र सदस्यको हैसियतले आर्थिक स्रोतको निर्माण गर्नु पनि हो ।

## निष्कर्ष

फरक-फरक पार्टीका संरचनाअनुसार पार्टीको आन्तरिक लोकतन्त्र प्रबर्द्धन सुरुवात पनि फरक-फरक विन्दूबाट हुन्छन् । स्कारोका अनुसार पार्टी संगठन निर्माणका पाँचओटा विधि छन् : प्रभुत्वशाली नेतृत्व, प्रसिद्धहरूको पार्टी, व्यक्तिगत प्रतिनिधित्व, कर्पोरेट पार्टी र लोकतन्त्रमा आधारित पार्टी । यस्ता फरक-फरक प्रकृतिका पार्टीले आन्तरिक पार्टी लोकतन्त्रका लागि भिन्न-भिन्न तरिकाले समावेशीकरण, केन्द्रीकरण र संस्थाकरण जस्ता सवाललाई सम्बोधन गरेका हुन्छन् । प्रभावकारी पार्टी संरचनाको निर्माण गर्दा संस्थागत वातावरण, सञ्चारमा पहुँच, सांस्कृतिक र ऐतिहासिक पृष्ठभूमि, लोकतान्त्रिक मूल्य-मान्यताप्रति सैद्धान्तिक प्रतिबद्धता आवश्यक हुन्छ । राजनीतिक पार्टीलाई प्रभावित पार्ने ऐन वा निर्वाचनमा पराजय गराउन सक्ने आन्तरिक र बाह्य दबाबले पार्टीको संरचनाकै सैद्धान्तिक वा रणनीतिक परिवर्तन गराउन सक्छ । पार्टीको आन्तरिक लोकतान्त्रिक प्रक्रियाले बृहत समाजकै लोकतान्त्रिक प्रक्रियलाई फाइदा पुऱ्याउन सक्छ भन्ने विचारमा केही असहमती पनि हुनसक्छ । तर राजनीति र राजनीतिक पार्टीका सम्बन्धमा नैराश्यता देखिएका देशका सवालमा भन्नुपर्दा, पारदर्शितामा वृद्धि र बृहत समावेशीकरण गरिनुपर्छ भन्ने तर्क राख्न सकिन्छ ।

## पाद टिप्पणी

[१] सन् २००५, इम्पिलमेन्टिङ इन्ट्रापार्टी डेमोक्रेसी, नेशनल डेमोक्रेटिक इन्स्टिच्युट फर इन्टरन्यासनल अफेयर्स, वासिङ्टन ।



# Changing the Face of Regional Politics in Canada

■ Sandra Houston

# क्यानडामा क्षेत्रीय राजनीतिको परिवर्तित अनुहार

■ सान्ड्रा ह्युस्टन

## Introduction

The Alberta New Democratic Party (NDP) was founded in 1962 and, in 1966, the first Member of the Legislative Assembly (MLA) was elected for a single term. In 1971, party leader Grant Notley was elected and served as the party's lone MLA for several years - in the 75-seat legislature - until he was finally joined by a fellow colleague in 1982, thus making the two MLAs the official opposition in what was a very conservative Alberta legislature. The party was elated to have two members as, at the time, it was seen as a major political breakthrough. Over time, ordinary Albertans, even conservatives for that matter, developed a grudging respect for Grant Notley as party leader. Tragically, however, Grant Notley was killed in a plane crash while on his way home from a party meeting in 1984, leaving the other NDP MLA, Ray Martin, to take on the leadership.

In 1986, the unfathomable happened - 16 NDP MLAs were elected to the legislature. As you can imagine, in a province that had traditionally and overwhelmingly supported conservative parties, there was a lot of work for the progressive NDP to do. The first task the NDP caucus focused on was becoming great legislators. Judged on this basis, the NDP did their research and performed well in the legislature. However, in doing so, they neglected the other key part of an MLA's role - to conduct citizen outreach. As a result, the NDP was electorally literally 'wiped out' in provincial elections held in 1993 and, so began the task of rebuilding the party once again.

For the next 21 years, the NDP worked hard to rebuild the party's electoral base, electing two MLAs in 1997, four in 2004, two in 2008 and four again in 2012. However, in 2014, there was a seismic change when Rachel Notley was elected to lead the party.[1] Indeed, there were great hopes that under her leadership the party could elect 12 MLAs. This did not happen. Instead, on election night in 2015, Notley was elected Premier along with 53 other NDP legislators to the 87-member legislature. This moment marked the end of 80 years of continuous Conservative and/or Social Credit (conservative) rule in the province.

## Winning Elections and Making a Change in Government

This historic electoral victory came with significant challenges in the sense that only four of the new MLAs had prior experience in the legislature. In addition, MLA's also had a limited number of available experienced political



## परिचय

अल्बर्टा न्यू डेमोक्रेटिक पाटी (एनडीपी)को स्थापना सन् १९६२ मा भएको थियो । सन् १९६६ मा एक कार्यकालका लागि एनडीपीका एकजना उम्मेद्वार विधायिकासभा सदस्य (एमएलए)मा निर्वाचित भएका थिए । सन् १९७१ मा नेता ग्रान्ट नोट्ली पार्टीको तर्फबाट ७५ सदस्यीय विधायिकामा निर्वाचित भए र लामो समयसम्म काम गरे । सन् १९८२ मा उनको पार्टीका अर्का सदस्य पनि विधायिका सदस्य बनेपछि भने समग्रमा पुरातनपन्थी विधायिकामा एनडीपीले आधिकारिक विपक्षी दलका रूपमा काम गर्न थाल्यो । पार्टीका दुईजनाले विधायकको भूमिका पाउँदा पार्टीले निकै ठूलो राजनीतिक छलाङ मारेको महसुस गऱ्यो र पार्टी पंक्तिमा निकै खुशी छायो । समय बित्दै जाँदा अल्बर्टाका सामान्य नागरिकका साथै पुरातनवादीहरूले समेत ग्रान्ट नोट्लीलाई पार्टी नेताको रूपमा सम्मान गर्न थाले । सन् १९८४ मा पार्टी बैठकबाट घर फर्कंदै गर्दा जहाज दुर्घटनामा परी ग्रान्ट नोट्लीको दुःखद निधन भयो । त्यसपछि पार्टीका अर्का विधायक रे मार्टिनले पार्टीको नेतृत्व सम्हाले ।

सन् १९८६ मा भएको विधायिका निर्वाचनमा अकल्पनीयरूपमा एनडीपीबाट १६ जना विधायक निर्वाचित भए । परम्परागत रूपमा पुरातनपन्थीको गढको रूपमा चिनिएको प्रान्तमा उदारवादी एनडीपीले गर्नुपर्ने काम धेरै थिए । यस्तो अवस्थामा विधायिकामा एनडीपी सदस्यहरूले सशक्त विधायकको भूमिका निर्वाह गरेर देखाउनु पर्ने थियो । यसैको आधारमा उक्त पार्टीले राम्रोसँग अध्ययन-अनुसन्धान गऱ्यो र विधायिकामा राम्रो भूमिका निर्वाह गऱ्यो । तर, उनीहरूले विधायकको रूपमा ध्यान दिनै पर्ने पक्ष, मतदातासँगको जनसम्पर्कलाई भने उपेक्षा गर्न पुगे । त्यसैको नतिजास्वरूप सन् १९९३ मा भएको प्रान्तीय चुनावमा एनडीपी बिलाए जस्तै भयो । त्यसपछि एनडीपीले पुनः पार्टी निर्माणको काम सुरु गऱ्यो ।

२१ वर्षमा एनडीपीले पार्टीको चुनावी आधारलाई निर्माण गर्नको लागि निकै मिहिनेत गऱ्यो । त्यसको नतिजा स्वरूप सन् १९९७ मा दुई विधायक निर्वाचित भए । पार्टीबाट सन् २००४ मा चारजना, २००८ मा दुईजना र २०१२ मा पुनः चारजना विधायक निर्वाचित भए । सन् २०१४ मा जब रेचल नोट्लीले पार्टीको नेतृत्व लिइन् त्यसपछि भने पार्टीमा उथलपुथल भयो ।[1] उनको नेतृत्वमा १२ सिट जित्ने ठूलो अपेक्षा थियो, तर उनको नेतृत्वमा रहेको एनडीपीले त ८७ पदमध्ये ५४ विधायक पद हात पाऱ्यो । त्यसपछि नोट्ली पनि प्रिमियरमा (मुख्य मन्त्री सरह पद) निर्वाचित भइन् । यो निर्वाचनपछि एनडीपीले प्रदेशमा ८० वर्ष लामो परम्परागत र सामाजिक पुरातनपन्थी दलको शासन अन्त्य गऱ्यो ।

## निर्वाचनमा विजय र सरकारमा परिवर्तन

यसरी निर्वाचनमा धेरै विधायकहरू निर्वाचित हुनु एकातिर खुशीको कुरा थियो भने अर्कोतिर एउटा गम्भीर चुनौती पनि थियो किनभने पार्टीमा जम्मा चारजनासँग मात्रै

staff at their disposal. Nevertheless, the new government did have one important asset – premier Rachel Notley - who articulated a clear overall vision of the Alberta she wanted to lead.

At this point, there was great hope for Rachel Notley's government with New Democrats from across the country travelling to Alberta to assist with the new government in what was seen as an exciting venture. Moreover, hundreds of staff were hired to build up the administrative capacity of the legislature, constituency offices were opened and staffed across the province, a caucus office was opened to support MLAs,[2] high caliber leadership teams were established in both the Premier's office and the offices of each minister. Yet, while expectations were high and demands for change were significant, at the same time, Alberta was also experiencing an economic downturn that had first begun in 2014 and continued throughout the NDP's time in office.

Undeterred by these negative economic trends, Premier Notley set about 'changing the face' of Albertan politics. In many ways and for many citizens, Alberta had always been viewed as the *wild west* of Canada. In the past, Alberta had shunned regulations and or anything to do with social rights of workers', while it celebrated all things to do with economic conservatism and the free market. It was also the home of the oilsands, a place where citizens from across the country internally migrated for work. Unskilled and skilled workers had previously had opportunities to earn a significantly higher income in Alberta compared to the rest of Canada.[3] However, the 2014 downturn in the oil and gas industry began to change all that and thousands of ordinary citizens began to lose their jobs.

Nevertheless, premier Notley remained determined to change the face of politics in Alberta by leading a government that looked like and reflected the population, and the views and aspirations of ordinary Albertans. Her vision was to create a diversified economy, a more environmentally responsible province, a place where workers had rights and protections while being paid fairly, and a government that was representative of and accountable to the citizens. Yet, even before her government began to work, Notley 'unlocked' the doors of the legislature and had her officials organize a public swearing-in (inauguration) ceremony. It is important to note that until this point, such activities were usually restricted to a very select 100 personal friends and



विधायिकामा काम गरेको अनुभव थियो । तथापि, नव निर्वाचित सरकारसँग एउटा महत्वपूर्ण सम्पत्तिका रूपमा प्रिमियर रेचल नोट्ली थिइन्, जोसँग अल्बर्टा प्रदेशबारे स्पष्ट दृष्टिकोण थियो ।

त्यतिबेला रेचल नोट्ली नेतृत्वको सरकारसँग जनताले धेरै अपेक्षा गरेका थिए । सरकार सञ्चालनका क्रममा पनि देशभरका नयाँ लोकतन्त्रवादी (न्यू डेमोक्रेट्स)ले अल्बर्टा नै आएर उत्साहका साथ सहयोग गरेका थिए। विधायिकाको प्रशासनिक क्षमता अभिवृद्धिका लागि सरकारले प्रदेश तहसम्म सैयौँ कर्मचारी नियुक्ति गरेको थियो । यसैगरी विधायकहरूको सहयोगका लागि एउटा ककश कार्यालय स्थापना गरिएको थियो भने प्रिमियरको कार्यालय र सबै मन्त्रालयमा क्षमतावान नेतृत्व टोलीको पनि गठन गरिएको थियो ।[२] सरकारसँग जनताका निकै ठूलो अपेक्षा थियो र देखिने गरी रूपान्तरणको आशा पनि गरिएको थियो । तर, सोही समय अर्थात एनडीपीले अल्बर्टामा सरकार सञ्चालन गरेको बेला सन् २०१४ देखि आर्थिक मन्दी सुरु भयो। आर्थिक मन्दी एनडीपीको कार्यकालभरि नै रहिरह्यो ।

आर्थिक मन्दीको नकारात्मक प्रभावबाट विचलित नभइ प्रिमियर नोट्लीले अल्बर्टाको राजनीतिक अनुहार बदल्ने दिशामा अगाडि बढिरहिन् । क्यानडामा अल्बर्टालाई धेरै मानिसले 'जंगली पश्चिम'को रूपमा हेर्थे । बिगतमा अल्बर्टाले श्रमिकको सामाजिक अधिकारबारे केही सुन्नै चाहँदैनथ्यो । यसका साथै त्यतिबेला अल्बर्टाले परम्परावादी अर्थतन्त्र र खुलाबजार आर्थिक सिद्धान्तको अभ्यास गर्दै आइरहेको थियो । अल्बर्टालाई बालुवा तेलको मुख्य थलो मानिन्थ्यो, जहाँ देशका विभिन्न भागबाट मानिसहरू कामको शिलशिलामा आन्तरिकरूपमा बसाइसराई गरी आउने गर्थे । आम्दानीको हिसाबले अन्य प्रदेशको तुलनामा अल्बर्टामा दक्ष तथा अदक्ष दुवै थरीका कामदारले तुलनात्मक रूपमा धेरै आम्दानी गर्थे ।[३] तेल र ग्याँस उद्योग यहाँको अर्थतन्त्रको स्रोत भएका कारण सन् २०१४ को आर्थिक मन्दीले यहाँको अर्थव्यवस्थालाई निकै प्रभावित पार्‍यो । हजारौँको संख्यामा यहाँका सामान्य नागरिकले रोजगारी गुमाए ।

नोट्लीले सरकारको नेतृत्व गरेपछि अल्बर्टाको राजनीति रूपान्तरणका साथै आम अल्बर्टेली नागरिकको अपेक्षा र विचार प्रतिबिम्बित गर्ने प्रतिबद्धता जाहेर गरेकी थिइन् । उनले विविधतायुक्त अर्थतन्त्रको निर्माण गर्ने, वातावरणीयरूपमा जिम्मेवार प्रान्त बनाउने, कामदारको अधिकार संरक्षण गर्ने र उचित ज्याला पाउने कुरा निश्चित गर्ने र नागरिकप्रति सरकार जिम्मेवार रहने व्यवस्था निर्माण गर्ने दृष्टिकोण राखेकी थिइन् । उनको नेतृत्वको सरकारले काम सुरु गर्नु अगाडि नै नोट्लीले सरकारका पदाधिकारीको सार्वजनिक सपथ ग्रहण कार्यक्रम आयोजना गरेकी थिइन् । यस्तो कार्यक्रममा छानिएका सयजना व्यक्तिगत साथीहरू र राजनीतिकरूपमा सरकार नजिकका व्यक्तिहरूलाई मात्रै सहभागी गराइन्थ्यो । तर,

political 'insiders'. In stark contrast, Notley's first government was sworn in with about 20,000 ordinary Albertans in attendance on the grounds of the legislature, a definitive signal, in the eyes of the public, that a new government was now in charge.

Crucially, Notley's government was the first in Canadian political history to include at least 50 percent women - a move unthinkable in the Alberta political lexicon until that point. Notley established new transparency and consistency rules for government staff and agency appointments, public salaries and other government initiatives. Indeed, Notley remained resolute that all government agency appointments would include equal numbers of men and women and significant numbers of persons from marginalized groups. In particular, her staff were tasked with reaching out 'far and wide' across the province, networking with groups that until then had rarely been represented in government, as either staff and/or in appointed positions. Gradually, however, agencies, boards and commissions began to reflect the population in Alberta. In fact, many other gender equality focused initiatives were embraced by the new government. For example, the law was changed, allowing women suffering domestic violence to break their lease without penalty, the government introduced a $25 per day childcare pilot and a gender-based lens was applied to all new legislation being considered.

Notley also took on the corporate world, first raising corporate taxes from 10 percent to 12 percent and next championing legislation to limit political donations, making it illegal to make corporate and union donations to political parties. Further progressive initiatives were taken on too. In education, her government created legislation to protect students who wanted to form Gay-Straight Alliances in their high schools while freezing university and college tuition fees. She also reversed the previous government's cuts being made to primary and post-secondary education, and increased funding to social services. In employment, Notley began an initiative to bring the minimum wage to $15 per hour and led consultations with small business and workers groups about changes to the labor code and employment standards, with a view to creating a more level 'playing field' for workers. Moreover, one of her proudest accomplishments was in cutting child poverty by half. In the sphere of the environment, the new



यस्तो परम्परा विपरित नोट्लीको सरकारले पहिलो पटक शपथ ग्रहण कार्यक्रम विधायिकाको मैदानमा करिब २० हजार अल्बर्टेली नागरिकको उपस्थितिमा आयोजना गऱ्यो । यो काम नागरिकको आँखामा बिलकुल नयाँ थियो, जसले धेरै अल्बर्टेलीमा नयाँ सरकारको संकेत स्पष्ट पारेको थियो ।

क्यानडाको राजनीतिक इतिहासमै पहिलो पटक नोट्लीको सरकारमा करिब ५० प्रतिशत महिलालाई समावेश गराइएको थियो । यो अल्बर्टेली राजनीतिमा अत्यन्तै अकल्पनीय कदम थियो । नोट्लीले सरकारी कर्मचारी र निकायमा गरिने नियुक्ति, प्रदान गरिने सेवा-सुविधा तथा तलबमा एकरूपता कायम गर्ने र सरकारका सबैजसो गतिविधिलाई पारदर्शीता बनाउने नयाँ नियमहरू लागू गरिन् । उनी वास्तवमा सबै सरकारी निकायमा गरिने नियुक्तिमा महिला र पुरूषको बराबरी संख्याका साथै पछाडि पारिएका वर्गको उल्लेखनीय सहभागीता हुनुपर्छ भन्ने विषयमा एकदमै प्रतिबद्ध थिइन् । सरकारी कर्मचारीलाई प्रान्तभरि पुगेर सरकार, कर्मचारी वा राजनीतिक नियुक्ति आदिमध्ये कतै पनि प्रतिनिधित्व नभएका विभिन्न समूहसँग समन्वय गर्नु पर्ने जिम्मेवारी दिइएको थियो । अल्बर्टाका सबै निकाय, बोर्ड तथा आयोगमा बिस्तारै त्यहाँको जनसंख्याको विविधता प्रतिबिम्बित हुन थाल्यो । वास्तवमा नयाँ सरकारले धेरै लैङ्गिक समानताका थुप्रै पहलकदमी लिएर लागू पनि गऱ्यो । उदाहरणको लागि कानुनै परिवर्तन गरी घरेलु हिंसाबाट पीडित महिलाले लिज तोड्नु परेको खण्डमा कुनै पनि जरिवाना तिर्नु नपर्ने व्यवस्था ल्याइयो । यसैगरी बालबालिकाको हेरचाहका लागि सरकारले दैनिक २५ डलर दिने नमूना कार्यक्रमको सुरुवात भयो। यो नयाँ कानुन बनाउँदा मूलतः लैङ्गिक दृष्टिकोणबाट हेरिएको थियो ।

नोट्लीले व्यापार जगतको स्वार्थलाई भने चुनौती दिइन् । पहिला त उनले कम्पनीले व्यहोर्नु पर्ने करको दरलाई १० प्रतिशतबाट १२ प्रतिशतमा पुऱ्याइन् । त्यसपछि राजनीतिक चन्दा र दानसम्बन्धी व्यवस्थालाई सीमित गर्न कानुन बनाउन प्रयत्न गरिन् । उनकै प्रयत्नपछि राजनीतिक दललाई कम्पनी र युनियनले आर्थिक दान दिनुलाई गैरकानुनी बनाइन् । यसका साथै उनको सरकारले अन्य किसिमका प्रगतिशील कामको पहलकदमी पनि लियो । उनको सरकारले माध्यमिक तहमा समलैङ्गिक र यौनिक अल्पसंख्यक समुदायका विद्यार्थीको संरक्षण गर्ने व्यवस्था गऱ्यो । यसैगरी विश्वविद्यालय तथा कलेजको शैक्षिक शुल्कलाई नबढाउन कानुन ल्याइन् । अघिल्लो सरकारले प्राथमिक र उच्च माध्यमिक शिक्षामा रकम कटौती गर्न खोजेको थियो । तर, उनको सकारले यसलाई उल्टाइदियो र सामाजिक सेवाका क्षेत्रमा प्रदान गर्ने रकम बृद्धि गऱ्यो । श्रम क्षेत्रमा श्रमिकको न्यूनतम प्रतिघण्टा ज्याला १५ डलर बनाउन आवश्यक थियो । त्यसैले नोट्ली सरकारले श्रम, कानुन र रोजगारीका मापदण्डमा परिवर्तन गरी समान वातावरण र समान ज्यालाको मापदण्ड निर्माण गर्न साना व्यवसायी र कामदारका समूहसँग वार्ता गऱ्यो । उनका धेरै सफलतामध्ये बालबालिकामा रहेको गरिबीलाई आधामा झार्नु सबैभन्दा महत्वपूर्ण

government also introduced significant environmental change by: developing a climate leadership plan; introducing a carbon tax on gasoline and home heating; and providing subsidies for windows, solar panels, insulation and LED light bulbs to encourage ordinary Albertans to make their homes more energy efficient.[4]

As a key hallmark of her approach to advancing their legislative agenda, the government conducted widespread public consultation exercises with all stakeholders to ensure that all options were considered and communicated with the public. It is also important to note here that most of these initiatives would have been seen as unimaginable only two years earlier. Yet, in the view of many observers, it was Notley's personal drive to create a 'New Alberta' that saw her government succeed in the implementation of these measures.

### Citizen Outreach Initiatives

However, as is so often the case for a new government, the focus was on 'governing' while the importance of 'retail politics' – i.e. communicating with citizens - took a backseat in the first months of the government. Nevertheless, Notley was determined not to repeat the fate of the NDP Caucus elected in 1986 and which was roundly defeated in 1993. Consequently, Notley and her team began identifying the actions of elected politicians who regularly gain reelection and developed work plans and metrics that party branches and MLAs needed to complete and report on.

It is important to note that all of these actions were developed through a lens of meaningful outreach with constituents. Every party branch worked with their organizers and volunteers to develop a team and long-term strategic plan, which included regular door to door canvassing, phoning citizens, and developing an integrated database. Every party branch began talking with citizens two years before elections, identifying supporters and places for party posters to be placed. Each branch was tasked with recruiting and engaging a team of volunteers and establishing teams to keep volunteers motivated. Importantly, each team had a fundraising target to ensure they had funds to pay for the future electoral campaign well before any campaign started. The team also trained hundreds of potential party organizers to run local political campaigns.



सफलता हो । सरकारले जलवायु नेतृत्व योजना तर्जुमा गरी खनिज तेल र घर तताउने उर्जामा कार्बन कर लगाउने, नागरिकलाई उर्जाको खपत कम गर्न प्रोत्साहित गर्ने, अल्बर्टेली नागरिकलाई घरको झ्याल, सोलार प्यानल, घरको ताप बाहिर जान नदिने प्रणाली विकास गर्न र एलईडी बल्बको प्रयोग गर्न अनुदान प्रदान गर्ने व्यवस्था गऱ्यो । यसले वातावरणको क्षेत्रमा पनि निकै ठूलो परिवर्तन ल्याउन सफल भयो ।[४]

नोट्लीले विधायकी कार्यसूचिलाई परिपक्क बनाउन उनले विशिष्ट विधि अवलम्बन गरिन् । विधायकी एजेण्डामा सरकारले सबै सरोकारवालासँग बृहत् सार्वजनिक परामर्श गर्न थाल्यो । यस्ता परामर्शमा सबै किसिमका विचार र बिकल्पबारे पनि छलफल हुन्थ्यो, ताकि सामान्य नागरिक पनि ती विचारबारे जानकार हुन् । यहाँ उल्लेख गर्नै पर्ने कुरा के छ भने उनको सरकार गठन भएको दुईवर्ष अगाडि यस्ता गतिविधिबारे सोच्न समेत सकिँदैन थियो । धेरै पर्यवेक्षकको बुझाइमा नयाँ अल्बर्टा बनाउने नोट्लीको व्यक्तिगत लगाबकै कारण उनको सरकारले यस्ता व्यवस्था लागू गर्न सम्भव भएको हो ।

### नागरिकसँग सम्पर्कको पहल

अन्य नयाँ सरकारले जस्तै नोट्ली नेतृत्वको सरकार पनि मूलतः शासन सञ्चालनमै केन्द्रित रह्यो । तर, सुरुआती समयमा वास्तविक राजनीतिमा हुनुपर्ने नागरिकसँगको सञ्चारले खासै महत्व पाएन । यद्यपि, नोट्ली सन् १९८६ मा निर्वाचित भएको एनडीपीको ककसले सन् १९९३ को निर्वाचनमा बेहोरेको हारबारे सचेत थिइन् र त्यस्तो अवस्था नदोहऱ्याउने कुरामा प्रतिबद्ध थिइन् । त्यसैले नोट्ली र उनका सहयोगीहरूले नियमित रूपमा निर्वाचित हुने राजनीतिज्ञहरूले गरेका कामको मुल्याङ्कन गरे र विधायक तथा स्थानिय पार्टीले गर्नुपर्ने कामको कार्ययोजना र सूचकांक तयार गरे ।

यी सबै महत्वपूर्ण काम निर्वाचन क्षेत्रका मतदातासँगको अर्थपूर्ण सञ्चार गर्नका लागि तयार गरिएको थियो । पार्टीको शाखाहरूको आयोजनामा इकाइ सदस्य र स्वयंसेवकले पार्टीको दिर्घकालीन रणनीतिक योजनाको विकास गरे । उक्त योजनामा नियमितरूपमा नागरिकको घरदैलो पुग्ने, नागरिकलाई फोन गर्ने र एकीकृत तथ्याङ्क तयार गर्नेजस्ता काम समावेश गरिएको थियो । पार्टीका सबै शाखाले निर्वाचन हुनुभन्दा दुईवर्ष अगाडिदेखि नै नागरिकसँग सञ्चार र छलफल गर्न थाले । उनीहरूले पार्टीका समर्थक र पोस्टर टाँस्ने ठाउँहरूको पहिचान गरे । हरेक शाखाले स्वयंसेवी तयार पार्ने र उनीहरूलाई निश्चित जिम्मेवारी दिएर पार्टीको काममा परिचालन गर्ने काम भयो । पार्टीको यस्ता कामले स्वयंसेवीहरू थप उत्प्रेरित भए । यसरी परिचालित सबै समूहलाई कुनै पनि निर्वाचन अभियान सुरु हुनुभन्दा निकै अगाडि नै अर्थ संकलनको निश्चित लक्ष्य पनि दिइएको हुन्थ्यो ।

## Suffering Election Defeat

However, in 2017, the two main conservative based parties (Conservative and Wildrose) were united with their first objective being to defeat Rachel Notley and Alberta's NDP. Their objective was met when the 2019 elections saw the new party - United Conservative Party - effectively convince Albertans that they would reduce taxes and create thousands of new jobs. As a result, Rachel Notley's government was defeated. However, this time, instead of being 'wiped out' or reduced to an 'electoral rump', the NDP entered political opposition in the Alberta legislature with Notley retaining her seat alongside a further 23 of her colleagues - receiving 33 percent of the vote. The NDP opposition caucus was the most significant and experienced official opposition caucus in Alberta's political history. It is interesting to note that those NDP MLAs re-elected were those who most effectively carried out their party branch political organizing plans while most of the defeated MLAs were those that were much less effective in completing the organizing outreach tasks.

## Becoming an Effective Opposition

Yet, despite the disappointment of losing office, the opposition NDP remained undeterred, adopting a three-point plan - to redouble party branch organizing efforts, upgrade their 'social media game' in addition to being an outstanding legislative opposition, scrutinizing the work of the provincial government. Consequently, following the 2019 elections, NDP MLAs were widely seen reaching out to stakeholders and community members across the province. Several times a week, the NDP saw party members/supporters joining together in what is referred to as 'call clubs'. Using an automatic dialing platform, party members telephoned citizens to talk about the work being done by NDP MLAs to hold the government to account. The party also conducted continuous fundraising efforts, raising unprecedented amounts significantly more than the governing party. Door to door canvassing is also conducted when it is safe to do so outside of pandemic times. A network of social media volunteers was also developed with the result that Notley's social media engagement has increased from approximately 15,000 interactions a day to about 75,000 interactions a day today.

This was not all. Notley also assigned organizing metrics for her MLAs to better connect with citizens. MLAs receive report cards regularly on their



यसरी परिचालित समूहले स्थानीय पार्टी अभियान सञ्चालनका लागि सयौंको संख्यामा सम्भावित सदस्यहरूलाई प्रशिक्षित पनि गर्‍र्यो ।

## निर्वाचनमा पराजय

सन् २०१७ मा रेचल नोट्ली र अल्बर्टाको एनडीपीलाई हराउने मुख्य उद्देश्यसहित दुईओटा पुरातनपन्थी पार्टीहरू 'कन्जरभेटिभ' र 'वाइल्डरोज'बीच एकीकरण गरेर 'युनाइटेड कन्जरभेटिभ पार्टी'को गठन भयो । सो नयाँ पार्टीले अल्बर्टेली नागरिकलाई कर कम गर्ने र हजारौँ नयाँ रोजगारी सिर्जना गर्ने कुरामा विश्वास दिलायो । यसैको परिणामस्वरूप सन् २०१९ को निर्वाचनमा उनीहरूले सफलता प्राप्त गरे भने नोट्लीको सरकारले पराजय बेहोर्‍यो । यद्यपि, पार्टीले व्यहोरेको यो हार लज्जास्पद भने थिएन । उक्त निर्वाचनमा २३ ओटा सिट जित्दै ३३ प्रतिशत मत ल्याएर एनडीपी प्रतिपक्षमा बस्न भने सफल भयो । एनडीपीको राजनीतिक ककस अल्बर्टाको राजनीतिक इतिहासमै सबभन्दा अनुभवि र आधिकारिक विपक्षी ककश थियो । यसरी निर्वाचित हुनेमध्यमा पनि धेरैजसो अनुभवि विधायकहरू नै थिए । रोचक कुरा के छ भने यसरी पून:निर्वाचित विधायक राजनीतिक संगठन र पार्टीको शाखामा पनि निकै प्रभावशाली व्यक्ति थिए भने पराजित हुने तुलनात्मकरूपमा कम प्रभावकारी थिए ।

## प्रभावी विपक्षी बन्ने

सरकारबाट बाहिरिनुको पीडाका बाबजुद एनडीपी निराश नभइ प्रभावकारी प्रतिपक्षीको भूमिकामा रहेर काम गर्‍यो । उक्त पार्टीले पार्टीका शाखाले आयोजना गर्ने कार्यक्रमको संख्या दोब्बर बनाउने, पार्टीको सामाजिक सञ्जालमा उपस्थितिलाई मजबुत बनाउने र प्रान्तीय सरकारको कामको निरन्तर निगरानी राख्दै उत्कृष्ट प्रतिपक्षको भूमिका निर्वाह गर्ने तीन-बुँदे कार्ययोजना अगाडि सार्‍यो । त्यसैको नतिजा स्वरूप सन् २०१९ को निर्वाचनपछि एनडीपीका विधायकले प्रान्तभरिका सरोकारवाला र समुदायसँग जनसम्पर्क बढायो । हप्तामा केही दिन एनडीपीका पार्टी सदस्य र समर्थकबीच छलफलका लागि फोन क्लब सञ्चालनमा ल्याइयो । यसरी उनीहरूले कार्यकर्ता र समर्थकलाई गोलबन्द गरे । सरकारलाई जवाफदेही बनाउन एनडीपीका विधायकले गरिरहेको कामबारे सोही मञ्चबाट नागरिकलाई जानकारी गराउँथे । यसका साथै पार्टीले निरन्तररूपमा अर्थ संकलन अभियनलाई निरन्तरता दिइरह्यो । यो अभियानबाट पार्टीले अप्रत्यासित परिमाणमा रकम संकलन गर्न सफल भयो । उक्त रकम सरकार सञ्चालन गरिरहेको पार्टीको भन्दा पनि बढी थियो । एनडीपीले महामारीको समयमा बाहेक सुरक्षित अवस्थामा घरदैलो कार्यक्रमलाई निरन्तरता दियो । पार्टीको सामाजिक सञ्जालमा स्वयंसेवकको सञ्जाल पनि तयार गरियो । यसको नतिजास्वरूप नोट्लीका सामाजिक सञ्जालमा प्रतिदिन १५ हजारदेखि ७५ हजारसम्म मानिसबीच अन्तर्क्रिया हुन थाल्यो ।

progress and party organizers work with the MLAs and their teams to conduct and implement their planning, all focused on winning elections. Each MLA has been given a 'buddy non-incumbent party branch' to assist them in organizing for success by electing MLAs of their own.

Candidate search was another piece of the rebuilding efforts. With party popularity comes significant interest from potential candidates, typically from men. However, under the leadership of Notley, the Alberta NDP remains committed to 50 percent of candidates for the next election being women. At their June 2021 convention, the NDP approved an amendment to the party's constitution requiring the party to ensure they are able to meet this bar. Determined to meet this objective, the NDP's senior leadership team in Alberta has been meeting with women leaders around the province and recruiting many of them to be a member of candidate teams for the next election.

It is customary for politicians to be given policy and legislative direction by their leaders, however elected officials enjoy a great deal of autonomy for conducting their constituency outreach work in their communities and with their stakeholders. Regrettably some elected officials are lured by the action of the legislative halls of power to the exclusion and neglect of the community concerns and the need for community building. Many politicians have been defeated for ignoring the importance of staying in touch with the people they represent. Rachel Notley sought to change all that and to a large extent she has been successful.

The result of these different measures has been to observe a consistent growth in support for Rachel Notley and, just as importantly, for Alberta's NDP. At the time of writing, with almost two years until the next provincial elections, most opinion polls predict that she will be forming a majority government.



यति मात्र होइन, उनको पार्टीका विधायकलाई नागरिकसँग राम्रो सम्बन्ध बिस्तार गर्ने जिम्मेवारी पनि दिइयो । यसका लागि नोट्लीले विधायकले पूरा गर्नुपर्ने कार्यक्रमका केही सूचक पनि तयार पारेकी थिइन् । सोहीअनुरूप विधायकको कार्यसम्पादनको मूल्याङ्कन हुन्थ्यो । हरेक विधायकलाई सांसद नभएको पार्टीको शाखामा जोडेर आगामी निर्वाचन लक्षित क्रियाकलापमा समावेश गरिएको थियो, जसको मुख्य उद्देश्य आगामी निर्वाचनमा पार्टीलाई विजयी बनाउनु नै थियो ।

निर्वाचनमा उमेद्वारको छनौट पार्टी पून:निर्माणको अर्को पहलकदमी थियो । पार्टीको लोकप्रियता बढेपछि प्रायजसो पुरूष नै आफूलाई सम्भावित उम्मेद्वारको रूपमा प्रस्तुत गर्न थाल्छन् । तर, नोट्लीको नेतृत्वमा रहेको अल्बर्टेली एनडीपी निर्वाचनमा ५० प्रतिशत महिला उम्मेद्वार खडा गर्ने कुरामा प्रतिबद्ध थियो । पार्टीले सन् २०२१ को जुन महिनामा भएको अधिवेशनबाट एनडीपीको विधान संशोधन पारित गरेपछि पार्टीलाई उक्त लक्ष्य पूरा गर्नुपर्ने बाध्यता नै बनेको छ । पार्टीको उक्त लक्ष्य प्राप्तिका लागि अल्बर्टामा रहेको एनडीपीको वरिष्ठ नेतृत्व समूहले प्रान्तभरी रहेका महिला नेतृत्वसँग भेटघाट गरिरहेको छ र भेटिएका महिला नेतृत्वमध्ये धेरैलाई आगामी निर्वाचनमा पार्टीले उम्मेद्वार बनाउने तयारी गरेको छ ।

राजनीतिक नेताले नीतिगत र व्यवस्थापकीय निर्देशन दिने प्रचलन रहँदै आएको छ । तर, निर्वाचित पदाधिकारीले आफ्नो निर्वाचन क्षेत्रमा समुदाय र सरोकारवालासँग जनसम्पर्क गर्न धेरै हदसम्म स्वायत्त छन् । यद्यपि, कतिपय विधायकले संसदमा शक्ति आर्जन गर्ने क्रियाकलपमा अधीक आकर्षित हुने तर समुदायका सरोकार र समुदाय निर्माणका मुद्दालाई बेवास्ता गर्ने गर्छन् । कति नेताहरू मतदातासँगको सम्पर्क र सम्बन्धलाई महत्व नदिँदा वा टाढिएका कारण निर्वाचनमा पराजित भएका छन् । यस्तो परिणाम भोग्नु नपरोस् भन्नेमा रेचल नोट्ली सचेत छिन् र उनी केही हदसम्म सफल पनि भएकी छिन् ।

यस्ता विभिन्न क्रियाकलापका कारण, अल्बर्टामा रेचल नोट्ली र एनडीपीलाई नागरिकको समर्थन निरन्तररूपमा बढिरहेको छ । आगामी निर्वाचन यो निबन्ध लेखिरहेको समयभन्दा दुईवर्ष पछि हुनेछ । अहिले भएका धेरैजसो सर्वेक्षणले एनडीपीले आगामी निर्वाचनमा बहुमत प्राप्त गरी सरकार गठन गर्ने सम्भावना देखाएको छ ।

## Endnotes

1 The daughter of Grant Notley.

2 In other words, those not in the cabinet

3 Many oilsands workers flew in and out of Alberta once a month to work and bring their high incomes home to their families in other provinces.

4 Other environmental actions included: phasing out coal mining; placing targets to cut methane emissions by 45 percent and adding 5,000 megawatts of renewable power and ensuring 30 percent of electricity comes from renewables by 2030.

## पाद टिप्पणी

१ ग्रान्ड नोट्लीकी छोरी

२ मन्त्रिपरिषदमा नभएकाहरूको लागि

३ बालुवामा तेल पाइने क्षेत्रमा काम गर्ने धेरै कामदारहरु अल्बर्टाबाट महिनाको एकपटक प्लेनमा घर आउजाउ गर्दथे र अन्य प्रान्तमा रहेका आफ्ना परिवारकोमा आफ्नो उच्च आम्दानी ल्याउँथे ।

४ अन्य वातावरणीय कदमहरूमा कोइला खानीलाई रोक्ने समय निर्धारण गर्ने, मिथेनको उत्सर्जनलाई ४५ प्रतिशतले घटाउने, ५,००० मेगावाट नवीकरणीय उर्जा थप्ने तथा सन् २०३० सम्ममा ३० प्रतिशत बिजुली नवीकरणीय उर्जाबाट उत्पादन गर्नुपर्ने आदि हुन् ।



# Nepali Women's Movement: Struggles and Challenges

■ Sumitra B.C.



# नेपाली महिला आन्दोलन : संघर्ष र चुनौती

■ सुमित्रा बीसी

## Introduction

The women's movement has developed into a splendid chapter in the history of Nepal's democratic movement. Nepal's women have historically been subjected to political, economic, social and cultural exploitation. For a long time, they have been fighting against feudal patriarchal power and thinking. It is said that men and women are 'two wheels of the same chariot', that is, the existence of one cannot be imagined without the other. However, in Nepali society, this analogy does not work as women have been for too long subjected to gender discrimination and unequal treatment in all spheres of life, including in politics.

From the Marxist perspective, the development of society can be observed as the primitive communism, the slave, feudal, capitalist and socialist era. Nepalis have fought against the autocratic Rana regime, the autocratic party-less Panchayat system and then the monarchy. After repeated movements, Nepal was able to bring an end to the monarchy and establish a Federal Democratic Republic. In this respect, Nepali women have played a revolutionary role in making the movement for social justice successful as well as in bringing about political transformation. The first activist in the Nepali women's movement, Yogamaya Neupane, made 268 written demands on behalf of the women's community. After the state failed to agree to any of these, she gave her life in the Arun River along with 68 other movement members on June 14, 1941. It was a historic revolt for gender equality rights. This revolt against the state will never be forgotten.

The process of organization building and development of the Nepali women's movement began in 1947. At that time, the Nepal Women's Association was established as a common body under the leadership of Mangaladevi Singh. On April 30, 1947, this body took to the streets for the first time protesting against the autocratic Rana regime. Many women leaders including Sahana and Sadhana Pradhan, who later became renowned leaders of the former NCP, were arrested during the protest as a result.

The former Nepal Communist Party (NCP) was formed on September 15, 1949 in Nepal by Pushpalal Shrestha, Narayan Vilas Joshi, Niranjan Govinda Vaidya, Nar Bahadur Karmacharya and Motidevi Shrestha. Due to the progressive inclination adopted by the former NCP, an attempt was made to



## पृष्ठभूमि

मुलुकको प्रजातान्त्रिक आन्दोलनको इतिहासमा महिला आन्दोलन एक गौरवशाली अध्यायको रूपमा विकसित भएको छ । नेपालका महिला ऐतिहासिकरूपमा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक शोषणमा पारिँदै आएका छन् । उनीहरू लामो समयदेखि सामन्ती पितृसत्तात्मक शक्ति र सोँचविरूद्ध संघर्ष गर्दै आइरहेका छन् । एउटा भनाइ नै छ – महिला र पुरूष एकै रथका दुई पाङ्ग्रा हुन् अर्थात एउटाको अभावमा अर्काको अस्तित्वको कल्पना गर्न सकिन्न । तर, यस भनाइको ठीक विपरित नेपाली समाजमा र राजनीतिमा महिलामाथि लैङ्गिक विभेद र असमान व्यवहार चाहिँ गरिँदै आएको छ ।

मार्क्सवादी दृष्टिकोणबाट हेर्दा, समाजको विकासक्रमलाई आदिम साम्यवाद, दास, सामन्ती, पुँजीवादी र समाजवादी युगका रूपमा हेर्न सकिन्छ । नेपाली जनताले एकतन्त्रीय जहानीया राणा शासन, निरङ्कुश निर्दलीय पञ्चायती व्यवस्था र राजतन्त्रसँग निरन्तर लड्दै आए । पटक-पटकको आन्दोलनपश्चात् नेपाल राजतन्त्रको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न सफल भएको छ । बिगतमा भएका राजनीतिक रूपान्तरण र सामाजिक न्यायका लागि भएका आन्दोलन सफल बनाउन नेपाली महिलाको अग्रगामी भूमिका रहेको छ । नेपाली महिला आन्दोलनकी प्रथम अभियान्ता योगमाया न्यौपानेले महिला मुक्तिका सन्दर्भमा शासकका सामु २६८ ओटा लिखित माग राखेकी थिइन् । राज्यले ती माग पूरा नगरेपछि विद्रोहस्वरूप वि.सं. १९९८ असार १ मा ६८ जना सहयोद्धासहित अरूण नदीमा समाधी लिएकी थिइन् । राज्यविरूद्ध गरिएको यो विद्रोहलाई पुस्ता-पुस्ताले सम्भिरहने छन् ।

नेपाली महिला आन्दोलनको संगठन निर्माण र विकासको क्रम वि.सं २००४ देखि सुरु भएको थियो । त्यसबेला साझा संगठनको रूपमा मंगलादेवी सिंहको अध्यक्षतामा नेपाल महिला संघको स्थापना भएको थियो । यो संगठन वि.सं. २००४ बैशाख १७ गते निरङ्कुश राणा शासनविरूद्ध नागरिक अधिकारको पक्षमा पहिलो पटक काठमाडौंको सडकमा उत्रिएका थियो । उक्त आन्दोलनमा सहाना प्रधान, साधना प्रधानलगायत नेतृत्वदायी भूमिकामा रहेका थुप्रै महिला नेता गिरफ्तारसमेत भएका थिए ।

नेपालमा वि.सं. २००६ बैशाख १० गते (१९४९ अप्रिल २२) मा नेपाल कम्युनिष्ट पार्टी गठन भयो । पुष्पलाल श्रेष्ठ, नारायण विलास जोशी, निरञ्जन गोविन्द वैद्य, नर बहादुर कर्माचार्य र मोतीदेवी श्रेष्ठले उक्त पार्टीको स्थापना गरेका थिए । नेकपाले अवलम्न गरेको प्रगतिशील झुकानका कारण महिला, दलित र पछाडि पारिएका समुदायलाई समेट्ने कोशिश भएको थियो । नेकपाले स्थापनाकालदेखि नै पार्टीका समितिमा महिलालाई पनि सहभागी गराएको देखिन्छ । सयौं महिला नेता

include women, Dalits and marginalized communities. Since its inception, the NCP have included women in their party committees. Hundreds of women worked underground and semi-underground, hiding from the Rana regime, to build organizations, and were imprisoned for party work.

## Progressive Women's Organization

Affiliated to the NCP, the All Nepal Women's Association was established in 1952 under the chairmanship of Kamakshadevi Basnet. Since its creation, this body has been raising issues of women's political, economic, social and cultural rights.

In 1960, King Mahendra banned political parties and introduced an independent Panchayat system. As a consequence, leaders and cadres of political parties were forced to go underground. However, the NCP appeared to maintain its organizational structures albeit in a restricted manner. Amidst the 'ups and downs' of the movement, it was decided to unite the Communist Party scattered across Nepal and, as a result, the CPN (Marxist-Leninist) was established on December 26, 1978. In the struggle against the oppression of the autocratic Panchayat system, the CPN-ML also expanded its organization. In particular, it adopted a policy of including workers, youth, farmers, student bodies as well as women. Based on the same policy, the All Nepal Women's Association was also reorganized on February 28, 1981.

In order to institutionalize the achievements of the 1990 democratic movement, the then CPN-UML leader, Madan Kumar Bhandari critically supported the proposed constitution with 27 points of disapproval. Although the 1990 constitution cannot be considered as gender friendly, reservations were nevertheless provided for each party to allocate five percent women candidates in subsequent parliamentary elections. This at least can be taken as a general achievement from the angle of women's overall political representation.

Since then, the Nepali women's rights have been constantly raising the issue of women's political representation. As a result, women's representation in the reconstituted parliament increased on May 18, 2006. In addition, the parliament, led by Bidyadevi Bhandari, chairperson of the All Nepal Women's Association, passed four key resolutions such as 33 percent participation of



भूमिगत र अर्ध-भूमिगत भएर संगठन निर्माणमा खटिएका थिए भने पार्टीको कामको शिलशिलामा गिरफ्तार भएर जेलसमेत परेका थिए ।

## प्रगतिशील महिला संगठन

वि.सं. २००८ मा कामाक्षदेवी बस्नेतको अध्यक्षतामा अखिल नेपाल महिला संघको स्थापना भएको थियो । यस संगठनले स्थापनाकालदेखि महिलाका राजनीतिक, आर्थिक, सामाजिक सांस्कृतिक अधिकारका मुद्दा उठाउँदै आएको थियो ।

वि.सं. २०१७ मा राजा महेन्द्रले राजनीतिक दलमाथि प्रतिबन्ध लगाएर निर्दलिय पञ्चायती व्यवस्था सुरु भएसँगै राजनीतिक दलका जनवर्गीय संगठनका नेता र कार्यकर्ता पनि भूमिगत हुन बाध्य भए । तर, नेकपाले प्रतिबन्धित अवस्थामा पनि सांगठनिक गतिविधि भने कायमै राख्यो । आन्दोलनका उतार-चढावबीच देशभर छरिएर रहेका कम्युनिष्ट पार्टीलाई एकिकृत बनाउने अठोटका साथ वि.सं. २०३५ पौष ११ मा नेकपा (मालेको) स्थापना भयो । निरङ्कुश पञ्चायती व्यवस्थाको पाशविक दमनविरूद्ध संघर्ष गर्ने क्रममा पार्टीले जनवर्गीय संगठन पनि बिस्तार गर्‍यो । नेकपा (माले)ले मजदुर, युवा, किसान, विद्यार्थी संगठनका साथै महिलाको पनि छुट्टै संगठन बनाउने नीति लियो । सोही नीतिका आधारमा वि.सं. २०३७ फागुन १७ गते अखिल नेपाल महिला संघको पुनर्गठन भयो ।

वि.सं. २०४६ आन्दोलनका उपलब्धीलाई संस्थागत गर्न प्रस्तावित संविधान, २०४७ मस्यौदाप्रति आलोचनात्मक समर्थन जनाउन नेकपा (एमाले)को तर्फबाट मदन भण्डारीले २७ बुँदामा असहमति जाहेर गरेका थिए । वि.सं. २०४७ को संविधान अपेक्षाकृत महिलामैत्री हुन सकेन तथापि हरेक पार्टीले संसदीय निर्वाचनमा ५ प्रतिशत महिला उमेद्वार दिनै पर्ने गरी आरक्षणको व्यवस्था गर्‍यो । जसलाई राजनीतिमा महिला प्रतिनिधित्वको कोणबाट सामान्य उपलब्धीको रूपमा लिन सकिन्छ ।

त्यसपछि, नेपाली महिला अधिकारले राजनीतिक प्रतिनिधित्वको मुद्दालाई निरन्तररूपमा उठाउँदै आयो । यसैको फलस्वरूप वि.सं. २०६३ जेठ ४ गते पुनःस्थापित संसदमा महिला प्रतिनिधित्व बढ्यो । यसका साथै अखिल नेपाल महिला संघकी अध्यक्ष विद्यादेवी भण्डारीको सक्रियता र महिला नेतृत्वमा पुनस्थापित संसदले राजनीतिमा महिलाको ३३ प्रतिशत सहभागिता, पैतृक सम्पत्तिमा समान अधिकार, आमाको नामबाट नागरिकता प्रदान गर्ने र लैङ्गिकरूपमा रहेका असमान कानुनको खारेजी गर्नेजस्ता महिला अधिकारसम्बन्धी चारओटा महत्वपूर्ण संकल्प प्रस्ताव पारित गर्‍यो ।

नेकपा (एमाले)ले मार्गदशक सिद्धान्त मानेको जनताको बहुदलीय जनवादले महिला अधिकारलाई प्राथमिकतामा राखेको थियो । अखिल नेपाल महिला संघसहितको

women in politics, equal rights to ancestral property, granting citizenship in the mother's name, and repealing gender-unequal laws. Certainly, women's rights were given a priority by the People's Multi-party Democracy, which is the guiding principle of the CPN-UML. As the women's movement has been demanding that women's representation be ensured in all state bodies, the 2015 Constitution has ensured 33 percent women's representation. As a result, 14,353 women won seats in 2017 local government elections. This total figure included two district coordination committee chiefs, seven mayors, 276 deputy chiefs, 11 rural municipality chairs, 424 vice chairs, 62 ward chairs, 264 open ward members, along with 6,567 Dalit women ward members and 6,742 women ward members. Similarly, in the federal parliament they currently have 40 percent representation while at the provincial assembly level they currently have 33 percent. Without douby, this level of representation has been made possible due to the constitutional system as well as the nationwide presence of the CPN-UML and the All Nepal Women's Association organizations.

Since its establishment, the All Nepal Women's Association has fought against significant discrimination, patriarchy, oppression, violence and even murder while also campaigning for the political, economic, social and cultural rights of women. It has demanded the repeal of unequal laws, equal rights over ancestral property, the right to citizenship in the name of the mother, and 50 percent representation of women across all state bodies. In fact, some of these demands were met in the adoption of the 2015 Constitution. Therefore, as a result of the women's movement, the Ministry of Women's Affairs and National Commission for Women were formed and the representation of women in the Human Rights Commission ensured. As a result, one can say that with the establishment of the republic, the women's movement, including the All Nepal Women's Association, have succeeded in reaching leadership roles at all levels of government.

### Upcoming Plans of the Women's Association

However, there are still many challenges for women to overcome in terms of attaining political leadership positions. That is why it is necessary to move forward by formulating a clear action plan to increase the number of women in political leadership roles. For this, political parties need to a clear action plan, the starting point of which has to be party membership. Therefore, parties should increase women's membership from the local level



महिला आन्दोलनले निरन्तररूपमा राज्यका हरेक निकायमा महिला प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने माग उठाउँदै आएका कारण नेपालको संविधान २०७२ ले संवैधानिकरूपमै ३३ प्रतिशत महिला प्रतिनिधित्वलाई सुनिश्चित गरेको छ । फलस्वरूप वि.सं. २०७४ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा जम्मा १४ हजार ३५३ महिला विजयी भएका छन् । यस संख्यामा दुईजना जिल्ला समन्वय समिति प्रमुख, सातजना स्थानीय नगरपालिकामा नगर प्रमुख, २७६ जना उप-प्रमुख, ११ जना गाउँपालिका अध्यक्ष, ४२४ उपाध्यक्ष, ६२ जना वडा अध्यक्ष, २६४ जना खुल्ला वडा सदस्य, ६ हजार ५६७ जना दलित महिला वडा सदस्य र ६ हजार ७४२ महिला वडा सदस्यमा निर्वाचित भएका छन् । यसैगरी संघीय संसदका दुवै सदनमा गरी ४० प्रतिशत महिला प्रतिनिधित्व रहेको छ भने प्रदेशसभाहरूमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व छ । संवैधानिक व्यवस्थाका साथै नेकपा (एमाले) र अखिल नेपाल महिला संघको देशव्यापी संगठन भएका कारण पनि संसदमा महिलाको यो प्रतिनिधित्व गराउन सहयोग भएको हो ।

अखिल नेपाल महिला संघले स्थापनाकालदेखि नै समाजमा रहेको विभेद, अन्याय अत्याचार, थिचोमिचो, हत्या, हिंसा र पितृसत्तात्मक सोंचविरूद्ध लड्दै आएको छ । यसका साथै महिलाको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारका लागि आवाज उठाउँदै आएको छ । यसका साथै असमान कानुनको खारेजी, पैतृक सम्पतिमाथि समान हक, आमाको नामबाट नागरिकता पाउने हक र राज्यमा ५० प्रतिशत महिला प्रतिनिधित्वको माग उठाउँदै आएको छ । नेपालको संविधान, २०७२ मा तीमध्ये कतिपय माग पूरा भएका छन् । महिला आन्दोलनकै कारण महिला मन्त्रालयको स्थापना भएको छ भने राष्ट्रिय महिला आयोग गठन भएको छ । यसैगरी मानव अधिकार आयोगमा पनि महिलाको प्रतिनिधित्व सुनिश्चित भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना सँगै समग्र महिला आन्दोलन र अखिल नेपाल महिला संघमा आबद्ध महिलाहरू राज्यको सबै तहको नेतृत्वमा पुग्न सफल भएका छन् ।

### महिला संघको आगामी योजना

यद्यपि, महिलालाई नेपाली राजनीतिक नेतृत्वमा पुग्न अझैं पनि थुप्रै समस्या र चुनौती छन् । त्यसैले, महिलाको राजनीतिक नेतृत्व बृद्धिका लागि स्पष्ट कार्ययोजना निर्माण गरेर अगाडि बढ्नु पर्ने हुन्छ । यसका लागि राजनीतिक दलले एउटा स्पष्ट योजनाका साथ अघि बढ्नु पर्ने हुन्छ । राजनीतिमा महिला प्रतिनिधित्वको प्रस्थानविन्दू पार्टी सदस्यताबाट सुरु हुन्छ । त्यसैले राजनीतिक पार्टीले स्थानीय तहदेखि नै महिला सदस्यता बढाउनुपर्छ । यसका लागि पार्टीका संगठन तथा समितिमा महिलाको अनिवार्य ५० प्रतिशत प्रतिनिधित्व गराइनुपर्छ । नेपालको संविधान र पार्टीको विधानमा कम्तीमा ३३ प्रतिशतको

upwards. For this, 50 percent representation of women should be ensured in all departments of the party. Although at least 33 percent women's representation has been ensured both in the Constitution and the respective party constitutions, parties must now implement these provisions in full.

Next, to increase the political leadership skills of women, political parties must free themselves from patriarchal thinking. As such, each party should formulate and implement a special plan for the development of leadership capacities among women, providing opportunities within the party for the enhancement of women's political capacities. Parties should formulate a strategy to involve greater numbers of women in various training programs with special focus placed on strengthening the political consciousness of women.

Political, economic, social and cultural discrimination against women is still prevalent in society. Such discrimination is playing a negative role in the formation of women's political leadership while also hindering their overall prosperity. Therefore, political parties should run a special program to end such discrimination. Similarly, reservation mechanisms (time limited) should be given to the women so that only women can contest elections.

Women's political, economic, socio-cultural emancipation is a key condition for women's emancipation. Therefore, it is necessary to establish the belief that it is necessary to intervene together in all sectors of society for real change to come about. This recognition should be established within each party with the appropriate programs formulated and implemented accordingly. Women's political leadership is not easily accepted in Nepal. Consequently, positive male advocates for the role of women in politics should be found and these relations further fostered.

## Conclusion

In addition, despite having ample capable women in the party, there is a tendency in the parties to not give enough opportunities to them or are hesitant to bring them into leadership roles. Such practices must end by implementing a policy of ending discrimination and inequality against women. Similarly, acknowledging the fact that the steps taken by the parties so far have proven insufficient for the empowerment of women leadership, a clear 'blueprint' for women leadership building and empowerment should be formulated and implemented by each political party.



महिलाको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । पार्टीहरूले कम्तीमा महिला प्रतिनिधित्वसम्बन्धी भएका यी व्यवस्थाको पूर्णरूपमा कार्यान्वयन गर्नुपर्छ ।

महिलाको राजनीतिक नेतृत्व बृद्धिका लागि राजनीतिक पार्टी र नेताहरू पितृसत्तात्मक सोँचबाट पूर्ण रूपमा मुक्त हुनुपर्छ । महिला राजनीतिक क्षमता बृद्धिका लागि पार्टीभित्र अवसर प्रदान गरिनुका साथै नेतृत्व क्षमता विकासका लागि पार्टी र राज्यले विशेष योजना बनाएर लागू गर्नुपर्छ । यसैगरी पार्टीले विभिन्न तालिम, प्रशिक्षण कार्यक्रममा महिलालाई विशेष प्राथमिकतासहित सहभागी गराउने रणनीति बनाउनुपर्छ जसले महिलाको राजनीतिक चेतना सशक्त बनाउन सहयोग गर्छ ।

नेपाली समाजमा महिलामाथि राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विभेद अझैं व्याप्त छन् । महिला राजनीतिक नेतृत्व निर्माणमा यस्ता विभेदले नकारात्मक भूमिका खेलिरहेको छ भने समग्रमा महिलाको समृद्धिका लागि पनि बाधा पुऱ्याइरहको छ । त्यसैले यस्ता विभेदलाई पूर्णरूपले अन्त्य पार्टीले विशेष कार्यक्रम नै सञ्चालन गर्नुपर्छ । यसैगरी महिलालाई राजनीतिक नेतृत्वमा ल्याउनका लागि निर्वाचनमा निश्चित समयको लागि महिला मात्रै प्रतिस्पर्धा गर्ने गरी आरक्षण दिइनुपर्छ ।

महिला मुक्तिका लागि महिलाको राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक मुक्ति अनिवार्य शर्त हुन् । त्यसैले महिला मुक्तिका लागि समग्र क्षेत्रमा सँगसँगै हस्तक्षेप गर्न जरूरी छ भन्ने मान्यता स्थापित गर्न आवश्यक छ । यो मान्यता हरेक पार्टीभित्र स्थापित गर्ने र सोहीअनुरूपका कार्यक्रम निर्माण गरी लागू गरिनुपर्छ । नेपाली राजनीतिमा महिला नेतृत्वलाई सहजै स्वीकार गरिँदैन । त्यसैले, महिलाका लागि सकारात्मक अवाज उठाउने पुरूष अभियन्ताहरूको पहिचान गर्दै यस्ता राजनीतिक सम्बन्धहरूलाई अझ परिस्कृत गर्दै लैजानुपर्छ ।

## निष्कर्ष

यसका साथै पार्टीमा योग्य र क्षमतावान महिला प्रशस्त हुँदाहुँदै पनि उनीहरूलाई पर्याप्त अवसर नदिने वा नेतृत्वमा पुऱ्याउन हिच्किचाउने प्रवृत्ति छ । यस्ता खालका अभ्यासलाई पार्टीहरूले पूर्ण रूपमा अन्त्य गर्नुपर्छ भने महिलामाथि हुने विभेद र असमानताको अन्त्य गर्ने नीतिलाई पार्टीमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ । यसैगरी अहिलेसम्म महिला नेतृत्वको सशक्तिकरणका लागि पार्टीले चालेका कदम अपर्याप्त छन् भन्ने तथ्यलाई स्वीकार गर्दै महिला नेतृत्व निर्माण र सशक्तिकरणको स्पष्ट खाका निर्माण गरी हरेक राजनीतिक दलले कार्यान्वयन गर्नुपर्छ ।

# A QUESTION OF INTERNAL POLITICAL PARTY REFORM

**National Democratic Institute for International Affairs (NDI)**
455 Massachusetts Avenue NW, 8th Floor, Washington DC 20001-2621

**NDI Nepal**
Continental Center, 4th Floor, Uttar Dhoka Sadak,
Gairidhara-2, Kathmandu